# अध्याय - एक

# शोध परिचय

## १.१ शोधशीर्षक

यस शोधको शीर्षक **'कक्षा ६ का हाम्रो नेपाली किताब र  नयाँ नेपाली शृङ्खलाभित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन'** रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोध त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग स्नातकोत्तर तह (एम्. एड्.) द्वितीय वर्षको ने.पा.शि ५९८ पाठ्यांशको प्रयोजनका निम्ति तयार पारिएको छ ।

## १.३ विषय परिचय

विचार विनिमयको एक मात्र साधन भाषा भएकोले मानव सभ्यता, संस्कृति र परम्पराको संरक्षण हुँदै आएको छ । नेपाली भाषा राष्ट्रभाषा, सम्पर्कभाषा, मानक भाषा तथा पठनपाठनका लागि संवैधानिक मान्यता प्राप्त साझा भाषा हो । नेपालका सन्दर्भमा मातृभाषामा शिक्षा दिने अनुमति प्राप्त विद्यालयहरू ज्यादै न्यून छन् । ती बाहेकका सम्पूर्ण सरकारी विद्यालयहरूमा औपचारिक रूपमा नेपाली भाषालाई नै माध्यम भाषाका रूपमा प्रयोग गरिँदै आएको छ । नेपाली भाषालाई प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहमा अनिवार्य र उच्च माध्यमिक तहमा अनिवार्य तथा ऐच्छिक विषयका रूपमा पठनपाठन गरिनुले नेपाली भाषाको गरिमा झल्किन्छ ।

हाम्रो देश नेपालमा सरकारी र निजी गरी दुई किसिमका विद्यालयहरू सञ्चालित भएकाले पठनपाठनका लागि सरकारी र निजी स्तरबाट एउटै पाठ्यक्रमका आधारमा भिन्नाभिन्नै पाठ्यपुस्तकहरू निर्माण गरी प्रयोग गर्ने गरिएको छ । सरकारी विद्यालय तथा केही निजी विद्यालयहरूमा नेपाल सरकारद्वारा निर्मित भाषापाठ्यपुस्तकहरू प्रयोगमा ल्याइएका छन् भने निजी स्तरमा सञ्चालित अधिकांश विद्यालयहरूमा विभिन्न लेखक, सम्पादक र प्रकाशकबाट प्रकाशित पाठ्यसामग्रीहरू प्रयोग गरिएको पाइन्छ ।

भाषा शिक्षण भाषाको सैद्धान्तिक अध्ययन भन्दा प्रायोगिक अध्ययनलाई बढी जोड दिने विषय भएकोले विद्यालय तहमा यसको उद्देश्य भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) सँग सम्बन्धित हुन्छ । भाषिक सीपको विकासका लागि भाषिक उद्देश्यअनुसार पाठ्यपुस्तकभित्र विभिन्न विधा तथा उपविधाको समायोजन गरी 'मेरो नेपाली किताब', 'हाम्रो नेपाली किताब', 'मेरो नेपाली माला', 'सरल नेपाली शृङ्खला' जस्ता भाषा पाठ्यपुस्तकहरू उपयोगमा ल्याइएका पाइन्छन् ।

प्रस्तुत शोधको अध्ययन एउटै कक्षाका एउटै समयका फरक फरक पाठ्यपुस्तकभित्र समावेश भएका रूपक विधाको तुलनात्मक अध्ययनसँग सम्बन्धित रहको छ । निम्नमाध्यमिक तह कक्षा ६ को सरकारी स्तरको 'हाम्रो नेपाली किताब' नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट प्रकाशित गरी २०६३ मा पुनः मुद्रण गरिएको छ भने निजी स्तरको 'नयाँ नेपाली शृङ्खला' डा. महादेव अवस्थी, पारसमणि भण्डारी, लेखराज खतिवडा र दुर्गाप्रसाद नेपालको लेखन तथा सम्पादनमा एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. थापाथली काठमाडौँले पहिलो संस्करण २०५९ मा प्रकाशित गरेको छ । यिनै पुस्तकहरूमा समावेश भएको रूपक विधाभित्रका विभिन्न पाठहरूको भाषिक सीप, पाठको स्तरीयता तथा उपयुक्तता र भाषिक उद्देश्यका आधारमा व्याख्या विश्लेषण गरी दुवै भाषा पाठ्यपुस्तकका सवल तथा दुर्वल पक्षको जानकारी गराउनु र उपयुक्त सुझाव सल्लाह दिनु यस शोधको मुख्य अभिप्राय रहेको छ ।

## १.४ समस्याकथन

यस शोधमा देहायका उल्लेखित बुँदाहरूलाई समस्याका रूपमा लिइएको छ -

क) भाषा पाठ्यक्रमको उद्देश्यअनुरूप भाषा पाठ्यपुस्तकमा रूपक राखिएको छ, छैन?

ख) भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई पाठ्यपुस्तकमध्ये कुन चाहिँ बढी उपयोगी छ ?

ग) 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समावेश भएका रूपक विधाका सवल र दुर्वल पक्ष के के हुन् ?

## १.५ शोधका उद्देश्यहरू

प्रस्तुत शोधपत्र निम्नलिखित उद्देश्यमा केन्द्रित रहेको छ -

क) भाषा पाठ्यक्रमका उद्देश्यका आधारमा उक्त दुई भाषा पाठ्यपुस्तकहरूमा समावेश भएका रूपक विधाको उपयुक्तताको विश्लेषण गर्नु,

ख) भाषिक सीप आर्जनका दृष्टिले उक्त दुई भाषापाठ्यपुस्तकहरू मध्ये कुन चाहिँ बढी उपयोगी छ भन्ने कुरा पत्ता लगाउनु,

ग) 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समावेश भएका रूपक विधाका पाठहरूको तुलनात्मक विश्लेषण गरी सवल र दुर्वल पक्षका बारेमा जानकारी दिई उपयुक्त सुझाव दिनु ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यका विभिन्न विधाहरूमध्ये रूपक पनि एक महत्वपूर्ण विधा हो । भाषा आर्जनका लागि रूपक प्रमुख विधा मानिन्छ । यस विधाका बारेमा थुप्रै लेखक तथा समीक्षकहरूले चर्चा परिचर्चा गरेका छन् । विद्यालय तहमा राखिएका भाषापाठ्यपुस्तकहरूमा कविता, कथा, निबन्ध, प्रबन्ध, जीवनी, चिठी, नमुना अभ्यास तथा भाषिक सामर्थ्य जस्ता विषयहरूमा शोध तयार पार्ने शोधार्थीहरूले अनुसन्धान गरेका छन् तर रूपक विधामा भने शोध तयार गर्नेको सङ्ख्या ज्यादै न्यून छ । डा. पारसमणि भण्डारीद्वारा लेखिएको स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण (२०६३) पुस्तकभित्र समाविष्ट २७१ वटा शोध विवरणमा महेन्द्ररत्न क्याम्पसबाट देवेन्द्रराम खनालको **'कक्षा ८ को हाम्रो नेपाली किताबमा प्रयुक्त रूपक विधाको विश्लेषण' (२०५७)** शीर्षकको एक मात्र रूपक विधासँग सम्बन्धित शोधपत्र देखिएको छ । उक्त शोधपत्रमा रूपक विधाको सैद्धान्तिक आधारमा पाठहरूको व्याख्या विश्लेषण गर्दै सवल र दुर्वल पक्षको जानकारी गराइएको छ ।

रामप्रसाद खनालको **'माध्यमिक तहका पुरानो पाठ्पुस्तक महेन्द्रमाला र हालको नेपाली पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन' (२०५५)** नामक शोधपत्रमा एकै कक्षाका अलग अलग समयका पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरिएको

पाइन्छ । यस शोधपत्रमा नयाँ र पुरानो किताबभित्र समावेश भएका रूपक विधाको समानता, भिन्नता, नमुना अभ्यासको सान्दर्भिकता आदिका बारेमा जानकारी दिएको छ ।

सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङबाट दुर्गाप्रसाद गौतमको **'कक्षा ७ का हाम्रो नेपाली किताब र मेरो नेपाली माला'** (२०६५) नामक शोधपत्रमा पाठ्यक्रमका उद्देश्का आधारमा रूपक विधाको विश्लेषण गरिएको देखिन्छ । यस शोधपत्रमा उद्देश्यका आधारमा पाठको विश्लेषण गर्दै उपयुक्तता र सबल दुर्बल पक्षको जानकारी गराइएको छ ।

रूपक विधालाई विशेष महŒव दिदै प्रा. डा. हेमाङ्गराज अधिकारीद्वारा लिखित **'नेपाली भाषा शिक्षण'** (२०३९) पुस्तकमा विद्यालय तहमा रूपक विधाको शिक्षणको औचित्य र बालबालिकाको भाषिक सीप विकासमा रूपक विधाको चर्चा गरिएको छ । त्यसै गरी डिल्लीराम रिमालद्वारा लेखिएको **नेपाली शिक्षण** (२०५२) पुस्तकमा रूपक शिक्षणको प्रयोजन, कार्यकलाप र शिक्षण विधिका बारेमा चर्चा गरिएको छ । प्रा.डा. हेमाङ्गराज अधिकारी र प्रा.डा. केदारप्रसाद शर्माद्वारा लिखित **प्रारम्भिक नेपाली शिक्षण** (२०५५) पुस्तकमा "मौखिक भाषाको जीवन्तता अनुसारको भाषा प्रयोग गर्ने क्षमताको विकास गर्नु नै रूपक विधाको मुख्य प्रयोजन हो" भनिएको छ ।

यसरी रूपक विधाको सन्दर्भमा यस अघिका केही शोधकर्ताहरूले अनुसन्धान गरी यसका बारेमा चर्चा परिचर्चा गरिएको भएतापनि निम्न माध्यमिक तहमा तुलनात्मक रूपमा एउटै कक्षाको एउटै समयका दुई सरकारी र निजी विद्यालयका पाठ्यपुस्तकभित्रको रूपक विधामा दुर्गाप्रसाद गौतमको **'कक्षा ७ का हाम्रो नेपाली किताब र मेरो नेपाली माला' मा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन** बाहेक शोध गरिएको पाइँदैन । पूर्व अध्येताका अध्ययनका सबल र दुर्बल पक्षका पृष्ठभूमिमा रहेर यस अध्ययनबाट वर्तमान सन्दर्भमा सरकारी र निजी स्तरका एकै कक्षाका अलग अलग भाषापाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन विश्लेषण गरी कुन पाठ्यपुस्तक चाहिँ बढी स्तरीय, उपयुक्त र भाषिक सीप आर्जनका लागि सफल छ भन्ने कुराको जानकारी दिँदै पाठ्यपुस्तकका सबल र दुर्बल पक्षका बारेमा सुझाव दिन सफल हुनेछ भन्ने निष्कर्ष निकालिएको छ ।

## १.७ शोधकार्यको औचित्य

वर्तमान सन्दर्भमा हाम्रो देश नेपालमा सामुदायिक र संस्थागत गरी दुई किसिमका विद्यालयहरू छन् । ती विद्यालयहरूमा एउटै पाठ्यक्रममा आधारित भिन्न-भिन्न खालका पाठ्यपुस्तकहरू प्रयोग हुँदै आएको अवस्था छ । पाठ्क्रम युगको आकाङ्क्षा, समाजको माग, सिकारुको चाहना र समकालीन समाजको आवश्यकता परिपूर्तिका लागि निर्माण गरिन्छ । यसै सन्दर्भमा यी पाठ्यपुस्तकहरूमा रूपक विधासँग सम्बन्धित विषयवस्तुहरू कुन बढी सान्दर्भिकता, उपयोगी, स्तरीय, समयसापेक्ष एवं पाठ्यक्रमले अपेक्षा गरेका भाषिक र विषगत उद्देश्यहरू प्राप्त गर्न सफल छन् भन्ने कुरालाई यस अध्ययनले अगाडि ल्याउने भएकोले पूववर्ती अध्येताहरूलाई पनि यस किसिमको अध्ययन गर्नका लागि र स्वयं भाषा पाठ्यपुस्तकका निर्माण र विकासका लागि यो अध्ययन उपयोगी हुने भएकाले प्रस्तुत अनुसन्धान स्वतः औचित्यपूर्ण हुने देखिन्छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

प्रस्तुत अनुसन्धान निम्न माध्यमिक तह **कक्षा ६ का 'हाम्रो नेपाली किताब'** र **'नयाँ नेपाली शृङ्खला'** भित्र समावेश भएका रूपक विधाका पाठहरूको व्याख्या, विश्लेषण आदिमा सीमित रहेको छ । यस अध्ययनमा यी दुई पाठ्यपुस्तकमा समावेश भएका रूपक विधाहरूको तुलनात्मक अध्ययन गरी भाषिक सीप आर्जनका लागि कुन पाठ्यपुस्तक बढी उपयोगी छ भन्ने कुराको विश्लेषण गरिएको छ । यस बाहेकका अन्य सबै पक्षहरू यसका सीमा रहेका छन् ।

## १.९ अध्ययन विधि/शोध विधि

प्रस्तुत शोध तयार गर्नका लागि निम्न किसिमका अध्ययन विधिहरू अपनाइएका छन् -

### १.९.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोध तयार गर्नका लागि निजी तथा सामुदायिक विद्यालयमा कक्षा ६ मा रूपक विधाको अध्यापन गराइरहेका शिक्षक, उनीहरूका रूपक शिक्षणसँग सम्बन्धित कार्यकलापको स्थलगत अध्ययन गरिएको छ साथै नमुना प्रश्नपत्र बनाइ 'नयाँ नेपाली

शृङ्खला' र 'मेरो नेपाली किताब' पढाउने शिक्षकहरूबाट जानकारी लिइ प्रयोगात्मक प्रक्रियालाई मूलरूपमा अपनाइएको छ साथै पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यसका अतिरिक्त भाषा पाठ्यपुस्तक पढाइरहेका शिक्षकहरूका सुझाव सल्लाह र सम्भव भएसम्म भाषा पाठ्यपुस्तक निर्माणसँग सम्बन्धित विशेषज्ञहरूका निष्कर्षहरूलाई पनि यस अध्ययनमा समावेश गरिएको छ ।

### १.९.२ अध्ययन विश्लेषण विधि

यस अध्ययनमा सामग्रीहरूको विश्लेषणका लागि रूपक विधाको शिक्षणसँग सम्बन्धित कार्यकलापलाई मूल आधार मानिएको छ । यसका अतिरिक्त आवश्यकताअनुसार तुलनात्मक, वर्णनात्मक, तालिकीकरण, साङ्ख्यिकीकरण जस्ता विधिहरूको पनि प्रयोग गरिएको छ ।

## १.१० शोधको रूपरेखा / अध्याय विभाजन

प्रस्तुत शोधलाई निम्नानुसारका अध्यायमा प्रबन्धन गरिएको छ-

अध्याय - १ - शोध परिचय

अध्याय - २ - रूपक विधाको सैद्धान्तिक परिचय

अध्याय - ३ - पाठ्यक्रमको परिचय तथा निम्न माध्यमिक तह कक्षा ६ नेपाली भाषा पाठ्यक्रम

अध्याय - ४ - कक्षा ६ का 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भाषापाठ्पुस्तकमा रूपक विधाका पाठ्यसामग्रीको तुलनात्मक अध्ययन

अध्याय - ५ - उपसंहार तथा निष्कर्ष

# अध्याय - दुई

# रूपक शिक्षणको सैद्धान्तिक परिचय

## २.१ रूपक विधाको परिचय

रूपक शब्द संस्कृत तत्सम शब्द हो । 'रूप' धातुमा 'ण्लुव' प्रत्ययको योगबाट रूपक शब्दको निर्माण भएको हो । कसैको रूपको आरोप गर्नु नै रूपक हो । (थापा, २०५० : ६३) अर्को शब्दमा भन्ने हो भने अनुकार्यको अनुकर्तामा आरोप गर्नु नै रूपक हो ।

साहित्यका विविध विधाहरूमध्ये रूपकलाई पनि एउटा छुट्टै विधाको रूपमा लिइन्छ । सहित्यको श्रव्य र दृश्य भेदमध्ये रूपक दृश्य भेदमा पर्दछ । नटनटीले नायिकाका स्वरूपको अनुकरण गर्दै तिनका विभिन्न शारीरिक, मानसिक अवस्था र कार्यको अनुकरण अभिनयात्मक रूपमा प्रस्तुत गर्ने हुनाले दृश्यकाव्यको समष्टिलाई रूपक भन्नु उचित देखिन्छ । भरतमुनिको नाट्यशास्त्रमा रूपकका दशभेद हुन्छन् भनिएको छ । साहित्य दर्पणकार विश्वनाथले 'साहित्य दर्पण' भन्ने ग्रन्थमा 'तद्रूपारोपात्तु रूपकम्' भनिएको छ, जसको अर्थ दृश्यकाव्यमा अभिनेता अभिनेतृमा रामादि र सीतादि नायक-नायिकाका रूपको आरोप गरिने हुनाले यसलाई रूपक भनिन्छ (उपाध्याय, २०२६ : ७६) । रूपकलाई दशभेद र अठार उपभेदमा विभाजन गरिएको पाइन्छ । रूपकका दश भेदमा नाटक प्रकरण, भाण, व्यायोग, समवकार, डिम, ईहामृग, अङ्क, वीथी र प्रहसन पर्दछन् । त्यसैगरी अठार उपभेदमा नाटिक, त्रोटक, गोष्ठी , सट्टक, नाट्यशसक, प्रस्थानक, उल्लाप्य, काव्य, प्रेङ्खण, रासक संलापक, श्रीगदित, शिल्पक, विलासिका, दुर्मल्लिका, प्रकरणिका, हल्लीश र भाणिका पर्दछन् (उपाध्याय, २०२६ : ७६) ।

रूपकलाई विभिन्न विद्वान्हरूले आ-आफ्नै किसिमले परिभाषित गरेको पाइन्छ । साहित्य दर्पणमा विश्वनाथले "तद्रूपारोपात्तु रूपकम्" अर्थात् दृश्यकाव्यमा अभिनेता अभिनेत्रीमा रामादि र सीतादि नायक नायिकाका रूपको आरोप गरिने हुनाले यसलाई रूपक भन्दछन् । जसरी मुख आदिमा कमल, चन्द्र, आदिको आरोप 'रूपक' कहिन्छ, त्यसैगरी नटकादिमा आरोप रूपक कहिन्छ" भनेका छन् भने हेमाङ्गराज अधिकारीले अर्काको व्यवहार, आनीबानी, रूपाकृति, स्वभाव, एवम् चारित्रिक विशेषताहरूको दृश्यश्रव्यात्मक रूपमा

आरोपित वा अभिनयात्मक प्रस्तुतिलाई रूपक भनेका छन् । त्यसैगरी धनञ्जयले नायक नायिकाको अवस्था , आन्तरिक भाव एवम् बाह्‌य चेष्टाको अनुकरण नै नाटक हो भनेका छन् भने कसैको रूपको आरोप गर्नु नै रूपक हो भन्ने धारणा मोहन हिमांशु थापाको रहेको छ । रा. शि. प. यो. २०२८ का अनुसार रूपक भन्नाले कुनै कथावस्तु, विषयवस्तु वा घटनालाई बोली तथा हाउभाउद्वारा प्रदर्शन गरिने गरी तयार पारिएको रचना भन्ने बुझिन्छ ।

यसरी उपर्युक्त परिभाषालाई दृष्टिगत गर्दा अभिनेता वा अभिनेत्रीमा अरू कसैको व्यवहार, स्वभाव, बानीको आरोप गरिनुलाई रूपक भनिन्छ । रूपकको स्थानमा 'नाट्‌य' को प्रयोग भएको पनि पाइन्छ ; तर नाम जे भए पनि सरस समुचित रचनाले भावुकहरूको हृदय रसाउने काममा कुनै कसर राख्दैन तत्परता देखाउँछ ।

रूपक विधाले मूलतः मौखिक अभिव्यक्तिगत विशेषताहरूको प्रतिनिधित्व गर्दछ । अर्काको व्यवहार, आनीबानी, रूपाकृति, स्वभाव एवम् चारित्रिक विशेषताहरूको दृश्य श्रव्यात्मक रूपमा आरोपित वा अभिनयात्मक प्रस्तुति नै रूपक हो । रूपक कथ्य भाषासँग सम्बन्धित विधा भएकोले मौखिक अभिव्यक्तिका माध्यमले आफ्ना भावना संवेग तथा विचारको प्रभावपूर्ण आत्मप्रदर्शनमा अभ्यस्त हुन उक्त विधालाई उपयोगी बनाउन सकिन्छ । रूपकमा पात्र तथा चरित्र र प्रसङ्ग अनुसार भाषा प्रयोगको औचित्यलाई विशेष ख्याल गरिन्छ । मानवका विभिन्न किसिमका स्वभाव र स्वभावजन्य क्रियाकलापको प्रस्तुति यसको मुख्य विषय भएकोले यसमा भाषिक पक्षमात्र सङ्लग्न नभई भाषिकेतर (हाउभाउ, अङ्ग सञ्चालन र मुखमुद्रा आदि) पक्षको पनि प्रसङ्गअनुरूप अभिव्यक्ति महत्वपूर्ण बन्दछ । वास्तवमा अर्काको आनीबानी, बोलीबचनको दुरुस्त अनुसरण गर्ने क्षमताको विकासका साथै आफ्नो मनोभावलाई सजीव एवम् प्रभावशाली रूपमा प्रस्तुत गर्न श्रोता वा प्रसङ्ग अनुसारको भाषा प्रयोग गर्ने क्षमताको विकास गर्न पनि रूपकलाई उपयोगी बनाउन सकिन्छ । कथ्य भाषाको जीवन्तताको बोध र सो अनुरूप जीवन्त भाषाको प्रयोग गर्ने क्षमताको विकास गर्न सहायक हुन रूपक विधाको मुख्य प्रयोजन अन्तर्गत पर्दछ ।

भाषा पाठ्यक्रममा रूपक विधाअन्तर्गत नाटक, एकाङ्की, वादविवाद, मनोवाद, संवाद, वक्तृता आदि विधाहरूलाई समावेश गरिएको छ । मौखिक अभिव्यक्तिको क्रममा उक्त उपविधाहरूले बेग्लाबेग्लै अभिव्यक्तिगत पक्ष तथा शिल्पलाई सङ्केत गर्ने हुनाले यहाँ सङ्क्षेपमा चर्चा गरिएको छ ।

## २.२ नाटक

नाटक संस्कृत तत्सम शब्द हो । संस्कृत भाषाको 'नट' धातुमा 'ण्लुव' प्रत्यय लागेर त्यसको स्थानमा 'अक्' आदेश भई 'नाटक' शब्द बनेको छ । नाटक शब्दले अभिनेयात्मकतालाई मुख्य रूपमा प्रकटित गर्ने हुनाले यो दृश्यकाव्य अन्तर्गत पर्दछ । अङ्ग्रेजी भाषामा नाटकलाई 'Drama' भनिन्छ । अंग्रेजी भाषाको Drama शब्द ग्रिसेली भाषाको 'Dram' धातुबाट बनेको मानिन्छ । 'Dram' को अर्थ अभिनय, अनुकृति वा अनुकरण हुन्छ । त्यसैले Drama को नेपाली अनुवाद पनि नाटक हुन आउँछ । पूर्वीय परम्परामा दृश्यकाव्य अन्तर्गत पर्ने नाटकको मूल स्वरूप अभिनेयात्मकता नै हो । त्यसैले साहित्यका विभिन्न विधाहरूमध्ये नाटक सर्वप्राचीन विधा हो भन्ने कुरामा पूर्वीय र पश्चिमेली विद्वान्हरू दुवै सहमत छन् ।

### २.२.१ पूर्वीय एवं पाश्चात्य विद्वान्का भनाइमा नाटक

नाटकका सम्बन्धमा विभिन्न पूर्वीय एवम् पाश्चात्य विद्वानहरूले आ-आफ्नै धारणा प्रस्तुत गरेका छन् । आचार्य भरतमुनिले तीनवटै लोकको भावको अनुकरण नै नाटक हो भनेका छन् भने आचार्य धनञ्जयले विभिन्न अवस्थाहरूको अनुकरण नै नाटक हो भनेका छन् । त्यसैगरी वामनका अनुसार नाटक चित्रपटझैँ समस्त विशेषताले भरिएको चित्रविचित्रको हुन्छ अर्थात् दृश्य विधान, गति, अभिनय आदि एवम् रङ्ग प्रशाधनहरूले परिपूर्ण भएको हुनाले नाटक चमत्कारपूर्ण र आनन्ददायी हुन्छ भन्ने धारणा प्रस्तुत गरेका छन् भने महाकवि कालिदासले नाटकमा सत्व, रज, तम तीनैवटा गुणको समावेश हुन्छ । अतएव विभिन्न रूचि भएका मानिसहरूलाई समान रूपले आनन्द दिने एक मात्र माध्यम नाटक हो भनेका छन् । पाश्चात्य साहित्यकार हड्सनले नाटकलाई सम्वादका माध्यमबाट चरित्र र कार्यको अभिनय प्रस्तुत गरिने कलाका रूपमा प्रस्तुत गरेका छन् भने नाटकले जीवनको अनुकरण गर्दछ र त्यो वर्णनात्मक नभएर अभिनयात्मक हुन्छ भन्ने धारणा अरस्तुको रहेको छ । अर्का पाश्चात्य साहित्यकार सिसेरोका अनुसार नाटक मानव जीवनको अनुकरण र रीतिहरूको दर्पण हो भने भिक्टर ह्युगोका अनुसार नाटक प्रकृति प्रतिबिम्बित हुने दर्पण हो । नाटकको परिभाषा दिने क्रममा बालचन्द्र शर्माले नाटक अभिनेताहरूले भेषभूषामा रही हाउभाउ र कथोपकथनद्वारा रङ्गमञ्चमा प्रस्तुत गरिने चरित्र, कथावस्तु आदिको प्रदर्शन हो भनेका छन् । त्यसैगरी नेपाली साहित्यकार केशवप्रसाद उपाध्यायले

नाटक देश, काल, वातावरण विशेषसित सम्बन्धित नरनारीको जीवनलाई अभिनेता अभिनेत्रीहरूद्वारा वार्तालाप र कार्यका भरमा अभिनय गरी देखाउने कला हो भन्ने धारणा राखेका छन् ।

यसरी पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले नाटकको परिभाषा आ-आफ्नै ढाँचामा दिएको भएपनि पश्चिममा वर्णन गरिएको अनुकरणमूलकता पूर्वको अभिनय सम्बन्धी मान्यतासँग मिलेको देखिन्छ । त्यसैले नाटक भन्नाले अनुकरण र अभिनयले युक्त रसभावपूर्ण संवादात्मक काव्य रचना भन्ने बुझिन्छ । यसमा अङ्क-दृश्यको विभाजन पनि हुन्छ । आधुनिक सन्दर्भमा नाटक सिङ्गो जीवनको अभिव्यक्ति हो जसलाई पाठ्य र अभिनय एवम् मञ्चीय रूपमा प्रस्तुत गरिएको हुन्छ । नाटकको निर्माण कथानक, चलचित्र, परिवेश, संवाद, विचार आदि तत्त्वहरूको संयोगबाट हुने देखिन्छ ।

## २.३ एकाङ्की

एकाङ्की शब्दको निर्माण 'एक+अङ्की' बाट भएको पाइन्छ । यो एकै अङ्कमा बाँधिएको हुनु पर्दछ । अभिनयको दृष्टिले यो संवाद र विवाद भन्दा अझ विशिष्ट, प्रभावकारी र विविधतापूर्ण हुन्छ (अधिकारी, २०४६ : १९१) । विद्यालयमा एकाङ्कीको अध्ययन गराउनुको खास प्रयोजन विद्यार्थीहरूलाई नाटकीय अभिव्यक्ति प्रणालीमा अभ्यस्त बनाई यथार्थरूपमा नाटकीकरण गर्न सक्षम गराउनु तथा मौखिक भाषाको अभिव्यक्ति गर्न सहयोग पुऱ्याउनु हो । एकाङ्कीबाट चारित्रिक भूमिका निर्वाह गर्नका लागि सूक्ष्म ज्ञान प्राप्त हुन्छ । यसबाट व्यावहारिक सीप तथा ज्ञान समेत प्राप्त हुनेहुँदा आनन्दानुभूतिको अनुभव गर्न सकिन्छ । एकाङ्कीको माध्यमबाट भाषागत दक्षता प्राप्त गर्न हाउभाउ सहित चरित्र अनुसार भाषाको प्रयोग गर्न समेत सकिने भएको हुनाले विद्यालय तहमा विद्यार्थीहरूका लागि यो उपयोगी ठहरिन्छ । संस्कृतमा भास्को समयदेखि नै एकाङ्की लेखन परम्परा रहेको पाइन्छ । संस्कृत साहित्यमा रूपकअन्तरगतका अङ्क, भाण, व्यायोग, वीथी, प्रहसन र उपरूपकअन्तरगतका गोष्ठी, नाट्यपरसक, उलाप्य, काव्य, विलासिका, हल्शीस आदि एकाङ्कीका समकक्षी मानिएका हुन् (उपाध्याय २०५२ : ११८) ।

### २.३.१ एकाङ्कीको परिभाषा

एकाङ्कीका बारेमा विभिन्न विद्वानहरूले आ-आफ्नै धारणा अघि सारेका छन् । वाल्टर रिचर्ड एटनले आफ्नो प्रकृति र माध्यमको कठोर नियन्त्रणले गर्दा एउटै घटना वा स्थितिमा एकाङकीले विकसित रूप लिन्छ भनेका छन् भने अर्का विद्वान सिड्नी बक्सले एकाङ्कीले कुनै एक विशिष्ट प्रभाव उत्पन्न गर्नुपर्छ यसमा एउटै स्थिति हुनु पर्दछ र यसको उद्देश्य कुनै एक पात्र वा पात्र समूहको कार्यक्रममा केन्द्रित हुन्छ भनेका छन् । त्यसैगरी डा. नगेन्द्रका अनुसार एकाङ्कीमा जीवनको क्रमवद्ध विवेचना नभएर खाली एउटा समस्या, एउटा महत्त्वपूर्ण घटना, एउटा विशेष परिस्थिति वा कुनै एक उद्दीप्त क्षणको चित्रण मात्र हुन्छ । एकाङ्कीको परिभाषा गर्ने क्रममा नेपाली साहित्यकारहरूले पनि आ-आफ्ना धारणा राखेका छन् । बालकृष्ण समले एकाङ्कीमा एउटै विषय, एउटै समय र एउटै अङ्कका दृश्य हुनु आवश्यक छ । ............ यो घोडा दौडेको एक दौड जस्तो हो, जसमा विश्राम हुनु हुँदैन भनेका छन् भने केशवप्रसाद उपाध्यायले यो नाटककै समरूप तर नाटकभन्दा सानो एक विशिष्ट प्रकारको नाट्य रूप हो जसमा नाटकमा जस्तो सिङ्गो जीवनको चित्रण नभई जीवन वा परिस्थितिको एक विशेष क्षण वा घटनाको चित्रण हुन्छ भनेका छन् ।

उपर्युक्त विभिन्न विद्वान्हरूका परिभाषालाई हेर्दा एकाङ्की भनेको एकै अङ्क, एकै दृश्य र थोरै चरित्रद्वारा संरचित, संक्षिप्त र सीमित आकारमा निर्माण गरिएको जीवन र जगत्को एक पक्षीय चित्रण हो, जुन संवादात्मक र अभिनेयात्मक प्रस्तुतिका साथ मञ्चन गरिन्छ । एकाङ्कीमा पनि कथानक, चरित्र, वातावरण, संवाद, विचार आदि तत्त्वहरू हुन्छन् ।

## २.४ मनोवाद

व्यक्तिले आफ्नो मनमा केही कुरा खेलाएर मनमनै गुनगुनाउने काम स्वगतकथन एकालाप अर्थात् त्यस्तो वातालापीय साहित्यिक रचनालाई मनोवाद भनिन्छ । मनोवादलाई एकालाप वा स्वगतकथन पनि भनिन्छ । यसमा दोस्रो व्यक्ति उपस्थित हुनु आवश्यक पर्दैन र आफू एक्लै कुनै खास कारणले मनमा कुरा खेलाउने, भुतभुताउने, छटपटिने आदि गरिन्छ । यस प्रकारको मूल अभिनयबाट विद्यार्थीहरूमा कुनै खास घटनाको आफैंले अनुभव गर्ने र अभिनयात्मक ढङ्गले व्यक्त गर्ने क्षमताको विकास गराउने भएकाले यसको अपरिहार्यतालाई स्वीकार गरिएको पाइन्छ (अधिकारी, २०४६ : १९१) ।

मनोवादमा मूक अभिनयको उच्चतम् अपेक्षा रहन्छ । यदि मनोवादमा यस्तो अभिनय नहुने हो भने मनोवाद पनि रूपकका अन्य भेद एकाङ्की र संवाद जस्तै हुन पुग्दछन् । यसमा खास प्रसङ्ग वा घटनाका कारण व्यक्तिमा मनमा उत्पन्न हुने क्रियाप्रतिक्रिया वा संवेगात्मक उतारचढाव र अनुभूतिलाई प्रकट गर्ने पात्रका हाउभाउ, आङ्गिक चेष्टा, मुखमुद्रा, नाटकीकरण आदिको अपरिहार्यता रहन्छ । यसका लागि अभिनयात्मक विषयवस्तु मात्र प्रभावकारी एवम् उपयोगी मानिन्छन् ।

भाषाशिक्षणमा मनोवादको मुख्य प्रयोजन कथ्य भाषामा जोड दिनु भए तापनि पाठ्यक्रमले यसका माध्यमबाट लेख्य सीपको विकास गराउँदै अभिनेयात्मक मौखिक अभ्यासका साथै शब्दार्थ, शब्दप्रयोग, भाषातत्त्व, प्रश्नोत्तर जस्ता सिर्जनात्मक पक्षमा समेत अभ्यास गराउन जोड दिएको छ । वर्तमान सन्दर्भमा नेपाली भाषापाठ्क्रमले माध्यमिक तहमा मनोवाद समावेश गरिएको भए पनि निम्न माध्यमिक तहमा मनोवाद समाविष्ट गरेको पाइदैन । मनोवादमा विषयवस्तु, पात्र, परिवेश, संवेग, द्वन्द्व जस्ता संरचकघटक रहेका हुन्छन् ।

## २.५ संवाद

वक्ता र श्रोताबीचको कुराकानी वा वार्तालापलाई संवाद भनिन्छ । संवादलाई नियन्त्रित विषयवस्तुहरू वा परिस्थितिमा गरिने दुई वा सो भन्दा बढी पक्षका बीचको कुराकानी, वार्तालाप, सान्दर्भिक गफ, कथोपकथन वा वार्ता पनि भन्न सकिन्छ । पात्रहरू बीचको एक आपसमा गरिने कुराकानी, वातचित, वार्तालाप, वहस, तर्क, सन्देश, विवाद आदि नै संवाद हो (बराल र एटम, २०६३ : २९४) । संवादको थालनीमा विचारको भिन्नता रहन्छ र त्यस भिन्नतालाई विश्लेषण, संश्लेषण गरी निष्कर्षमा पुऱ्याउने मुख्य उद्देश्य संवादमा रहन्छ । संवाद सङ्क्षिप्त, सरल, स्पष्ट, अर्थपूर्ण, सन्देशमूलक तथा शिक्षाप्रद हुनुपर्दछ । नाटक एकाङ्कीमा जस्तो संवादमा बहुलपात्रको समावेश हुनु हुँदैन । यसमा दुईजना पात्र अनिवार्य हुन्छन् । संवादमा प्रयोग गरिएको भाषामा पारस्परिकता, हार्दिकता, सहजता, सम्प्रेषणीयता, हाउभाउपूर्णता, वाक्यगठन तथा शब्दप्रयोगगत सरलता जस्ता विशेषता हुनुपर्दछ (अधिकारी, २०४६ : १९१) ।

विद्यालयस्तरमा संवादलाई प्रयोगमा ल्याउनुको मुख्य प्रयोजन विद्यार्थीको मौखिक अभिव्यक्तिगत ढङ्ग ढाँचा अनुरूप उपयुक्त परिस्थितिमा उपयुक्त तरिकाले हाउभाउपूर्ण

ढङ्गबाट अङ्ग सञ्चालन गरी विचारको प्रस्तुतीकरण गर्न सक्षम बनाउनु रहेको छ । त्यसबाहेक भाषापाठ्यपुस्तकमा समावेश गरिएका संवादलाई स-स्वर वाचन गरी वास्तविक संवादसम्बन्धी कार्यकलापमा सहभागी बन्न सक्षम बनाउनु पनि यसको प्रयोजन रहेको छ । यी नै उद्देश्य प्राप्तिका लागि नेपाली भाषापाठ्यक्रममा संवादलाई रूपकविधाको उपभेदका रूपमा समावेश गरिएको पाइन्छ । यसमा विषयवस्तु, परिवेश, संवाद, चरित्र, द्वन्द्व, उद्देश्य लगायतका संरचक तत्त्वहरू रहेका हुन्छन् ।

## २.६ वादविवाद

कुनै निश्चित विषयको तत्त्व निरूपणको निम्ति आफ्ना तर्कहरूको समर्थन र विपक्षीका तर्कहरूको खण्डनका साथ गरिने छलफल तर्क, वितर्क, विचार, विमर्श, खण्डन, वाक्प्रतियोगितालाई वादविवाद भनिन्छ । वादविवाद पनि संवादजस्तै पारस्परिक मौखिक अभिव्यक्तिसँग सम्बन्धित भएपनि संवादका तुलनामा वादविवाद बढी तार्किक बौद्धिक खालको हुन्छ । विषयवस्तु विवादास्पद हुनु र त्यस्ता विषयवस्तुमा पक्ष र विपक्ष भई तर्कहरू पेश गर्ने अभिव्यक्तिको ढङ्गढाँचा हुनु वादविवादको विषय हो (अधिकारी, २०४६ : १९१) । यसमा परस्परको विचारको विपक्षमा तर्क दिइने, असहमति जनाउने, आफ्ना विपक्षीको विचारको खण्डन गरिने वा दोष देखाउने प्रयास गर्दै आफ्ना सपक्षीय विचारको मण्डन समर्थन गर्ने प्रक्रिया रहेको पाइन्छ ।

वादविवाद प्रतियोगितात्मकरूपमा सञ्चालन गरिने हुँदा यसमा सम्बोधन, अभिवादन, प्रस्तुतीकरण, समय, विषयवस्तु आदि पक्षमा पनि ख्याल गर्नुपर्दछ । वादविवादमा शिष्टता, कलात्मकता, प्रभावकारिता, भाषिक मिठास आदि कुराको अपेक्षा राखिन्छ । वादविवादबाट विद्यार्थीहरूमा तार्किक अभिव्यक्ति दिने, विचार-विमर्श गर्ने निडरताकासाथ भाषण गर्ने कलाको विकास हुन्छ । यसको शिक्षण कक्षाकोठामा प्रायोगिक ढङ्गले सुसञ्चालन गर्न सकिन्छ भने लिखित रूपमा मूल्याङ्कन गर्दा सम्बोधन, विषयवस्तु, प्रस्तुतीकरण, खण्डन-मण्डन, शिल्प तथा मौखिक अभिव्यक्तिका विविध पक्षको समग्रतामा ध्यान दिइन्छ । वर्तमान सन्दर्भमा नेपाली भाषापाठ्यक्रममा निम्न माध्यमिक तहको सुरुकै कक्षामा यसको समावेश गरिनु भाषा सिकाइमा महत्वपूर्ण पक्ष मानिन्छ । यसमा विषयवस्तु, तार्किकता, विचार, परिवेश जस्ता संरचक तत्त्वहरू रहेका हुन्छन् ।

## २.७ वक्तृता

कुनै निश्चित विषय वा शीर्षकमा आधारित भएर आफूले भोगेका, अनुभव गरेका आफ्नो जानकारीमा आएका तथ्यकुराहरूको प्रभावकारी ढङ्गको प्रस्तुति नै वक्तृता हो । यसलाई एकलापीय प्रस्तुति मान्न सकिन्छ । वक्तृताका पर्यायका रूपमा प्रवचन, भाषण, वाक्कौशल, वाक्पटुता, वाक्चातुर्य, व्याख्यान आदिलाई लिने गरिन्छ । यो भाषाको बोलाइ पक्षसँग बढी सम्बन्धित मानिए तापनि यसले लेखाइ सीपलाई पनि उत्तिकै महत्त्व दिन थालेको पाइन्छ । यसमा स्पष्टता, क्रमबद्धता, शिष्टता, सरलभाषा, कलात्मक शैली मिठासपूर्ण प्रस्तुति आदि आवश्यक मानिन्छ । वादविवादमा झैं यसमा पनि विषयशीर्षक, संरचना, वक्ता, उद्देश्य, समय, सम्वोधनजस्ता तत्त्वहरूको विशेष ख्याल गर्नुपर्दछ । वक्तृता प्रस्तुति गर्दा आदि, मध्य र अन्त्यको ढाँचामा औपचारिक र अनौपचारिक रूपमा प्रस्तुत गरिन्छ ।

भाषापाठ्यपुस्तकमा वक्तृता राखिनुको मुख्य उद्देश्य विद्यार्थीहरूमा सम्वोधनकला, तर्कपूर्ण अभिव्यक्ति, भाषण गर्ने क्षमतामा वृद्धि, कुनै पनि विषयमा तर्कपूर्ण पुष्टि गर्ने सीप, हाउभाउ र शुद्ध भाषाको प्रयोग जस्ता क्षमतामा विकास गराउनु रहेको छ । वर्तमान सन्दर्भमा नेपाली भाषा पाठ्क्रममा यसको समावेशले भाषिक क्षमतामा जोड दिएको प्रत्यक्ष अनुभव गरिएको छ । माथि उल्लेख गरिएका रूपक विधाका सम्पूर्ण उपभेदहरूले विद्यार्थीहरूको भाषिक क्षमता, वाक्कौशल, अभिव्यक्ति सीप विकास, हाउभाउ, मुखमुद्रा, अभिनयात्मक कलाको विकास, तर्कपूर्ण ढङ्गले खण्डन-मण्डन र पुष्टि गर्ने क्षमता विकास हुने कुरामा कुनै शङ्का छैन । तसर्थ साना कक्षादेखि नै यसको समायोजन गर्दै क्रमशः स्तर वृद्धि हुँदै जानु आवश्यक देखिन्छ ।

# अध्याय-तीन

# नि.मा. वि. तहको कक्षा ६ को नेपाली भाषा पाठ्यक्रमको परिचय

पाठ्यक्रम निश्चित उद्देश्यलाई पूरा गर्न बनाउने शैक्षिक कार्यक्रम हो । (जवरा र अरू, २०६४:५८) यो शिक्षाको राष्ट्रिय उद्देश्यबाट निर्देशित हुने गर्दछ । त्यसैले पाठ्यक्रमको परिभाषा, भाषा पाठ्यक्रम आदिको बारेमा चर्चा गर्दा शिक्षाको राष्ट्रिय उद्देश्य,तहगत उद्देश्य र कक्षागत उद्देश्यका बारेमा चर्चा गर्नु सान्दर्भिक ठानी त्यसबारे छोटकरीमा चर्चा गरिन्छ -

## ३.१ पाठ्यक्रमको परिचय /परिभाषा

पाठ्यक्रम शैक्षिक उद्देश्य पूरा गर्ने योजना हो । असल र स्तरयुक्त पाठ्यक्रमले मात्र अपेक्षित शैक्षिक उपलब्धिहरू हाँसिल हुन सक्छ । पाठ्यक्रमका बारेमा विभिन्न विद्वान्हरूले आ-आफ्नै प्रकारले परिभाषित गरेका छन् । फ्रोबेलले पाठ्यक्रमलाई मानव जातिको सम्पूर्ण ज्ञान र अनुभवको सार सम्झनु पर्दछ भनेका छन् भने हिल्डातावाले पाठ्यक्रम सिकाइको एक योजना हो भनेका छन् । त्यसैगरी शेलर र अलेक्जेण्डरका अनुसार बालबालिकाहरूमा वाञ्छित उपलब्धि हाँसिल गराउन विद्यालय वा विद्यालय बाहिरको वातावरणमा विद्यालयले थालनी गर्ने सम्पूर्ण प्रयास नै पाठ्यक्रम भनेका छन् भने अर्का पाठ्यक्रमविद् कनिंघमले पाठ्क्रम कलाकार (शिक्षक) को हातको एउटा औजार हो जसको माध्यमबाट उसले आफ्नो स्टुडियो (विद्यालय) भित्र पदार्थ (विद्यार्थी) लाई आफ्नो विचार (लक्ष्य) मा परिवर्तित गर्दछ भनेका छन् । पाठ्यक्रमको परिभाषा गर्ने क्रममा विभिन्न शब्दकोश तथा संघ संस्थाले समेत आ-आफ्ना धारणा प्रस्तुत गरेका छन् । नेपाली वृहत् शब्दकोश २०५७ ले पढाउनका निम्ति तोकिएको विषय र त्यसको पूर्वापराक्रमलाई पाठ्यक्रम भनेको छ भने प्रयोगात्मक नेपाली शब्दकोशले विद्यार्थीहरूले शिक्षालयमा एक वा अनेक विषयमा खास अवधिभित्र आर्जित गर्न सक्ने अनुभव, ज्ञान, सीप आदिको शैक्षिक योजनालाई नै पाठ्यक्रम भनेको छ । त्यसैगरी नेपाली शब्दसागरका अनुसार पढाउन तोकिएको विषय र त्यस विषयको क्रमलाई पाठ्यक्रम भनेको छ भने शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम हो भनी राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले आफ्नो धारणा प्रस्तुत गरेको छ ।

यसरी माथि उल्लेखित विभिन्न परिभाषाहरूको समग्रमा विश्लेषण गर्दा पाठ्यक्रमलाई शैक्षिक क्रियाकलापको एउटा सङ्गठित तथा व्यवस्थित रूप मान्न सकिन्छ । यसमा विद्यालय हाताभित्र र बाहिर सञ्चालन गरिने विभिन्न शैक्षिक क्रियाकलापहरू पर्दछन् जुन सदैव विद्यार्थीहरूको हित अनकूल हुनुपर्दछ । पाठ्यक्रमभित्र शिक्षाका राष्ट्रिय उद्देश्यहरू, तहगत उद्देश्यहरू, कक्षागत उद्देश्यहरू समावेश गरिएको हुन्छ । यसर्थ व्यक्ति, समाज र राष्ट्रकै भलाइका लागि आवश्यक, योग्य, दक्ष र प्रतिभावान् जनशक्तिको आवश्यकता पूरा गर्न पाठ्यक्रम सक्षम हुनुपर्दछ । शिक्षाका राष्ट्रिय उद्देश्य परिपूर्तिका लागि सम्बन्धित तहमा तदनुरूपको पाठ्यक्रमको व्यवस्था गरिएको हुन्छ । यसर्थ यहाँ निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्क्रमको चर्चा गर्नु पूर्व शिक्षाका राष्ट्रिय उद्देश्यहरूलाई प्रस्तुत गरिएको छ ।

## ३.२ शिक्षाका राष्ट्रिय उद्देश्यहरू

१. प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने

२. प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्द्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवनपद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने

३. स्थानीय, राष्ट्रियस्तरका व्यवसाय, पेसा एवं रोजगारीका साथै आवश्यकताअनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सीपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने

४. व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने

५. समाजको आधुनिकीकरणमा सहयोग गरी देशनिर्माणका निम्ति मानवसंसाधनको विकास गर्ने

६. प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्न सहयोग गर्ने

७. सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मदत गर्ने

८. स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशअनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने

९. आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने

१०. राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मावनअधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा संरचनात्मक सोच भएका, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने

११. नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्टयहरूको संरक्षण, संवर्द्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मदत गर्ने ।

(स्रोत : पा.वि. केन्द्र (२०५८), नि.मा.वि. तहको नेपालीभाषा पाठ्यक्रम)

## ३.३ शिक्षाका तहगत उद्देश्यहरू

यो शोधपत्र निम्नमाध्यमिक तहसँग सम्बन्धित रहेकाले यहाँ निम्नमाध्यमिक तह (कक्षा ६, ७ र ८) को उद्देश्यका बारेमा चर्चा गरिन्छ -

### ३.३.१ निम्नमाध्यमिक तहको शिक्षाको उद्देश्य

राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान्, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत, भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका स्वस्थ स्वावलम्बी एवम् चरित्रवान् नागरिक तयार गर्ने यस तहको शिक्षाको उद्देश्य हुनेछ ।

(स्रोत : पाठ्यक्रम विकास केन्द्र (२०५८) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम)

## ३.४ निम्न माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम र यसका उद्देश्यहरू

विद्यालय तहको शैक्षिक कार्यक्रलापमा नेपाली भाषाको महत्वपूर्ण स्थान छ । विद्यालय तहको प्रारम्भिक कक्षादेखि नै नेपाली भाषाको अनिवार्य रूपमा पठनपाठन गरिने हुनाले यसलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले शिक्षण गरिनुपर्दछ र त्यसका निमित्त उपयुक्त पाठ्यक्रम एवम् पाठ्यसामग्री हुनुपर्दछ । त्यसैले नेपाली भाषा शिक्षणको आवश्यकता र प्रयोजनलाई दृष्टिगत गर्दा यो विषय अध्यापन गर्ने शिक्षकहरूको जिम्मेवारी महत्वपूर्ण देखिन्छ । विद्यालयमा पढाइ हुने नेपाली भाषाको प्रयोजन भाषिक दक्षता अभिवृद्धि गर्नुका साथै बोध र अभिव्यक्ति पक्षको विकास गर्नु रहेको छ । यसका लागि नेपाली भाषा पाठ्क्रमले विभिन्न पक्षमा जोड दिनु पर्दछ ।

वर्तमान सन्दर्भमा निम्नमाध्यमिक तह भन्नाले कक्षा ६, ७ र ८ लाई बुझाउँछ । यस शोधपत्रको विषयक्षेत्र निम्नमाध्यमिक तहको भाषा पाठ्यपुस्तकसँग सम्बन्धित रहेकाले अब यहाँ निम्नमाध्यमिक तहको नेपाली भाषा विषयका साधारण र विशिष्ट उद्देश्यहरूको बारेमा उल्लेख गरिन्छ ।

### ३.४.१ नेपाली भाषाका साधारण उद्देश्यहरू

१. उच्चरित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोहीअनुरूप उच्चारण गर्न

२. अरूद्वारा अभिव्यक्त विचार बुझ्ने गरी सुन्न

३. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

४. सुनेका विषयवस्तुको मुख्यमुख्य कुरा बताउन

५. आफूले देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुमा मौखिक अभिव्यक्ति दिन

६. आफूले भन्न चाहेका कुरालाई हाउभाउपूर्ण एवम् प्रभावकारी ढङ्गले अभिव्यक्ति दिन

७. कुराकानी, संवाद, वादविवाद, प्रश्नोत्तर, छलफल आदि मौखिक अभिव्यक्तिहरूमा भाग लिन

८. लिखित सामग्रीहरूलाई भावअनुसार गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न

९. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरू मौनवाचन गर्न

१०. विभिन्न उद्देश्यले लिखित सामग्रीहरू पढ्न

११. पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न

१२. पढेका विषयवस्तुको सारांश भन्न  र लेख्न

१३. आफूले देखेसुनेका र अनुभव गरेका विषयवस्तुमा लिखित अभिव्यक्ति दिन

१४. उपयुक्त वाक्यगठन, हिज्जे, विरामचिह्न आदि मिलाई शुद्धसँग लेख्न

१५. स्तरअनुसारका विषयहरूका सन्दर्भ र सिलसिला मिलाई मौलिक रचना गर्न

१६. पठित शब्दहरूलाई हिज्जे मिलाई लेख्न

१७. पाठमा प्रयुक्त उखानटुक्काहरूको प्रयोग गर्न

१८. विशिष्ट अंशहरूको भावविस्तार गर्न

१९. स-साना मौलिक रचनाहरू सन्दर्भ र सिलसिला मिलाई लेख्न

२०. विभिन्न विषयहरू पढी शब्दभण्डारको वृद्धि गर्न

२१. व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न

२२. नेपाली भाषामा लेखिएका विभिन्न विधाका समसामयिक पाठ्यसामग्रीहरू पढ्ने अभिरुचिको विकास गर्न

२३. उद्देश्यअनुसारका विभिन्न पठन कौशलहरूको विकास गर्न

२४. शिष्ट र शुद्ध भाषाको प्रयोग गर्ने बानी बसाल्न

२५. साहित्यिक रचनाहरू पढ्ने अभिरुचि बढाउन ।

(स्रोत : पाठ्यक्रम विकास केन्द्र (२०५८) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम)

निम्नमाध्यमिक तह अन्तर्गत पर्ने कक्षा ६, ७ र ८ मध्ये यस अध्ययनको केन्द्रविन्दु कक्षा ६ भएको हुनाले अब कक्षा ६ को मात्र विशिष्ट उद्देश्यहरूको बारेमा उल्लेख गरिन्छ ।

### ३.४.२ कक्षा ६ को नेपाली भाषाको विशिष्ट उद्देश्य

#### ३.४.२.१ सुनाइ र बोलाइ

१. उच्चारित ध्वनिहरू सुनी तिनको भिन्नता पहिल्याउन,

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

३. अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न,

४. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन

५. कविता, गीत, कथा आदि आनन्दका साथ सुनी प्रतिक्रिया जनाउन

६. स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदि सुनी मौखिक अभिव्यक्तिमा भाग लिन

७. आफूले देखेसुनेका र बुझेका वस्तु, वातावरण र घटनाका विषयमा सामान्य वर्णन गर्न,

८. सिलसिला र हाउभाउ मिलाई बोल्न ।

(स्रोत : पाठ्यक्रम विकास केन्द्र (२०५८) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम)

#### ३.४.२.२ पढाइ

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न,

२. मुख्यमुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न,

३. लिखित सामग्रीहरूको मौनवाचन गर्न,

४. विभिन्न उद्देश्यले विधागत पाठहरू पढ्न,

५. पाठमा प्रयुक्त शब्दहरूको आशय बुझी प्रयोग गर्न,

६. विभिन्न विधाका पाठहरू भाग ठम्याई पढ्न,

७. विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको वृद्धि गर्न ।

(स्रोत : पाठ्यक्रम विकास केन्द्र (२०५८) नि.मा.वि. तहको नेपाली भाषा पाठ्यक्रम)

### ३.४.२.३ लेखाइ

१. हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न,

२. लेख्यचिह्नहरूको उपयुक्त प्रयोग गरी लेख्न,

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न,

४. आफूले देखेका, बुझेका वस्तु तथा घटनाहरूको लिखित वर्णन गर्न,

५. स-साना रचनाहरू (अनुच्छेद, चिठी र निवेदन आदि) सिलसिला मिलाई लेख्न,

६. आफ्नो रुचिअनुसारका विषयमा स-साना मौलिक रचना गर्न,

७. विशिष्ट अंशको भाव विस्तार गर्न,

८. वाक्य पदसंगति आदि बुझी तिनको उपयुक्त प्रयोग गर्न,

९. सुनेका, पढेका विषयवस्तुको सार लेख्न ।

(स्रोत : पा.वि.के. (२०५८) नि.मा. वि. तहको नेपालीभाषा पाठ्यक्रम)

नेपाली भाषा र साहित्य विभिन्न विधाहरूको संयोजनबाट बनेकोछ । नेपाली भाषा पाठ्क्रममा ती विधाहरूको रखाइ स्तरअनुसार क्रमवद्धढङ्गले गरिएको छ । त्यस्ता विधामा निबन्ध, प्रबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता र व्याकरणहरू पर्दछन् । अब निम्नमाध्यमिक तहमा स्तरण भएका विभिन्न विधा र पाठहरूको क्षेत्र र क्रम देहायबमोजिम प्रस्तुत गरिन्छ ।

## ३.५ विधाहरूको क्षेत्र र क्रम तालिका

तालिका नं. १

| क. सं. | विधा | विधाको क्षेत्र | | |
|---|---|---|---|---|
| | | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| १ | प्रबन्ध/ निबन्ध | क) सामाजिक/ साँस्कृतिक<br>ख) प्राकृतिक/ वातावरणीय | क) सामाजिक/साँस्कृतिक<br>ख) प्राकृतिक/वातावरणीय<br>ग) कलात्मक | क) सामाजिक/साँस्कृतिक<br>ख) प्राकृतिक/वातावरणीय<br>ग) कलात्मक |

| | | | | |
|---|---|---|---|---|
| | | ग) कलात्मक<br>घ) वैज्ञानिक/ प्राविधिक<br>ङ) व्यावसायिक | घ) वैज्ञानिक/प्राविधिक<br>ङ) व्यावसायिक | घ) वैज्ञानिक/प्राविधिक<br>ङ) व्यावसायिक |
| २. | कथा | क) लोककथा<br>ख) नीतिकथा<br>ग) पौराणिक/ ऐतिहासिक कथा | क) लोककथा<br>ख) नीतिकथा<br>ग) पौराणिक/ ऐतिहासिक कथा<br>घ) आधुनिक कथा | क) लोककथा<br>ख) नीतिकथा<br>ग) पौराणिक/ ऐतिहासिक कथा<br>घ) आधुनिक कथा |
| ३. | जीवनी | राष्ट्रिय र अन्तर्राष्ट्रिय<br>क) साहित्यकार/ कलाकार<br>ख) विद्वान्-विचारक<br>ग) आविष्कारक<br>घ) प्रेरक व्यक्तित्व | राष्ट्रिय र अन्तर्राष्ट्रिय<br>क) साहित्यकार/कलाकार<br>ख) विद्वान्-विचारक<br>ग) आविष्कारक<br>घ) प्रेरक व्यक्तित्व | राष्ट्रिय र अन्तर्राष्ट्रिय<br>क) साहित्यकार/कलाकार<br>ख) विद्वान्-विचारक<br>ग) आविष्कारक<br>घ) प्रेरक व्यक्तित्व |
| ४. | चिठी | क) घरायसी<br>ख) कार्यालयीय | क) घरायसी<br>ख) कार्यालयीय | क) घरायसी<br>ख) कार्यालयीय |
| ५. | रूपक | क) संवाद<br>ख) वादविवाद | क) संवाद<br>ख) वादविवाद | क) संवाद<br>ख) वादविवाद |
| ६. | कविता | लयवद्ध<br>क) छन्दलय<br>ख) लोकलय | लयवद्ध<br>क) छन्दलय<br>ख) लोकलय<br>ग) गीतिलय | लयवद्ध<br>क) छन्दलय<br>ख) लोकलय<br>ग) गीतिलय |
| ७. | व्याकरण<br>अ) पद | क) लिङ्ग<br>ख) पुरुष | क) लिङ्ग<br>ख) पुरुष | क) लिङ्ग<br>ख) पुरुष |

| | | | | |
|---|---|---|---|---|
| | सङ्गति | ग) वचन<br>घ) आदर | ग) वचन<br>घ) आदर | ग) वचन<br>घ) आदर |
| | आ)काल | क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत् | क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत् | क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत् |
| | इ) पक्ष | क) अपूर्ण<br>ख) पूर्ण | क) अपूर्ण<br>ख) पूर्ण<br>ग) अज्ञात | क) अपूर्ण<br>ख) पूर्ण<br>ग) अज्ञात<br>घ) अभ्यस्त |
| | ई) अर्थ वा भाव | क) सामान्यार्थ<br>ख) आज्ञार्थ<br>ग) सम्भावनार्थ | क) सामान्यार्थ<br>ख) आज्ञार्थ<br>ग) सम्भावनार्थ | क) सामान्यार्थ<br>ख) आज्ञार्थ<br>ग) सम्भावनार्थ<br>घ) इच्छार्थ |
| | उ) वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरुष, अकरणका आधारमा | लिङ्ग, वचन, पुरुष, अकरणका आधारमा | लिङ्ग, वचन, पुरुष, अकरण काल र पक्षका आधारमा |
| | ऊ) वाच्य परिवर्तन | | क) कर्तृवाच्य<br>ख) कर्मवाच्य | क) कर्तृवाच्य<br>ख) कर्मवाच्य<br>ग) भाववाच्य |
| | ए) शब्दवर्ग | क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) कियापद | क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) कियापद<br>ङ) कियायोगी | क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) कियापद<br>ङ) कियायोगी |

| | | | | |
|---|---|---|---|---|
| | | | च) नामयोगी<br>छ) निपात | च) नामयोगी<br>छ) संयोजक<br>ज) निपात<br>झ) विस्मयादिबोधक |
| | ऐ) कारक र विभक्ति | क) विभक्ति (ले, लाई, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग | क) कारक (कर्ता र कर्म)<br>ख) विभक्ति (ले, लाई, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग | क) कारक (कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण)<br>ख) विभक्ति (ले, लाई, द्वारा, को, का, की, रो, रा, री, नो, ना, नी, देखि, बाट, मा) को प्रयोग<br>ग) विभक्ति नियम (सरल-तिर्यक) को प्रयोग |
| | ओ) लेख्य चिन्ह | क) पूर्णविराम<br>ख) प्रश्नचिन्ह<br>ग) अल्पविराम<br>घ) उद्गार चिन्ह | क) पूर्णविराम<br>ख) प्रश्नचिन्ह<br>ग) अल्पविराम<br>घ) उद्गार चिन्ह<br>ङ) योजकचिन्ह<br>च) कोष्ठकचिन्ह | क) पूर्णविराम<br>ख) प्रश्नचिन्ह<br>ग) अल्पविराम<br>घ) उद्गार चिन्ह<br>ङ) योजकचिन्ह<br>च) कोष्ठकचिन्ह<br>छ) उद्धरणचिह्न<br>ज) निर्देशचिह्न |
| | औ)वर्ण-विन्यास | पाठमा प्रयुक्त शब्दहरूका वर्णविन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ) | पाठमा प्रयुक्त शब्दहरूका वर्णविन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ)<br>ख) य/ए | पाठमा प्रयुक्त शब्दहरूका वर्णविन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्वदीर्घ (इ, ई, उ, ऊ)<br>ख) य/ए |

| | | | | |
|---|---|---|---|---|
| | | ख) य/ए<br>ग) ब/व<br>घ) श/ष/स<br>ङ) ग्यँ/ज्ञ<br>च) ञ/ण/न<br>छ) पदयोग-पदवियोग | ग) ब/व<br>घ) श/ष/स<br>ङ) ग्यँ/ज्ञ<br>च) रि/ ऋ<br>छ) छ /क्ष<br>ज) ञ/ण/न<br>झ) पदयोग-पदवियोग | ग) ब/व<br>घ) श/ष/स<br>ङ) ग्यँ/ज्ञ<br>च) रि/ ऋ<br>छ) छ /क्ष<br>ज) ञ/ण/न<br>झ) शिरविन्दु/चन्द्रन्दि<br>ञ) विसर्ग<br>ट) पदयोग-पदवियोग |
| ८ | शब्द भण्डार र उखान-टुक्का (पाठमा प्रयुक्त शब्दहरू-का साथै उखान-टुक्का समेत) | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) श्रुतिसमभिन्नार्थी<br>घ) पारिभाषिक/ प्राविधिक<br>ङ) अनुकरणात्मक | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) श्रुतिसमभिन्नार्थी<br>घ) अनेकार्थी<br>ङ) पारिभाषिक/प्राविधिक<br>च) अनुकरणात्मक<br>छ) उखानटुक्का | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) श्रुतिसमभिन्नार्थी<br>घ) अनेकार्थी<br>ङ) पारिभाषिक/ प्राविधिक<br>च) अनुकरणात्मक<br>छ) उखानटुक्का |

(स्रोत : पा.वि.के. (२०५८) नि.मा. वि. तहको नेपालीभाषा पाठ्यक्रम)

## ३.६ विधाका पाठहरूको वितरण

सामान्यतया निम्नलिखित विधामा कक्षागतरूपमा निम्नानुसार पाठहरूको वितरण गर्नु उपयुक्त हुनेछ भनी निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यकममा व्यवस्था गरिएको छ ।

तालिका नं. २

| विधा | पाठसङ्ख्या | | |
|---|---|---|---|
| | कक्षा ६ | कक्षा ७ | कक्षा ८ |
| कथा | ५-६ | ५-६ | ५-६ |
| कविता | ४ | ४ | ४ |
| प्रबन्ध/निबन्ध | ५-६ | ५-६ | ६-७ |
| रूपक | २ | २ | २-३ |
| जीवनी | ३-४ | ४ | ४-५ |
| चिठी | २ | २ | २ |
| जम्मा | २१-२४ | २२-२४ | २३-२७ |

(स्रोत : पा.वि.के. (२०५८) नि.मा. वि. तहको नेपालीभाषा पाठ्यक्रम)

यसरी माथि उल्लेखित नेपाली भाषा पाठ्यक्रम (२०५८) ले तोकेको विधा तथा उपविधाका पाठहरूको वितरणको आधारमा सरकारी तथा निजी विद्यालयमा पठनपाठन गराइने नेपाली भाषा पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन गर्दा धेरै अन्तर पाइन्छ । नेपाली भाषा पाठ्यक्रमले तोकेअनुसार दुवै भाषा पाठ्यपुस्तकमा कथा, जीवनी र चिठी विधाका पाठहरू समान भए पनि कविता, रूपक र निबन्ध विधाका पाठहरू घटीबढी देखिन्छन् । निजी विद्यालयको कक्षा ६ को नयाँ नेपाली शृङ्खलामा कविता विधाका पाँच, रूपक विधाका चार र निबन्ध विधाका दुईवटा पाठहरू समावेश गरिएका छन् भने सरकारी विद्यालयको हाम्रो नेपाली किताबमा कविता विधाका चार, रूपक विधाका दुई र निबन्ध विधाका पाँचवटा पाठहरू समावेश गरिएका छन् । नेपाली भाषा पाठ्यक्रमले कक्षा ६ का लागि कविता विधाका चारवटा, निबन्ध विधाका पाँचवटा र रूपक विधाका दुईवटा पाठहरू राख्न निर्देश गरेको छ तर सरकारी विद्यालयको हाम्रो नेपाली किताबमा सोहीअनुरूप भए पनि निजी विद्यालयको नयाँ नेपाली शृङ्खलामा कविता विधाका पाँच, निबन्ध विधाका दुई

र रूपक विधाका चारवटा पाठहरू समावेश गरिएका छन् । यसरी हेर्दा हाम्रो नेपाली किताबमा पाठ्यक्रम अनुरूप विधा तथा पाठहरूको वितरण गरिएको छ भने नयाँ नेपाली शृङखलामा पाठ्यक्रमलाई वेवास्ता गरी पाठ्यक्रमले निर्देश गरेको भन्दा घटी वा बढी पारेर मनोमानी ढङ्गले विधा तथा पाठहरूको वितरण गरिएको छ । वितरण गरिएका विधा तथा उपविधाका पाठहरू हाम्रो नेपाली किताबमा स्तर अनुरूप छनोट र स्तरण गरिएको छ तर नयाँ नेपाली शृङ्खलामा छनोट तथा स्तरणको ख्याल गरिएको छैन भने पाठहरू पनि केही लामा र जटिल देखिन्छन् । त्यसैले  कक्षा ६ को स्तरका लागि नयाँ नेपाली शृङ्खला भन्दा हाम्रो नेपाली किताब नै बढी उपयुक्त हुने देखिन्छ ।

## अध्याय - चार

# कक्षा ६ का 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भाषापाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठ्यसामग्रीहरूको तुलनात्मक अध्ययन

## ४.१ परिचय

यो अध्याय शोधपत्रसँग सम्बन्धित अध्याय हो । यस अध्यायमा विश्लेषण गरिने पाठहरूको पाठगत अध्ययन, भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) का आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । यस शोधपत्रमा कक्षा ६ का 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपक विधाका पाठहरू मात्र पर्दछन् । यी दुई नेपाली भाषा पाठ्यपुस्तकभित्र निम्न पाठहरू रूपक विधासँग सम्बन्धित पाठहरू हुन् -

## ४.२ दुवै पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको विषयवस्तुगत अध्ययन

### ४.२.१ 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' संवादको अध्ययन

यो पाठ सरकारी विद्यालयमा अध्यापन गराइने कक्षा ६ को 'हाम्रो नेपाली किताब' विषयभित्र समाविष्ट रूपक विधाअन्तर्गतको संवाद हो । यस पाठको उद्देश्य अर्काको पराधीनतामा बाँच्न छाडेर आफ्नो गुजारा आफैं गर्न सक्नुपर्दछ भन्ने हो । यसका लागि महिलाहरूलाई नारी शिक्षाको अनिवार्यता हुनुपर्दछ । महिलाहरूले देश विदेशका गतिविधिहरू जान्नु बुझ्नु तथा सोच्न सक्ने क्षमतामा विकास गर्नु पर्दछ अनि मात्र आफ्नो खुट्टामा आफैँ उभिन सकिन्छ भन्ने रहेको छ । अब "आफ्नौ खुट्टामा उभिन सिक्नुपर्छ" भन्ने पाठको संवादका संरचक तत्त्वका आधारमा निम्नानुसार व्याख्या गरिन्छ -

#### ४.२.१.१ शीर्षक

शीर्षक पाठको प्रवेशद्वार हो जहाँबाट पाठभित्रको हरेक ठाउँमा पुग्ने गरिन्छ । यस पाठको शीर्षक 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' विषयवस्तुका आधारमा सार्थक देखिन्छ । यस पाठमा अलका, आस्था र सुरज समाचारको महत्त्व, नारी शिक्षाको आवश्यकता र महत्त्व तथा आफ्नो खुट्टामा आफैँ उभिन सिक्नुपर्छ भन्ने बारेमा गफ गर्दैछन् । उनीहरूको संवाद सुरुमा समाचारको महत्त्व तथा नारी शिक्षाको आवश्यकता र महत्त्व भएपनि समग्रमा हेर्दा 'आफ्नै खुट्टामा उभिनु पर्छ' भन्ने शीर्षकमा आधारित छ । यस पाठमा विद्यार्थीहरूले दिनैपिच्छेको ताजा समाचार सुन्नुपर्दछ र देशविदेशका गतिविधिहरू बुझ्नुपर्दछ तथा महिलाहरू आफ्नो खुट्टामा आफैं उभिनका लागि नारी शिक्षाको अपरिहार्यता रहन्छ भन्ने कुरामा जोड दिएको पाइन्छ । त्यसैगरी यस पाठमा पुस्तौंपुस्ता देखि पुरुषहरूको पराधीनतामा बाँचेका महिलाहरूले आफ्नो गुजारा आफैं गर्नुपर्दछ र आफ्ना खुट्टामा उभिन सिक्नुपर्छ भन्ने सन्देश यस पाठको शीर्षकले प्रस्तुत गरेको छ । तसर्थ यस पाठको शीर्षक र कथ्यबीचको तालमेल मिलेको हुनाले शीर्षक रखाइका आधारमा 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' भन्ने शीर्षक सार्थक छ भन्न सकिन्छ ।

### ४.२.१.२ विषयवस्तु

पाठको सम्पूर्ण कथ्य वा कथासार नै त्यस पाठको विषयवस्तु हो । यस पाठको विषयवस्तु अर्काको पराधीनतामा बाँच्न छोडेरे आफ्नो खुट्टामा उभिन सिक्नुपर्छ भन्ने रहेको छ । यस पाठमा कुनै एउटा विद्यालयका कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरू अलका, आस्था र सुरज दिउँसोको छुट्टीमा कुराकानी गरिरहेका छन् । अलका रेडियो, टी.भी. तथा पत्रपत्रिका पढेर देशविदेशको गतिविधि बुझ्न रुचाउने स्वभावकी बालिका हो भने आस्था र सुरज समाचारको वास्तै नगर्ने र नाचगान र रमाइलो कार्यक्रम मात्र हेर्न वा सुन्न रुचाउने बालबालिका हुन् । अलकाको माध्यमबाट यस पाठको केन्द्रीय भाव प्रकट गरिएको छ । यस पाठमा विद्यार्थी जीवनमा समाचारको ठूलो महत्व रहन्छ । विद्यार्थीले देशविदेशका गतिविधिहरू बुझ्रेन भने किताब पढेरमात्र केही पनि हुँदैन त्यसैले पत्रपत्रिका तथा समाचारमा धेरै कुराहरूको जानकारी गरिएको हुन्छ भन्दै नारी शिक्षालाई सरकारले विशेष महत्त्व दिने कुरालाई समाचारको माध्यमबाट प्रस्तुत गरिएको छ । त्यसैगरी नारीहरूले शिक्षाको महत्त्व बुझेर पुरुषहरूको पराधीनतामा बाँच्न छोडेर आफ्नो गुजारा गर्न सक्नुपर्छ र आफ्नो खुट्टामा उभिन सिक्नुपर्छ भन्ने मूल विषयवस्तुमा यो पाठ केन्द्रित रहेको छ ।

### ४.२.१.३ पात्र/चरित्र

पाठमा प्रयुक्त विषयवस्तुलाई उद्देश्यप्राप्तिका लागि अघि बढाउने मानव वा मानवेत्तर वस्तुलाई पात्र भनिन्छ । विषयवस्तुअनुरूपको भूमिका निर्वाह गर्ने व्यक्ति नै सम्बन्धित पाठको पात्र वा वक्ता भनिन्छ । संवाद विधामा भूमिका निर्वाह गर्नेलाई पात्र वा वक्ता भन्नु नै सान्दर्भिक हुन्छ । यस संवादका प्रमुख पत्रहरूमा अलका, आस्था र सुरज देखिन्छन् भने नेपथ्यमा रहेका विद्यार्थीहरू, शिक्षक गौण पात्रका रूपमा रहेका छन् । यस संवादका मुख्य पात्र वा वक्ता अलका, आस्था र सुरजको संक्षिप्त चिनारी तल प्रस्तुत गरिएको छ :-

१. **अलका** : अलका यस संवादकी केन्द्रीय पात्र हुन् । उनको गहकिलो तर्कका साथ संवादको विषयवस्तु अघि बढेको छ । अलका रेडियो, टी.भी. तथा पत्रपत्रिकाका समाचारहरू ध्यानपूर्वक सुन्ने स्वभाव भएकी एउटी असल छात्रा हुन् । उनले आफूले सुनेका वा पढेका समाचारहरू साथीलाई सुनाउने गरेकी छिन् । उनले नारी शिक्षालाई सरकारले विशेष महत्त्व दिने कुरा पत्रिकामा पढेपछि खुसीका साथ साथीहरूलाई सो समाचार सुनाएकी छिन् तर साथीहरूले उनका कुरालाई वेवास्ता गर्न खोज्दा पनि नरिसाइ साथीहरूलाई नारी शिक्षाको आवश्यकता र महत्त्व बुझाउन सक्ने सक्षम पात्रका रूपमा चिन्न सकिन्छ । अलकाले नारी शिक्षाको महत्त्व प्रस्तुत गर्दै हामी महिलाहरूको सम्पत्ति भनेको नै शिक्षा हो, त्यसैबाट हामी आफ्नो गुजारा गरेर पुरुषहरूको पराधीनतामा बाँच्न छाड्नुपर्छ र आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ भन्ने गहकिलो तर्क प्रस्तुत गर्दै संवादलाई सार्थक बनाउने काम गरेकी छिन् । त्यसैले अलकालाई यस संवादमा असल स्वभाव भएकी, सक्षम, जिज्ञासु, अरूलाई बुझाउन सक्ने, बुज्रुक, दृढविश्वास भएकी, गतिशील पात्रका रूपमा चिन्न सकिन्छ ।

२. **आस्था/सुरज** : आस्था र सुरज यस संवादका अन्य दुई पात्र वा वक्ता हुन् । उनीहरूको स्वभाव यस संवादमा उस्तै खालको रहेको छ । उनीहरू संवादको विषयवस्तुलाई उद्देश्यसम्म पुऱ्याउन उपस्थित भएका सहायक पात्रहरू हुन् । उनीहरू दुवै रेडियो, टी.भी. तथा पत्रपत्रिकाका समाचार सुन्न नरुचाउने पात्र हुन् । अलकाले समाचारको महत्त्व, नारी

शिक्षाको महत्त्व तथा आवश्यकताहरूको बारेमा बताउँदा समेत वास्ता नगर्ने पात्रका रूपमा आस्था र सुरज देखिएका छन् । अलकाले आफ्ना गहकिला तर्क प्रस्तुत गरेर नारी शिक्षाको महत्त्व र आवश्यकताको बारेमा बताएपछि उनीहरूका आँखा खुलेका छन् । त्यसैले आस्था र सुरज यस संवादमा मनोरञ्जन गर्न रुचाउने, अरूको कुरा वास्ता नगर्ने, असक्षम, गतिशील पात्रका रूपमा प्रस्तुत भएका छन् । यसरी सुरुमा आस्था र सुरजले अलकाको कुरामा कम चासो देखाएपनि पछि अलकाको तर्कमा सहमत हुँदै संवाद टुङ्गिएको छ ।

### ४.२.१.४ परिवेश/वातावरण

यस संवादको परिवेश विद्यालयीय समयमा आधारित छ । दिउँसो छुट्टीको समय भएकोले विद्यार्थीहरू कोही खाजा खाइरहेका छन् भने कोही खेलिरहेका त कोही गफमा व्यस्त देखिन्छन् । त्यही क्रममा अलका, आस्था र सुरज 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' भन्ने शीर्षकमा संवाद गरिरहेका छन् । समाचारको महत्त्व प्रष्ट्याउनका लागि पत्रपत्रिका पढिरहेको दृश्य पनि देखाइएको छ । यस संवादमा संचारसँग सम्बन्धित रेडियो, टी.भी. तथा पत्रपत्रिकाको महत्त्वलाई प्रस्तुत गरिएको छ भने पत्रिकामा भएको नारी शिक्षाको महत्त्व तथा आवश्यकताको बारेमा तर्क समेत प्रस्तुत गरिएको छ । यस संवादको समयावधि करिब ४५ मिनेट मात्र भएकोले लम्बाइका आधारमा यो संवाद मझौला आकारको छ ।

### ४.२.१.५ संवाद

संवाद रूपक विधाको मुटु हो । यस संवादमा अलका, आस्था र सुरजका बीचमा संवाद भएको छ । संवादमा छोटा छोटा सरल वाक्यहरूको प्रयोग गरिएको भएपनि कहीँकहीँ मिश्र र संयुक्त वाक्यहरूको पनि प्रयोग पाइन्छ । दिउँसोको छुट्टीको समयमा विद्यालयको चौरमा अलका, आस्था र सुरजले कुराकानी गरिरहेका हुनाले यो संवाद अनौपचारिक रूपमा गरिएको छ । शीर्षकअनुरूपको सान्दर्भिक संवादले पाठको रोचकता बढेको छ भने पाठ पनि सन्देशमूलक र शिक्षाप्रद हुन पुगेको छ । यस संवादमा आन्तरिक र बाह्य दुवैखाले द्वन्द्व प्रबल रूपमा देखिन्छन् । अलका र आस्था अनि सुरजबीच संवादका माध्यमबाट बाह्य द्वन्द्व चलेको छ भने आस्था र सुरजको अन्तरमनमा आन्तरिक द्वन्द्व चलेको छ । यसरी पात्रहरूको बाह्य र अन्तरमनमा चलेको द्वन्द्वले पनि संवादलाई उद्देश्य प्राप्तिमा सफल तुल्याएको छ ।

### ४.२.१.६ भाषाशैली

व्यक्तिका भाव र विचार अरू सामु राख्न र अरूका अन्तरमनका भाव वा विचार आफूले थाहा पाउनका लागि अपनाइने सशक्त माध्यम भाषा हो । भाषालाई व्यक्त गर्ने तरिका, पद्धति वा प्रक्रियालाई शैली भनिन्छ । यस संवादमा मानक, स्तरीय नेपाली भाषाको प्रयोग गरिएको छ । यस संवादमा कक्षा ६ को स्तरअनुकूलको कथ्य र लेख्य नेपाली भाषाको स्वरूप भेट्न सकिन्छ । यस संवादमा पात्रअनुसारको सरल सहज भाषाशैलीको प्रयोग गरिएको छ भने गहकिला तर्क समेत प्रस्तुत गरिएको छ ।

### ४.२.१.७ उद्देश्य

हरेक पाठको केही न केही उद्देश्य हुन्छ । पाठको सारवस्तु वा मर्म नै त्यस पाठको उद्देश्य हो । उद्देश्यविनाको पाठको भाषा वा साहित्यमा कुनै अर्थ रहँदैन । यस पाठको उद्देशय भाषिक सीपका अतिरिक्त बालबालिकाहरूलाई सानै उमेरदेखि देश विदेशको गतिविधि बुझ्न  जागरुक गराउनु, नारी शिक्षाको महत्त्व बुझ्न रुचि जगाउनु तथा विद्यार्थीहरूलाई सफलतामा पुऱ्याउन किताबी ज्ञानले मात्र पुग्दैन देश, विदेशका गतिविधि पनि बुझ्नुपर्दछ भन्ने सन्देश दिनु हो । यस संवादमा शिक्षाले नै आफ्नो खुट्टामा उभिन मद्दत गर्दछ भन्ने कुरा पनि प्रस्तुत गरिएको छ । यो संवादले विद्यार्थीहरूलाई समाचारको महत्त्व बुझ्न, नारी शिक्षाको आवश्यकता र महत्त्व थाहा पाउन तथा आफ्नो खुट्टामा उभिन सिक्नुपर्दछ भन्ने सन्देश दिएको छ ।

## ४.२.२ 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवादको अध्ययन

यो पाठ वादविवाद हो । यो वादविवाद कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट छ । यस वादविवादको उद्देश्य सहरिया जीवन र गाउँले जीवनबीचको अन्तरलाई तुलनात्मक रूपमा नापजाँच गरी गाउँले जीवनलाई सुखी जीवनका रूपमा देखाउनु हो । अब यस वादविवादलाई वादविवादका संरचक तत्त्वका आधारमा निम्नानुसार व्याख्या गरिन्छ :

### ४.२.२.१ शीर्षक

यस वादविवादको शीषर्क 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' भन्ने रहेको छ । यस वादविवादमा दुईजना वक्ताहरूले यस शीषर्कको पक्षमा आफ्ना तर्क प्रस्तुत

गरेका छन् भने अरू दुईजना वक्ताहरूले यस शीर्षकको विपक्षमा तर्क प्रस्तुत गरेका छन् । वादविवादमा प्रस्तुत भएका तर्कहरू आफैँमा गहकिला छन् तर यस शीर्षकले सहरिया जीवन र गाउँले  जीवनका बीचको अन्तरलाई तुलनात्मक रूपमा नापजाँच गरेको हुनाले सहरिया जीवनको तुलनामा गाउँले जीवन सुखी हुन्छ भन्ने सङ्केत गरिएको छ । यसरी वादविवादको विषयवस्तुअनुरूप शीषर्कको चयन गरिएको हुनाले यस वादविवादको शीर्षक उचित देखिन्छ । अर्कोतिर कक्षा ६ का बालबालिकाले गाउँले र सहरिया जीवनबीचको अन्तरलाई केलाउन र यस विषयमा तर्कहरू प्रस्तुत गर्न सक्ने हुनाले पनि यस वादविवादको शीषर्क सार्थक रहेको देखिन्छ ।

### ४.२.२.२ विषयवस्तु

यस वादविवादको विषयवस्तु गाउँले जीवन र सहरिया जीवनबीचको तर्कपूर्ण प्रस्तुतीकरण रहेको छ । वादविवादमा आफ्ना पक्षको विषयको समर्थन, मण्डन वा पुष्टि गरिन्छ भने विपक्षबाट व्यक्त गरिएका तर्क वा प्रस्तुतिको खण्डन, असहमति वा विमति राखिन्छ । यस वादविवादमा सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ भन्ने पक्षमा सीमा भट्टचन र मणिराम ढुङ्गानाले आफ्ना गहकिला तर्क प्रस्तुत गरेका छन् भने त्यसको विपक्षमा श्याम रञ्जितले आफ्ना तर्क प्रस्तुत गरेका छन् । गाउँ र सहरबीच जति अन्तर भएपनि त्यति नै घनिष्ठ सम्बन्ध हुन्छ । गाउँ र सहर दुवै एक अर्काका परिपूरक भएकाले सुखी जीवन बिताउनका लागि दुवै महत्वपूर्ण हुन्छन् भन्ने कुरा यस वादविादको विषयवस्तुले समेट्न खोजेको छ ।

### ४.२.२.३ पात्र वा चरित्र

विषयवस्तुको भूमिका निर्वाह गर्ने चरित्र नै त्यस पाठसँग सम्बन्धित पात्र, चरित्र वा वक्ता हुन् । संवादमा भूमिका अभिनय गर्ने पात्र भए झैं वादविवादमा पनि भागलिने व्यक्ति वा चरित्रलाई वक्ता भनिन्छ । यस वादविवादमा भागलिने वक्ता वा पात्रहरूका बारेमा निम्नानुसार चिनारी गरिएको छ -

**१. सीमा भट्टचन** :- सीमा भट्टचन यस वादविवादको पहिलो वक्ता हुन् । उनले सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ भन्ने विषयको पक्षमा आफ्ना गहकिला तर्क प्रस्तुत गरेकी छिन् । गाउँले जीवन शान्त, सफा, निश्छल, कर्मशील तथा स्वावलम्वी हुन्छ भन्ने

तर्कै सीमाको रहेको छ । सहरिया जीवन स्वार्थको भण्डार हो, सुविधा सम्पन्न मोजमज्जायुक्त, रमझमपूर्ण जीवन हुनु नै सुखी जीवन हो भन्नु वेकार छ किनकी विभिन्न साहित्यविद्हरूले पनि गाउँले जीवनलाई शान्त, सरल र निश्छल जीवनका रूपमा परिभाषित गर्दै प्रकृतितर्फ फर्क भन्ने सन्देश व्यक्त गरेका छन् भन्दै आफ्ना तर्कको पुष्ट्याइँ गर्नु उनको विषयको निचोड हो ।

२) **श्याम रञ्जित** :- यस वादविवादको दोश्रो वक्ता श्याम रञ्जित हुन् । उनले सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ भन्ने विषयको विपक्षमा आफ्ना तर्क प्रस्तुत गरेका छन् । सहरमा सरर्र मोटरमा गुड्न पाइनु, घरभित्रै धारा खोली नुहाउन पाइनु, मन लागेको चिज किनेर खान पाउनु, बिजुलीबत्ती झलमल्ल हुनु, टेलिफोन, स्वास्थ्य सेवा तथा टोलटोलमा विद्यालय हुनु के हामीले खोजेको सुख होइनन् भनेर श्याम रञ्जितले आफ्ना पक्षमा बलिया र गहकिला तर्क तार्किक ढङ्गले राखेर उनी सक्षम वक्ताका रूपमा प्रस्तुत भएका छन् ।

३) **मणिराम ढुङ्गाना** :- यस वादविवादको पक्षमा आफ्ना तर्क प्रस्तुत गर्ने दोस्रो वक्ता वा कार्यक्रममा अन्तिम वक्ता मणिराम ढुङ्गाना हुन् । उनका सबै तर्कहरूले सहरिया जीवनका तुलनामा गाउँले जीवन सुखी हुन्छ भन्ने कुरालाई केन्द्रित गरेको पाइन्छ । सहरिया जीवनको सुख क्षणिक सुख हो ताकि त्यो क्षणभरमा टुट्न सक्छ तर गाउँले जीवनको सुख वास्तविक सुख हो । स्वच्छ, सफा, हराभरा, मनोरम दृश्य, निश्छलता तथा शान्त जीवन नै सुखी जीवन हो भन्दै गाउँले जीवनको पक्षमा आफ्ना गहकिला तर्क मणिरामले पेश गरेका छन् ।

### ४.२.२.४ परिवेश

यस वादविवादमा विश्वनिकेतन मा.वि.को परिवेश प्रस्तुत गरिएको छ । विद्यालयको प्राङ्गणमा वादविवाद प्रतियोगिता सञ्चालन गरिएको छ । मञ्चको अगाडि सभापतिको आसन ग्रहण देखिन्छ भने मञ्चको एकातिर प्रतियोगी वक्ताहरू र अर्कातिर निर्णायक मण्डल बसिरहेका देखिन्छन् । अन्य विद्यालयका विद्यार्थीहरू मञ्चको सामुन्ने उत्सुकताकासाथ बसिरहेको दृष्य देखिन्छ ।  यस वादविवादको समय लगभग ४५ मिनेट देखि १ घण्टाको सेरोफेरोमा रहेको छ । विद्यालयको प्राङ्गणमा कार्यक्रमका लागि मञ्च तयार गरिएकोले सामान्य रूपमा मञ्च सिँगारिएको देखिन्छ ।

### ४.२.२.५ संवाद

यस वादविवादमा चारजना वक्ताहरूले शीर्षकको पक्ष र विपक्षमा गहकिला तर्कहरू प्रस्तुत गरेका छन् । संवादमा जस्तो वादविवादमा एक आपसमा कुराकानी नहुने हुनाले अप्रत्यक्ष रूपमा विपक्षका तर्कहरूलाई खण्डन गर्दै आफ्ना गहकिला तर्कहरू संवादका रूपमा प्रस्तुत गरिएको छ । वादविवादमा आफ्ना विचारहरू स्वतन्त्ररूपमा राख्न पाइने र अर्काका विचारहरूको खण्डन गर्न पाइने हुनाले यस वादविवादमा स्तर अनुकूल संवादको प्रयोग गरिएको छ ।

### ४.२.२.६ भाषाशैली

यस वादविवादको भाषाशैली सरल, सहज र बोधगम्य रहेको छ । वादविवादमा छोटाछोटा सरल वाक्यहरूको प्रयोग गरिएको छ भने सरल संयोजक (तर, र, अनि) जोडिएका संयुक्त वाक्यहरूको प्रयोग गरिएको छ । वादविवादमा तर्कपूर्ण बोलीको प्रयोग गर्नु पर्ने हुनाले यस वादविवादमा तार्किक भाषाको प्रयोग गरिएको छ भने कौतुहलपूर्ण तथा मिठासपूर्ण शैलीको प्रयोग गरिएको छ । विद्यालयको प्राङ्गणमा कार्यक्रम सञ्चालन गरिएको हुनाले कार्यक्रमलाई औपचाकिता दिइएको र औपचारिक भाषाको समेत प्रयोग गरिएको पाइन्छ ।

### ४.२.२.७ उद्देश्य

हरेक पाठको अन्त्यमा निश्चित उद्देश्य वा विचार वा शिक्षा प्राप्त गर्ने लक्ष्य राखिएको हुन्छ । भाषापाठ्यपुस्तकभित्रका प्रत्येक पाठबाट भाषिक सीप आर्जन गर्ने पहिलो उद्देश्य रहेको हुन्छ । त्यसका अतिरिक्त अन्य उद्देश्यहरू पनि रहेका हुन्छन् । यस तहमा 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ ' भन्ने शीर्षक राखिनुको उद्देश्य सानै तहदेखि बालबालिकाहरूलाई सहर र गाउँका बीचको भिन्नता नियाल्दै यी दुई बीचको अन्तरसम्बन्धको जानकारी गराउनु हो । अर्कातिर बालबालिकाहरूलाई सानै उमेरदेखि उस्तै खालका दुई विषयमा आ-आफ्ना तर्क प्रस्तुत गर्न र आफ्नो विषयको पुष्टि गर्न सक्षम बनाउँदै लैजानु पनि यस वादविवादको उद्देश्य हो । गाउँ र सहरको सही परिचय प्रस्तुत गर्दै

सफल जीवनयापन गर्नका लागि गाउँ र सहर दुवै अपरिहार्य हुन्छन् भन्ने देखाउनु यस पाठको प्रमुख उद्देश्य रहेको छ ।

### ४.२.३ गङ्गारामको न्याय एकाङ्कीको अध्ययन

विधागत आधारमा हेर्दा यो पाठ एकाङ्की हो । संस्थागत विद्यालयको नेपाली भाषापाठ्यपुस्तक 'नयाँ नेपाली शृङ्खला' कक्षा ६मा समाविष्ट यो एकाङ्कीका रचनाकार अशेष मल्ल हुन् । यस एकाङ्कीमा गाउँघरमा घट्ने सानातिना घटनाहरू वा सानातिना झै-झगडालाई यथार्थरूपमा विषयवस्तु बनाई प्रस्तुत गरिएको छ । गाउँघरमा सानातिना कुराले झगडा हुने र त्यस्तै झगडाले गाउँमा कसैको पनि उन्नति नहुने कुरालाई यस एकाङ्कीले यथार्थ रूपमा प्रष्ट्याएको छ । अब एकाङ्कीका संरचक तत्त्वका आधारमा यस पाठको विश्लेषण गर्ने प्रयत्न गरिएको छ :

#### ४.२.३.१ शीर्षक

यस एकाङ्कीको शीर्षक 'गङ्गारामको न्याय' रहेको छ । यस एकाङ्कीमा गाउँमा झै-झगडा परे मिलाइदिने गङ्गारामको न्यायलाई मुख्य रूपमा विषयवस्तु बनाइएको छ । गङ्गाराम गाउँका सबैभन्दा दानी, ज्ञानी,र सज्जन व्यक्ति भएकोले सबै गाउँलेहरूले उनलाई श्रद्धा गर्दथे । उनको न्याय पनि सही सत्य हुन्थ्यो । यस एकाङ्कीमा हर्के र बिर्खेको झगडालाई गङ्गारामले सही न्याय प्रदान गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ । यसरी न्याय होस् त गङ्गारामको जस्तो सही र सबैलाई मान्य होस् भन्ने कुरा यस एकाङ्कीको शीर्षकले प्रष्ट पारेको छ । त्यसैले यस एकाङ्कीको विषयवस्तु गङ्गारामको न्यायसँग सम्बन्धित रहेको र शीर्षक पनि गङ्गारामको न्याय राखिएकोले यस एकाङ्कीको शीर्षक सार्थक देखिन्छ ।

#### ४.२.३.२ विषयवस्तु

कुनै विषयमा सुरुदेखि अन्त्यसम्म सिलसिला मिलाई गरिने प्रस्तुति नै त्यस विषयको विषयवस्तु र कथावस्तु हो । यस एकाङ्कीको विषयवस्तु गाउँघरमा हुने सामान्य झै-झगडासँग सम्बन्धित छ । सुरुमा यस एकाङ्कीमा सूत्रधारको प्रवेश सँगै गंगारामको असल चरित्रको गुणगान गाइएको छ , मध्य भागमा हर्के र बिर्खे बीचको झगडा देखाइएको छ

भने अन्त्य भागमा गंगारामको न्याय प्रस्तुत गरिएको छ । हर्केले बिर्खेलाई कुवा बेचेको तर पानीचाहिँ नबेचेको भन्ने कुराले हर्के र बिर्खेको बीचमा विवाद भई झगडा भएको विषयवस्तुलाई यस एकाङ्कीमा प्रस्तुत गरिएको छ भने गंगारामको सबैको चित्त बुझ्दो न्याय सँगै एकाङ्कीको विषयवस्तु अन्त्य गरिएको छ । यसरी समाजमा हुने सामान्य झै-झगडालाई यथार्थ रूपमा यस एकाङ्कीमा विषयवस्तुका रूपमा समेटिएको छ ।

### ४.२.३.३ पात्र/चरित्र

कथावस्तुलाई अघि बढाउन भूमिका निर्वाह गर्नका लागि आउने तत्त्व पात्र वा चरित्र हो । एकाङ्कीमा थोरै पात्रहरूको प्रयोग गरिएको छ । यस एकाङ्कीमा हर्के, बिर्खे, गंगाराम र सूत्राधार पात्रको रूपमा प्रयोग भएका छन् । अब यस एकाङ्कीमा आएका पात्रहरूको चिनारी गराइन्छ :

(१) **हर्के** - हर्के यस एकाङकीको मुख्य चरित्र हो । हर्केको बेइमानीका कारण बिर्खेसँग झगडा भएको छ । हर्केले बिर्खेलाई आफ्नो कुवा बेचेको छ तर पानीचाहिँ नबेचेको कुरा गर्छ । त्यसैबीच कुवा किनेपछि पानी पनि मेरै हुन्छ भनेर बिर्खेले भनेपछि हर्के बिर्खेसँग झगडा गर्छ । हर्के र बिर्खेको झगडा गंगारामकोमा पुगेपछि गंगारामले कुवा किनेपछि पानी पनि बिर्खेको हुन्छ, हैन भने बिर्खेको कुवामा पानी किन राखेको त ? भनेर न्याय दिएपछि पश्चातापमा परेको पात्र हो, हर्के । त्यसैले हर्केलाई यस एकाङ्कीमा बेइमानी, नचाहिँदो कुरामा निहुँ खोज्ने, हेपाहा प्रवृति भएको पात्रका रूपमा चिनाउन सकिन्छ । यस एकाङ्कीको अन्त्यमा आफ्नो गल्ति महशुस गरी हर्के  पश्चातापमा परेको छ ।

(२) **बिर्खे** - बिर्खे यस एकाङ्कीको मुख्य पात्र हो । हर्केको बेइमानीमा  फसेको सोझो पात्र हो बिर्खे । हर्केसँग कुवा किनेर टाढाबाट पानी ल्याउने झन्झटबाट मुक्त हुन खोजेको बिर्खे  हर्केको कुवामात्र बेचेको तर पानी चाहिँ नबेचेको कुराले स्तब्ध भएको छ र गाउँका सबै भन्दा सज्जन, ज्ञानी, दानी गंगाराम कहाँ न्याय खोज्न पुगेको छ । बिर्खे कुवा किनेपछि पानी किन्नु पर्दैन, पानी त आफ्नै भैइहाल्छनी भन्ने कुरामा विश्वास राख्दछ र झगडा नगर्न आग्रह गर्दछ तर हर्केले बेइमानी गरेर झगडा गर्दा पनि हर्केलाई समेत सही न्याय प्राप्त गर्न गंगारामकहाँ सम्म पुऱ्याउन सक्ने सक्षम पात्रका रूपमा चिनिएको छ । यसरी बिर्खे समाजमा वा गाउँघरमा बसेर झगडा गर्नु हुँदैन भन्ने सोचाइ भएको इमान्दार तर चलाख, सही निर्णय लिन सक्ने, सज्जन पात्रको रूपमा प्रस्तुत भएको छ ।

(३) **गङ्गाराम** - गङ्गाराम यस एकाङ्कीका सहायक पात्र हुन् । उनी गाउँका एक दानी, ज्ञानी, सज्जन व्यक्ति हुन् । गाउँमा ख्याति कमाएका गङ्गाराम गाउँमा कसैको झगडा परे मिलाई दिने एक मात्र व्यक्ति हुन् । उनले कसैलाई तलमाथि नपारी सबैको चित्तबुझ्दो न्याय प्रदान गर्दछन् । यस एकाङ्कीमा पनि बिर्खे र हर्केलाई चित्तबुझ्दो न्याय प्रदान गरेका छन् । यस एकाङ्कीमा कुवा किनेपछि पानी पनि उसैको हुन्छ भन्ने उनको न्याय हो भने "एउटै गाउँमा बसेपछि एक-अर्कालाई मद्दत गर्नु पर्नेमा, मिलेर बस्नुपर्नेमा, बेइमानी गरेर, झगडा गरेर, नचाँहिदो कुरामा निहुँ खोज्ने हो भने कसरी उन्नति हुन्छ ?" भन्ने उनको आदर्श भनाइ हो । यसरी गङ्गारामलाई यस एकाङ्कीमा असल स्वभाव भएका, सज्जन, ज्ञानी, दानी, आर्दश चरित्रका रूपमा चिनाउन सकिन्छ ।

## ४.२.३.४ परिवेश

परिवेशले ठाउँ, समय, वातावरण, अवस्था र देशकाल तथा परिस्थितिका बारेमा जानकारी गराउँछ । यो एकाङ्की ग्रामीण परिवेशमा आधारित छ । यस एकाङ्कीमा गाउँघरमा हुने सामान्य कुवाको चित्रण गरिएको भने गाउँघरमा लेनदेन गर्दा गरिने कागज तथा सहीछापको पनि परिवेशको रूपमा चित्रण गरिएको छ । विशेष गरी यस एकाङ्कीमा गाउँघरमा सामान्य कुराले पनि छिमेकी छिमेकीबीच झगडा हुने सामाजिक यथार्थलाई विभिन्न द्वन्द्वको परिवेशका साथ प्रस्तुत गरिएको छ । यसरी विषयवस्तु अनुरूपको ग्रामीण परिवेशको चित्रण गरिएकोले यो एकाङ्की यथार्थपरक बन्न पुगेको छ ।

## ४.२.३.५ संवाद

नाटक र एकाङ्कीको लागि संवाद अनिवार्य मानिन्छ । पात्र वा चरित्रलाई गति दिने सशक्त माध्यम संवाद हो । यस एकाङ्कीमा चोटिलो संवादको प्रयोग गरिएको छ । हर्के, बिर्खे र गङ्गाराम बीचको संवादले एकाङ्कीलाई लक्ष्य प्राप्त गर्न सफल बनाएको छ । संवादमा छोटा, छरिता र मिठासपूर्ण वाक्यको प्रयोगलाई राम्रो मानिन्छ । यस आधारमा हेर्दा यस एकाङ्कीमा केही लामा वाक्यको प्रयोग गरिएकोले एकाङ्कीलाई कम उचाइमा पुऱ्याएको छ ।

## ४.२.३.६ भाषाशैली

यो एकाङ्कीमा प्रयोग गरिएको भाषा सरल, सहज र बोधगम्य छ । गद्यात्मक तथा ग्रामीण बोलचालको भाषा भएकोले यो एकाङ्की सहज बनेको छ । भाषिक प्रयोगको शैली निम्न माध्यमिक तहको बालबालिकाको स्तरलाई सुहाउँदो देखिन्छ । यस एकाङ्कीमा कथ्य नेपाली भाषाको प्रयोग भेटिए तापनि ठाउँठाउँमा आगन्तुक शब्दहरूको प्रयोगले मिठास थपेको छ । एकाङ्की दृश्य विधा भएको हुनाले यसमा प्रयुक्त भाषा सरल र बोलचालको छ भने कौतुहलपूर्ण तथा मिठासपूर्ण शैलीको प्रयोग गरिएको छ ।

### ४.२.३.७ उद्देश्य

कुनै पनि पाठको अन्त्यमा व्यक्तिले वा पाठकले प्राप्त गर्ने ज्ञान विचार वा शिक्षालाई त्यस पाठको उद्देश्य भनिन्छ । यस एकाङ्कीको उद्देश्य फट्याइँ गर्नु हुदैन र छिमेकीहरू खुल्ला हृदयले मिलेर बस्नु पर्छ भन्ने कुरा देखाउनु हो । त्यसैगरी न्याय गर्नेले सबैको चित्त बुझ्दो न्याय गर्नुपर्छ भन्ने कुरा पनि यस एकाङ्कीले झल्काएको छ । एउटै गाउँमा बसेपछि छिमेकी छिमेकी बीच एक अर्काले सहयोग गर्नुपर्ने, मिलेर बस्नु पर्ने, बेइमानी गर्न नहुने तथा नचाहिँदो कुरामा निहूँ खोजेर झगडा गर्न नहुने कुरालाई यस एकाङ्कीले झल्काएको छ । त्यसै गरी फट्याइँ गर्नु हुदैन बरु उन्नति तिर लाग्नु पर्दछ भन्ने सन्देश पनि यस एकाङ्कीले प्रस्तुत गरेको छ ।

## ४.२.४ 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस' वादविवादको अध्ययन

यो पाठ वादविवाद हो । यो वादविवाद संस्थागत विद्यालयको कक्षा - ६को 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट छ । वादविवादमा कुनै यस्तै दुई शीर्षकमा पक्ष र विपक्षकाबीचमा आफ्नो विषयलाई मूल्यवान्, महत्त्वपूर्ण र ठूलो देखाइ विपक्षका विषयमा खण्डन गरी तार्किकताका आधारमा खेलिने खेल वा युद्ध हो भनी परम्पराले देखाउँदै आएको छ । यस वादविवादमा पनि गाउँले जीवन र सहरिया जीवनबीचको अन्तरलाई तुलनात्मक रूपमा केलाउँदै गाउँले जीवन भन्दा सहरिया जीवनलाई खुसी जीवन वा राम्रो जीवनका रूपमा यस शीर्षकले स्पष्ट पारेको छ ।

### ४.२.४.१ शीर्षक

शीर्षक जुनसुकै पाठको पनि प्रवेशद्वार हो । यस पाठको शीर्षक 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस' भन्ने रहेको छ । यस वादविवादमा गाउँले जीवन र सहरिया जीवनका सरलता-जटिलता, राम्रा-नराम्रा आदि पक्षहरूलाई तर्कका माध्यमबाट व्यक्त गरिएको छ । वादविवादमा बोल्ने दुई जना वक्ताहरूले यस शीर्षकको पक्षमा र अरू दुई जना वक्ताहरूले विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गरेका छन् । वादविवादको विषयवस्तु र शीर्षकलाई हेर्दा गाउँले जीवन र सहरिया जीवन एक अर्काका परिपूरक भएपनि गाउँले जीवन भन्दा सहरिया जीवन नै बेस हुन्छ भन्ने निश्कर्ष निकालिएको छ । यसरी वादविवादको सुरुदेखि अन्त्यसम्म नै गाउँले जीवन र सहरिया जीवनबीच तर्कवितर्क गरिएको र विषयवस्तु र शीर्षकबीच पनि सामञ्जस्य देखिएकोले यस वादविवादको शीर्षक उचित र सार्थक देखिन्छ ।

### ४.२.४.२ विषयवस्तु

यस वादविवादको विषयवस्तु गाउँले जीवन र सहरिया जीवनबीचको तर्कपूर्ण प्रस्तुतीकरण रहेको छ । वादविवादमा आफ्ना पक्षको विषयको समर्थन तथा पुष्टि गर्नु र विपक्षका तर्क वा प्रस्तुतिको खण्डन, असहमति वा विमति राख्नु वादविवादको धर्म हो । यस वादविवादमा गाउँले जीवनभन्दा सहरिया जीवन बेस हुन्छ भन्ने पक्षमा रामप्रसाद राई र नानीमैया मर्हजनले आफ्नो गहकिला तर्क प्रस्तुत गरेका छन् भने विपक्षमा पार्वती अग्रवाल र सुनील परियारले आफ्ना तर्क प्रस्तुत गरेका छन् । गाउँ र सहरबीच जति अन्तर भएपनि यी बीच घनिष्ठ सम्बन्ध रहेको हुन्छ । गाउँ र सहर एक अर्काका परिपूरक भएपनि यस वादविवादमा गाउँले जीवन भन्दा सहरिया जीवन नै आनन्ददायी हुन्छ भन्ने विषयवस्तु समेटिएको छ ।

### ४.२.४.३ पात्र/चरित्र

विषयवस्तुको भूमिका निर्वाह गरी पाठलाई उद्देश्यसम्म पुऱ्याउने महत्त्वपूर्ण वस्तु वा तत्त्व पात्र, चरित्र वा वक्ता हुन् । वादविवादमा अभिनय गर्न नपर्ने भएकाले यसमा प्रयोग भएका पात्रलाई वक्ता भन्ने गरिन्छ । यस वादविवादमा भागलिने वक्ता वा पात्रहरूलाई निम्नानुसार चिनारी गराइन्छ :

(१) **रामप्रसाद राई** :- रामप्रसाद राई यस वादविवादको पहिलो वक्ता हुन् । उनले 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस हुन्छ' भन्ने विषयको पक्षमा आफ्ना गहकिला तर्क पेश

गरेका छन् । उनका अनुसार सहरिया जीवन सभ्यताको चिन्ह हो । सहरमा हरेक किसिमका सुख सुविधाहरू पाइन्छ । त्यसैले उनले गाउँले जीवनभन्दा सहरिया जीवन नै आनन्ददायक हुन्छ, भन्ने तर्क प्रस्तुत गरेका छन् ।

(२) **पार्वती अग्रवाल** :- यस वादविवादमा दोस्रो वक्तामा रूपमा पार्वती अग्रवाल आएकी छिन् । उनले 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस हुन्छ' भन्ने विषयको विपक्षमा आफ्ना गहकिला तर्क राखेकी छिन् । उनका अनुसार सहरिया जीवन कृत्रिमता, दुर्गन्ध, खोक्रोपन, आडम्बर, चिन्ता, असन्तोष भित्र रुमल्लिएको जीवन हो । गाउँले जीवनका सादा जीवन, परिश्रम गर्ने बानी, निश्छल व्यवहार, आपसी मेलमिलाप, स्वास्थ्य तथा सुन्दरता आदि कुराहरू सहरियाहरूले अनुकरण गर्नुपर्ने तर्क उनको रहेको छ ।

(३) **नानीमैया महर्जन** :- नानीमैया महर्जन यस वादविवादको तेस्रो वक्ताकी रूपमा आएकी छिन् । उनले 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस हुन्छ' भन्ने विषयको पक्षमा आफ्ना तर्क पेश गरेकी छिन् । उनले सुखी जीवन र सभ्यताका लागि मानिसहरूले अफ्रिकाको जंगल फाडेर सहर बनाएको र चन्द्रमामा समेत सहर बसाल्ने सुरसार गरिरहेको तर्क पेश गर्दै सहरिया जीवनको पक्षमा उभिएकी छिन् । यत्रो ज्ञानविज्ञानको विकास भैरहेको सहरमा सहरिया जीवनको निन्दा गर्नु भनेको प्रगतिको विरोध गर्नु हो भन्ने उनको गहकिलो तर्क हो । उनी आफ्नो विषयमा समर्थन जुटाउन चाहन्छिन् ।

(४) **सुनील परियार** :- यस वादविवादको चौथो एवं अन्तिम वक्ताका रूपमा सुनील परियार आएका छन् । उनले 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस हुन्छ' भन्ने विषयको विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्दै प्रकृति तर्फ फर्कन आग्रह गरेका छन् । दया, माया र सहयोग जस्ता गुणहरूको सहरमा कुनै मूल्य छैन भन्ने तर्क उनको रहेको छ । उनका अनुसार सुखी जीवन जिउनको लागि दया, माया, सहयोग, निश्छलता जस्ता गुणहरू चाहिने र त्यो गाउँले जीवनमा मात्र सम्भव हुने कुरा सुनील परियारको तर्क रहेको छ । उनका सम्पूर्ण तर्कहरू गाउँले जीवनसँग सम्बधित रहेको छ ।

## ४.२.४.४ परिवेश

यस वादविवादको सम्पूर्ण परिवेश विद्यालयको कुनै एउटा कक्षाकोठासँग सम्बन्धित रहेको छ । यस वादविवादको समय लगभग ४५-५० मिनेटको सेरोफेरोमा रहेको छ ।

विद्यालयको कक्षाकोठाभित्र कार्यक्रम सञ्चालन गरिएको हुनाले मञ्च सिंगारिएको पाइँदैन, केवल डेक्स बेञ्च, टेबल कुर्सी मिलाएर राखिएको छ । सभापतिको आसनमा विद्यालयका प्रधानाध्यापक बसेका देखिन्छन् भने सभापतिका दायाँ बायाँ तीन जना शिक्षकहरू निर्णायकका रूपमा बसेका छन् । सहभागी वक्ताहरू बेञ्चमा पङ्तिवद्ध भएर बसिरहेको परिवेशको पनि प्रस्तुत गरिएको छ ।

### ४.२.४.५ संवाद

यस वादविवादमा चारजना वक्ताहरूले तर्कपूर्ण संवाद प्रस्तुत गरेका छन् । 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस' भन्ने विषयको पक्षमा दुईजना वक्ताहरूले तार्किक संवाद प्रस्तुत गरेका छन् भने अन्य दुईजना वक्ताहरूले विपक्षका तर्कहरूलाई खण्डन गर्दै आफ्ना गहकिला तर्क प्रस्तुत गरेका छन् । गाउँले जीवन र सहरिया जीवनका विशेषताहरू संवादका रूपमा विद्यार्थीहरूले सहजै प्रस्तुत गर्न सक्ने हुनाले यस वादविवादको संवाद स्तरअनुकूल नै देखिन्छ ।

### ४.२.४.६ भाषाशैली

यस वादविवादमा प्रयुक्त भाषाशैली निम्न माध्यमिक तहका बालबालिकाहरूको स्तरअनुकूल नै देखिन्छ । वादविवादमा प्रयुक्त सरल शब्द र वाक्य गठनले वादविवादको महत्त्वलाई झल्काएको छ । वादविवादमा आफ्ना तर्कपूर्ण विचारहरू प्रस्तुत गर्नुपर्ने हुनाले यस वादविवादमा तार्किक भाषाशैलीको प्रयोग गरिएको छ ।

### ४.२.४.७ उद्देश्य

भाषा पाठ्यपुस्तकभित्रका हरेक पाठहरूको भाषिक सीप आर्जन गर्ने पहिलो उद्देश्य रहेको हुन्छ भने त्यसका अतिरिक्त अन्य उद्देश्यहरू पनि रहेका हुन्छन् । यस तहमा 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस हुन्छ' भन्ने शीर्षक राखिनुको उद्देश्य सानै तहदेखि बालबालिकाहरूलाई सहर र गाउँकाबीचको भिन्नताको पहिचान गर्दै यी दुई बीचको अन्तरसम्बन्धको जानकारी गराउनु हो । अर्कातिर बालबालिकाहरूलाई सानै उमेरदेखि उस्तैखालका दुई विषयमा आ-आफ्ना तर्क प्रस्तुत गर्न र आफ्नो विषयको पुष्टि गर्न सक्षम बनाउँदै लैजानु पनि यस वादविवादको उद्देश्य हो । तार्किक ढङ्गबाट गाउँ र सहरका

विशेषताहरू प्रस्तुत गर्दै सफल जीवनयापन गर्नका लागि यी दुवै अपरिहार्य हुन्छन् भन्ने देखाउनु यस पाठको प्रमुख उद्देश्य रहेको छ ।

### ४.२.५ 'उत्तम हाम्रो भाइ हो !' एकाङ्कीको अध्ययन

यो पाठ एकाङ्की हो । संस्थागत विद्यालयको पाठ्यांशमा समावेश गरिएको यो एकाङ्की 'नयाँ नेपाली शृङ्खला' कक्षा ६ को पाठ्यपुस्तकमा राखिएको छ । यस एकाङ्कीका रचनाकार रमेश विकल हुन् । लेखकले यस एकाङ्कीमा विभिन्न दृश्यहरू देखाउँदै अपाङ्गहरूले पनि पढ्ने-लेख्ने अवसर पाए भने निक्कै राम्रो  सफलता प्राप्त गर्दछन् भन्ने कुरालाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । प्रस्तुत एकाङ्कीलाई तत्त्वगत आधारमा यसरी विश्लेषण गर्न सकिन्छ :

### ४.२.५.१ शीर्षक

यस एकाङ्कीको शीर्षक 'उत्तम मेरो भाइ हो ' रहेको छ । यस एकाङ्कीमा उत्तम नाम गरेको एकजना पात्रको केन्द्रीयतामा  कथावस्तु अघि बढेको छ । उत्तम एक अपाङ्गता भएको पात्र हो । उसलाई आमा कौशल्याले विद्यालयमा भर्ना गराउन लैजाँदा प्रधानाध्यापकले भर्ना गर्ने समय सकिएको र सिट पनि खाली नभएकोले भर्ना गर्न अस्विकार गर्छन् तर त्यसै विद्यालयमा अध्ययनरत विद्यार्थीहरू माया, गीता, अमर, विक्रम आदिले उत्तमलाई पनि सँगै राखेर पढ्न दिने र उत्तमलाई सबैले भाइ मान्ने भनेपछि प्रधानाध्यापकले उत्तमको भर्ना गरिदिन्छन् । त्यसैक्रममा उत्तमले जिल्लास्तरीय परीक्षामा सबैभन्दा बढी अङ्क ल्याएर सबैको मान बढाइदिएकोले सबैले उत्तमलाई अँगालोमा लिएर हाम्रो भाइ उत्तम ! भनेर खुसीयाली मनाउँछन् । यसरी यस एकाङ्कीको सम्पूर्ण कथावस्तु उत्तमसँग सम्बन्धित रहेको र उत्तमलाई सबैले भाइ भनेर माया गरेको प्रसङ्गले यस एकाङ्कीको शीर्षक सार्थक देखिन्छ । खासगरी एकाङ्कीको सुरुदेखि अन्तिमसम्मकै विषयवस्तु उत्तमसँग सम्बन्धित रहनु र शीर्षक पनि 'उत्तम हाम्रो भाइ हो' राख्नुले यस एकाङ्कीको शीर्षक उचित देखिन्छ ।

### ४.२.५.२ विषयवस्तु

जुनसुकै साहित्य कृतिको सिर्जना गर्नको लागि विषयवस्तुको अनिवार्यता रहन्छ । कथा, उपन्यास, निबन्धमा जस्तै एकाङ्कीमा पनि कुनै न कुनै विषयवस्तु रहेको हुन्छ । यस एकाङ्कीको विषयवस्तु अपाङ्गले पनि पढ्ने-लेख्ने अवसर पाए भने निकै राम्रो सफलता प्राप्त गर्छन् भन्ने रहेको छ । उत्तमलाई आफ्नो परिवारमा जति हेला गरेपनि आमा कौशल्याले विद्यालयमा भर्ना गरेपछि सबैको आँखाको नानी बनेको छ । उसले जिल्लास्तरको परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याएर सरकारको तर्फबाट स्वर्णपदक प्राप्त गरेको विषयवस्तु प्रस्तुत गरिएको छ । यसरी अपाङ्गता भएको उत्तमले आफ्नी आमा, शिक्षक तथा साथीभाइको सहयोग र हौसलाले राम्रो सफलता प्राप्त गरेको विषयवस्तु यस एकाङ्कीको मूल मेरुदण्ड हो ।

## ४.२.५.३ पात्र / चरित्र

कथावस्तुलाई अघि बढाउने वा अभिनय गर्ने वस्तु नै पात्र वा चरित्र हो । एकाङ्कीमा पात्रको सर्वोपरी भूमिका रहन्छ । यस एकाङ्कीमा एक दर्जन जति पात्रहरूको प्रयोग गरिएको छ । यस एकाङ्कीको केन्द्रीय पात्र उत्तम हो भने कौशल्या, घनश्याम र चञ्चला सहायक पात्र हुन् । त्यसैगरी प्रधानाध्यापक, पाले, केटाकेटी, माया, अमर, विक्रम, गीता, टीके आदि गौण पात्रहरू हुन् । अब यस एकाङ्कीका मुख्य मुख्य पात्रहरूको चिनारी गराइन्छ :-

१) **उत्तम** :- उत्तम यस एकाङ्कीको केन्द्रीय चरित्र हो । उत्तमको केन्द्रीयतामा कथावस्तु अघि बढेको छ । उत्तम अपाङ्गता भएको पात्र हो । ऊ बाबुविनाको टुहुरो छ । उसलाई दाजु भाउजूले पनि वास्ता गर्दैनन् तर आमाले उसलाई ठूलो मान्छे बनाउने आशामा धेरै दुःख गरेर विद्यालयमा भर्ना गरिदिन्छिन् । उत्तमले पनि पढाइमा राम्रो प्रगति गर्दै जिल्ला स्तरको परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याउँछ । यसरी पढाइमा तेज भएको हुनाले उत्तमले पढाइमा राम्रो प्रगति गर्दै आमाको सपना मात्र पूरा गरेन विद्यालयको मान पनि बढाइदियो । यसरी उत्तमलाई यस एकाङ्कीमा अपाङ्गता भएको, बाबुविनाको टुहुरो, तीक्ष्ण बुद्धि भएको, आमाको सपना पूरा गर्ने, असल चरित्र भएको पात्रका रूपमा चिनाउन सकिन्छ ।

२) **कौशल्या** :- कौशल्या यस एकाङ्कीमा सहायक भूमिकामा देखा परेकी छिन् । उनी उत्तमकी आमा हुन् । उत्तम सानै छँदा उनका श्रीमानको मृत्यु भएकोले अपाङ्ग छोरालाई पालनपोषण गर्ने जिम्मा उनैको काँधमा आएको छ । हातगोडा लागेका छोरा-बुहारीले पनि

उनलाई वास्ता नगरी घरबाट निस्केर हिँड्छन् । तरपनि आफ्नो अपाङ्ग छोरालाई पढाएर ठूलो मान्छे बनाउने हिम्मत लिएकी कौशल्या साहसी, धैर्य र आँटी पात्रका रूपमा प्रस्तुत भएकी छिन् । अपाङ्ग छोरालाई ठूलोमान्छे बनाउने आँट उनको कहिल्यै डग्मगाएन । त्यसैले उनी गतिहीन पात्रका रूपमा देखिएकी छिन् । यसरी कौशल्यालाई यस एकाङ्कीमा नियतिले ठगिएकी, विधवा, अपाङ्ग छोराको पालनपोषण गर्न बाध्य भएकी, अपाङ्ग छोरालाई आफ्नै खुट्टामा उभ्याउन धेरै दुःख भोगेकी, साहसी, आँटी, धैर्य, मिहिनेती पात्रका रूपमा चिन्न सकिन्छ ।

३) **घनश्याम** :- घनश्याम यस एकाङ्कीको सहायक पात्र हो । ऊ उत्तमको दाजु हो । सुरुसुरुमा उसले आफ्नो पसिना बगाएर आफ्नो परिवार पाल्दै आएको छ तर पछि उत्तमका निहूँमा झगडा गरेर अपाङ्ग भाइ र विधवा आमालाई छोडेर श्रीमतीसँग घर छोडेर छुट्टिएको छ । यसरी हेर्दा घनश्याम गतिशील पात्र हो । अपाङ्ग भाइलाई आफ्नी श्रीमतीले खान नदिएको निहूँमा झगडा पर्दा श्रीमतीलाई बुझाउन नसक्ने, आफ्नी विधवा आमा र भाइलाई दोष लगाउने, श्रीमतीको कुरा काट्न नसक्ने, जोइटिङ्ग्रे पात्रको रूपमा घनश्याम यस एकाङ्कीमा प्रस्तुत भएको छ ।

४) **चञ्चला** :- चञ्चला यस एकाङ्कीको सहायक पात्रका रूपमा आएकी छिन् । उनी उत्तमकी भाउजू हुन् भने घनश्यामकी श्रीमती हुन् । अपाङ्गता भएको एउटा सानो बालक उत्तमलाई खान नदिने, बिनाकाम गाली गर्ने चञ्चला खराब चरित्र भएकी पात्र हुन् । उनी अपाङ्ग देवर उत्तम र सासू कौशल्यालाई लत्याएर झगडा गर्दै छुट्टिएर जाने निर्दयी पात्र हुन् । घरमा झगडा गरी अपाङ्ग देवर र विधवा सासूलाई छोडी श्रीमान्लाई समेत छुट्टिन बाध्य बनाउने चञ्चला अविवेकी पात्र हुन् । यसरी चञ्चला यस एकाङ्कीमा खराब चरित्र भएकी, असफल गृहिणी, असफल बुहारी, दुष्ट भाउजू, अविवेकी, निर्दयी, गतिहीन पात्रका रूपमा प्रस्तुत भएकी छिन् ।

### ४.२.५.४ परिवेश

परिवेशले एकाङ्कीको विषयवस्तुलाई जीवन्त तुल्याउँछ । विषयवस्तुलाई यथार्थतासम्म पुऱ्याउन परिवेशको महत्त्वपूर्ण भूमिका रहन्छ । यस एकाङ्कीमा उत्तमको घर परिवार, सुत्नेकोठा, विद्यालय वरिपरिको वातावरण, थुम्के गाउँ आदि परिवेशका रूपमा चित्रण भएका छन् । उत्तमको घरपरिवारमा भएको झगडा, भनाभन्, उत्तमलाई लिएर

कौशल्या विद्यालय पुगेको अवस्था, विद्यालयको चौरमा केटाकेटी आउजाउ गरिरहेको, एउटा कोठा अगाडि पाले बसेको र ढोकामाथि प्रधानाध्यापकको नामपट्ट टाँसिएको परिवेशको पनि चित्रण गरिएको छ । त्यसै गरी मानवेत्तर पात्र टिके वरिपरि दगुर्दै खुसीले पुतलीहरूलाई लखेट्दै गरेको र जिल्लास्तरीय परीक्षामा उत्तमले सर्वोत्कृष्ट अङ्क ल्याएकोमा केटाकेटीहरू खुसीले अङ्कमाल गर्दै नाच्दै गरेको परिवेशको पनि चित्रण गरिएको छ ।

### ४.२.५.५ संवाद

नाटक र एकाङ्कीको लागि संवाद मुटु मानिन्छ । पात्र वा चरित्रलाई गतिदिने सशक्त माध्यम संवाद हो । यस एकाङ्कीमा प्रयोग भएको संवाद चोटिलो र कौतुहलपूर्ण छ । कौशल्या र चञ्चलाबीचको संवाद, कौशल्या र प्रधानाध्यापकबीचको संवादले एकाङ्कीलाई लक्ष्य प्राप्त गर्न सफल बनाएको छ । संवादमा छोटा छरिता र मिठासपूर्ण वाक्यको प्रयोगलाई राम्रो मानिन्छ । यस आधारमा हेर्दा यस एकाङ्कीमा केही लामा वाक्यको प्रयोग भएको कुरालाई नकार्न मिल्दैन ।

### ४.२.५.६ भाषाशैली

यस एकाङ्कीमा प्रयोग भएको भाषा सरल छ । निम्नमाध्यमिक तहका बालबालिकाको स्तरलाई मिल्नेखालको भाषिक शैलीको प्रयोग भएकोले भाषा गद्यात्मक र सहज छ । कथ्य नेपालीभाषाको प्रयोगका साथै ठाउँठाउँमा उखानटुक्का र आगन्तुक शब्दहरूको प्रयोगले एकाङ्की अझ उत्कृष्ट र मिठासपूर्ण बनेको छ ।

### ४.२.५.७ उद्देश्य

कुनै पनि पाठको अन्त्यमा व्यक्तिले प्राप्त गर्ने ज्ञान वा रचनाकारको दृष्टिकोणलाई उद्देश्य भनिन्छ । सबै साहित्यिक रचनाहरूका कुनै न कुनै उद्देश्य रहन्छन् । यस एकाङ्कीको उद्देश्य अपाङ्गहरूले पनि पढ्ने-लेख्ने अवसर पाएभने निकै राम्रो सफलता प्राप्त गर्दछन् भन्ने कुरा देखाउनु हो । यस एकाङ्कीमा अपाङ्गता भएका व्यक्तिहरूलाई कमजोर ठानी हेला गर्ने प्रवृत्तिले परिवारमा झै-झगडा हुने र अपाङ्गता भएका व्यक्तिहरूको मानसिकतामा ठूलो चोट पर्ने कुरा पनि देखाइएको छ । यस एकाङ्कीको मुख्य पात्र उत्तमले

सही अवसर पाएर अपाङ्ग भएपनि निक्कै राम्रो सफलता प्राप्त गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ ।

### ४.२.६ 'धनभन्दा विद्या ठूलो' वादविवादको अध्ययन

यो पाठ वादविवाद हो । यो वादविवाद संस्थागत विद्यालयको पाठ्यांशअन्तर्गत 'नयाँ नेपाली शृङ्खला' कक्षा ६ भित्र समाविष्ट छ । यस वादविवादमा धन र विद्याकाबीचमा तर्कपूर्ण तरिकाले तुलनात्मक नापतौल गरी विद्या आर्जन गर्नु नै ठूलो कुरा पुष्टि गरिएको छ ।

### ४.२.६.१ शीर्षक

यस वादविवादको शीर्षक 'धनभन्दा विद्या ठूलो' रहेको छ । यस वादविवादको शीर्षकले धन जति नै कमाए पनि धन भन्दा विद्या नै ठूलो हुन्छ भन्ने सङ्केत गरेको छ । यस वादविवादमा चारजना वक्ताहरूले धनभन्दा विद्या ठूलो भन्ने विषयको पक्ष र विपक्षमा तर्कहरू प्रस्तुत गर्दै आ-आफ्ना विचारलाई अघि सारेका छन् । यसरी वादविवादको सम्पूर्ण समयावधि धन र विद्याको सेरोफेरोमा रहेर तर्कवितर्क गरिएको र धनलाई भन्दा विद्यालाई बढी महत्त्व दिएर शीर्षकको चयन गरिएकोले यस वादविवादको शीर्षक र विषयवस्तुमा घनिष्ठ सम्बन्ध देखिन्छ । त्यसैले यस वादविवादको शीर्षक सार्थक देखिन्छ ।

### ४.२.६.२ विषयवस्तु

यस वादविवादको विषयवस्तु धन र विद्याबीचको तर्कपूर्ण प्रस्तुतीकरण रहेको छ । वादविवादमा आफ्नो विषय वा पक्षमा समर्थन जुटाइन्छ भने विपक्षका तर्क वा प्रस्तुतिको खण्डन गरिन्छ । यस वादविवादमा पनि 'धनभन्दा विद्या ठूलो' भन्ने विषयको पक्षमा विजय सुवेदी र रमेश श्रेष्ठले आ-आफ्ना तर्क प्रस्तुत गरेका छन्  भने विषयको पक्षका तर्कहरूलाई खण्डन गर्दै रामकृष्ण बस्नेत र चाँदनी महतले विषयको विपक्षमा आ-आफ्ना तर्क प्रस्तुत गरेका छन् । मानवलाई सफल जीवनयापन गर्न धन र विद्या दुवै महत्त्वपूर्ण हुने कुरामा कुनै दुईमत छैन । त्यसैले यस वादविवादले गहन विषयवस्तुलाई समेटेको छ ।

### ४.२.६.३ पात्र/चरित्र

विषयवस्तुलाई लक्ष्यसम्म पुऱ्याउनका लागि भूमिका निर्वाह गर्ने पात्र वा चरित्रलाई नै वक्ता भनिन्छ । यस वादविवादमा विजय सुवेदी, रमेश श्रेष्ठ, रामकृष्ण बस्नेत र चाँदनी महत वक्ताका रूपमा प्रस्तुत भएका छन् । अब उपर्युक्त वक्ताहरूको क्रमशः चिनारी गराइन्छ :-

१) **विजय सुवेदी** :- विजय सुवेदी यस वादविवादको पहिलो वक्ता हुन् । उनले 'धनभन्दा विद्या ठूलो' भन्ने विषयको पक्षमा आफ्ना गहकिला तर्क प्रस्तुत गरेका छन् । उनकाअनुसार धनले मानिसलाई लोभी, अहङ्कारी र अल्छे बनाउँछ तर विद्याले मानिसलाई नम्र, अनुशासित, मर्यादित र महान् बनाउँछ । त्यसैले धनभन्दा विद्या ठूलो हो भन्ने उनको निचोड हो ।

२) **रामकृष्ण बस्नेत** :- रामकृष्ण बस्नेत यस वादविवादको दोस्रो वक्ता हुन् । उनले विषयको विपक्षमा आफ्ना गहकिला तर्क प्रस्तुत गरेका छन् । उनका अनुसार धनविना विद्या सम्भव छैन, धन जोसँग छ उसलाई सबैले आदर सत्कार, मान-मर्यादा गर्छन् र धनबाटै सबै कुराहरू जुटाउन सकिन्छ । त्यसैले विद्याभन्दा धन नै ठूलो हो भन्ने उनको आशय हो ।

३) **रमेश श्रेष्ठ** :- रमेश श्रेष्ठ यस वादविवादका तेस्रो वक्ता हुन् । उनले विषयको विपक्षमा तर्क राख्ने रामकृष्ण बस्नेतका तर्कहरूको खण्डन गर्दै विषयको पक्षमा आफ्ना गहकिला तर्क प्रस्तुत गरेका छन् । उनका अनुसार मानिसलाई मानिस भएर बाँच्न विद्या चाहिन्छ । विद्याले मूर्खलाई ज्ञानी बनाउँछ । महाकवि लक्ष्मीप्रसाद देवकोटा, कवि रबीन्द्रनाथ ठाकुर, नाटककार सेक्सपियर, उपन्यासकार गोर्की धनले अमर भएका होइनन् विद्याले अमर भएका हुन् । विद्यालाई न चोरले चोर्न सक्छ न अंशवण्डा गर्न मिल्छ । विद्या त जति बाँड्यो उति बढ्छ त्यसैले विद्यासँग धनको तुलना हुन सक्दैन भन्ने उनको तर्कपूर्ण निचोड हो ।

४) **चाँदनी महत** :- चाँदनी महत यस वादविवादकी चौथो वा अन्तिम वक्ता हुन् । उनले 'धनभन्दा विद्या ठूलो' भन्ने विषयको विपक्षमा आफ्ना गहकिला तर्क प्रस्तुत गर्दै पक्षमा बोल्ने प्रतिस्पर्धीहरूका तर्कलाई खण्डन गरेकी छिन् । उनका अनुसार धनमै सबै कुरा अडेका छन् । मानिसलाई कुलीन बनाउन, विद्वान् बनाउन, समाजसेवी, दानी बनाउन, समाजमा

इज्जत कमाउन धन नै चाहिन्छ । त्यसैले विद्या भन्दा धन नै ठूलो हो भन्ने निचोड उनको रहेको छ ।

### ४.२.६.४ परिवेश

यस वादविवादमा विद्यालयीय परिवेशको प्रयोग गरिएको छ । यस वादविवादको समयावधि लगभग ४०-४५ मिनेटको सेरोफेरोमा रहेको छ । विद्यालयको सभाकक्षमा एकातिर विद्यार्थीहरू, अर्कातिर शिक्षकहरू र मञ्चको अगाडिपट्टि निर्णायक मण्डल र प्रधानाध्यापक मेचमा बसेका र सञ्चालकले मञ्चको अगाडिबाट कार्यक्रम सञ्चालन गरेको परिवेशको चित्रण गरिएको छ ।

### ४.२.६.५ संवाद

यस वादविवादमा तर्कपूर्ण संवाद प्रस्तुत गरिएको छ । 'धन भन्दा विद्या ठूलो' भन्ने विषयमा बोल्ने चारजना वक्तहरूमध्ये दुईजना वक्ताहरूले विषयको पक्षमा र अन्य दुईजना वक्ताहरूले विषयको विपक्षमा आफ्ना गहकिला तथा तर्कपूर्ण संवाद प्रस्तुत गरेका छन् । संवादका क्रममा प्रयोग गरिएका वाक्यहरू केही लामा देखिन्छन् भने शब्द चयन पनि अलि जटिल किसिमको नै देखिन्छ । यसरी हेर्दा यो वादविवाद कक्षा ६ का बालबालिकाहरूका लागि अब्बल दर्जाको देखिन्छ ।

### ४.२.६.६ भाषाशैली

यस वादविवादमा तार्किक भाषाशैलीको प्रयोग गरिएको छ । यस वादविवादमा तर्क प्रस्तुत गर्दा धन र विद्यासँग सम्बन्धित विभिन्न देश विदेशसम्मका उदाहरणहरू प्रस्तुत गर्दा केही जटिल शब्दहरूको प्रयोग पाइन्छ भने वाक्य गठनमा समेत जटिलता देखिन्छ । यो वादविवाद विद्यालयको सभाकक्षभित्र औपचारिक रूपमा सञ्चालन गरिएको हुनाले स्तरीय कथ्य नेपाली भाषाको प्रयोग गरिएको छ । यसरी भाषाशैलीका दृष्टिले यो वादविवाद कक्षा

६ का बालबालिकाहरूको स्तरअनुकूल देखिँदैन तर माथिल्लो तहका लागि भने उपयोगी मान्न सकिन्छ ।

### ४.२.६.७ उद्देश्य

हरेक पाठको अन्त्यमा निश्चित उद्देश्य वा विचारको अपेक्षा राखिएको हुन्छ । भाषापाठ्यपुस्तकभित्रको प्रत्येक पाठबाट भाषिक सीप आर्जन गर्ने उद्देश्य राखिएको हुन्छ । त्यसका अतिरिक्त अन्य उद्देश्यहरू पनि राखिएका हुन्छन् । यस तहमा 'धनभन्दा विद्या ठूलो' शीर्षकको वादविवाद राखिनुको मुख्य उद्देश्य बालबालिकाहरूलाई सानै उमेरदेखि विद्याको महत्त्व दर्शाउँदै विद्या नै मानवको सबैभन्दा ठूलो बाँच्ने आधार हो भन्ने शिक्षा प्रदान गर्नु हो । यस वादविवादमा धन र विद्याका बीचमा सान्दर्भिक तर्कहरू प्रस्तुत गरिएको छ । धन र विद्याबीचको अन्तरसम्बन्ध देखाउँदै यस वादविवादमा मानवका लागि सबैभन्दा ठूलो बाँच्ने आधार विद्या नै हो । धनले सबैथोक किन्न र मन लागेको काम गर्न सक्ने भएपनि विद्या विना केही सम्भव नहुने र विद्याले नै मानवलाई भद्र, अनुशासित तथा महान् बनाउने यथार्थ प्रस्तुत गर्नु पनि यस वादविवादको मुख्य उद्देश्य हो ।

## ४.३ भाषिक सीप आर्जनका दृष्टिले विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

यहाँ 'हाम्रो नेपाली किताब' कक्षा ६ को रूपक विधाभित्र समाविष्ट दुईवटा पाठहरू र 'नयाँ नेपाली शृङ्खला' कक्षा ६ को रूपक विधाभित्र समाविष्ट चारवटा समान पाठहरूको भाषिक सीप आर्जनका आधारमा तुलनात्मक विश्लेषण गरिएको छ । भाषिक सीप अन्तर्गत् भाषाका चार अङ्ग सुनाइ, बोलाइ, पाढाइ र लेखाइ पर्दछन् । अब निम्नमाध्यमिक तहको नेपालीभाषा पाठ्क्रम (२०५८) को रूपक विधाभित्रका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपका उद्देश्य सहित उल्लिखित समान पाठहरूको विश्लेषण गरिन्छ ।

निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम (२०५८) को रूपक विधाभित्रको सुनाइ सीपका उद्देश्यहरू निम्नानुसार रहेका छन् :-

**सुनाइ सीप**

क) विभिन्न किसिमका ध्वनिहरू सुनी तिनको पहिचान गर्न,

ख) उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याउन,

ग) उच्चारित शब्दहरू पहिचान गर्न,

घ) अरूले वर्णन गरेका कुराहरू ध्यानपूर्वक सुन्न,

ङ) अरूले वर्णन गरेका कुराहरू सुनी आफ्ना शब्दमा व्यक्त गर्न,

च) विवादात्मक अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न,

छ) रूपक विधाका विभिन्न मौखिक अभिव्यक्ति सुनी त्यसमा प्रयुक्त चेष्ट, अभिनय आदिको प्रदर्शन गर्न,

ज) विवादात्मक, संवादात्मक अभिव्यक्तिलाई हाउभाउ, चेष्टा, अभिनय आदिको ख्याल गरी सुन्न ।

यी नै सीपका आधारमा उल्लिखित समान पाठहरूको विश्लेषण निम्नानुसार गरिन्छ :-

## ४.३.१ सुनाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक विश्लेषण

### ४.३.१.१ सुनाइ सीपका आधारमा 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' भन्ने संवादको अध्ययन

बालबालिकाहरूले अरूले भनेका कुरा के कसरी सुनेर त्यसको अर्थ ग्रहण गर्छन भन्ने कुरा सुनाइ सीपअन्तर्गत पर्दछ । सुनाइ सीपको विकास के कसरी हुन्छ ? भन्ने कुरामा यो पाठ केन्द्रित छ ।

उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' भन्ने संवादमा अलका, सुरज र आस्था एक आपसमा संवाद गरिरहेका छन् । संवादमा प्रयुक्त यी तीन पात्रहरूले एकले भनेका कुराहरू अर्काले होसियारीपूर्वक सुनेर ग्रहण गरी आवश्यक हाउभाउ, चेष्टा, अङ्ग सञ्चालनका साथ शीर्षकको निचोडमा पुगेका छन् । उदाहरणका रूपमा उनीहरूको संवादको सानो अंश यस्तो छ -

**अलका** : क्या नि, अब सरकारले नारी शिक्षालाई विशेष महत्त्व दिने भयो । अझ, अब त नारीहरूले पढाइ लेखाइतर्फ आकर्षण गर्न प्रत्येक विद्यालयमा महिला शिक्षक राख्नैपर्ने नियम पनि लागू गर्ने भएको छ ।

**आस्था** : त्यो त सबै ठीकै छ, बरु छात्राहरूलाई चाहिँ के के सुविधा दिने भन्ने समाचार थियो त, त्यो भने बताऊ न !

**सुरज** : (व्यङ्ग्यको भावमा) अँ त के के सुविधा पाइने भयो, कतै तिमीहरूलाई पनि केही मिलिहाल्छ कि ?

सुनाइ सीप विकासका लागि छोटा मिठासपूर्ण वाक्य भए राम्रो मानिन्छ । यस संवादमा प्रयोग भएका वाक्यहरू केही लामा भएपनि कक्षा -६ को स्तरलाई अनुकूल नै मान्न सकिन्छ । यस पाठका आधारमा हेर्दा कक्षा -६ मा पढ्ने बालबालिकाहरूले अरू कुनै शीर्षकमा संवाद गर्न, सुन्न र लेख्न सक्छन् भन्ने अपेक्षा गर्न सकिन्छ ।

### ४.३.१.२ सुनाइ सीपका आधारमा 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ' 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' र 'धनभन्दा विद्या ठूलो' वादविवादको तुलनात्मक अध्ययन

#### ४.३.१.२.१ 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवादको अध्ययन

'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' भन्ने वादविवाद सरकारी विद्यालयको कक्षा ६ को 'हाम्रो नेपाली किताब' मा समाविष्ट रूपक विधाअन्तर्गतको वादविवाद हो । यो वादविवाद औपचारिक रूपमा विद्यालयको प्राङ्गणमा आयोजित छ । औपचारिक रूपमा आयोजित कार्यक्रम भएकाले वक्ताले सम्बोधन, अभिवादन, विषय प्रस्तुति, समर्थन, खण्डन, समय एवम् टुङ्ग्याउनी जस्ता कुरामा ख्याल गरेको पाइन्छ । दर्शक विद्यार्थीहरूले देखेर, हेरेर र सुनेर उनीहरूको वादविवादमा भाग लिने, पुरस्कार जित्ने जस्ता उत्प्रेरणा स्वतः बढ्ने कुरा निर्विवाद छ । वादविवाद बोलाइ सीपका साथै सुनाइ सीप आर्जनका लागि पनि महत्त्वपूर्ण मानिन्छ । विपक्षका तर्क सुनी त्यसको खण्डन गर्ने, तर्कको पहिचान गर्न  र विवादात्मक अभिव्यक्ति सुन्न, हाउभाउ, चेष्ट तथा अभिनयात्मक ढङ्गले प्रस्तुति गर्न वादविवाद महत्त्वपूर्ण ठहर्दछ । यसरी 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ' भन्ने वादविवादमा विद्यार्थीहरूले सुनाइ सीपका उद्देश्यहरूको हासिल गरेको पाइन्छ ।

#### ४.३.१.२.२ 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादको अध्ययन

यो वादविवाद निजी विद्यालयको कक्षा ६ को 'नयाँ नेपाली शृङ्खला' किताबमा समाविष्ट छ । औपचारिक रूपमा विद्यालयको कक्षाकोठाभित्र आयोजना गरिएको यो वादविवादमा विद्यार्थीवक्ताहरूले सम्बोधन, अभिवादन, विषय प्रस्तुति, समर्थन, खण्डन, समय आदि जस्ता कुरामा ख्याल राखेको पाइन्छ । वादविवादमा विपक्षका तर्कहरूलाई खण्डन गर्दै आफ्ना पक्षमा तर्कहरू प्रस्तुत गर्नुपर्ने भएकाले सहभागीवक्ताहरूले ध्यानपूर्वक वादविवाद सुनिरहेका अन्य दर्शक विद्यार्थीहरूले ध्यानपूर्वक वादविवाद सुन्दै आनन्दानुभूति प्राप्त गरेका छन् । यसरी वादविवादले विद्यार्थीहरूलाई हेरेर, देखेर र सुनेर कार्यक्रममा भागलिन र पुरस्कार जित्न उत्प्रेरणा जगाउने तथा विपक्षका तर्कहरू सुनी त्यसको खण्डन गर्न, तर्कको पहिचान गर्न र विवादात्मक अभिव्यक्ति सुन्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । त्यसैले यो वादविवाद सुनाइ सीपका दृष्टिले उपयोगी मान्न सकिन्छ ।

### ४.३.१.२.३ 'धनभन्दा विद्या ठूलो' वादविवादको अध्ययन

यो वादविवाद निजी विद्यालयको कक्षा ६ को 'नयाँ नेपाली शृङ्खला' किताबभित्र समाविष्ट छ । यो वादविवाद पनि औपचारिक रूपमा विद्यालयको सभाकक्षमा आयोजना गरिएको छ । यसमा चारजना विद्यार्थीहरूले आ-आफ्ना तर्कहरू प्रस्तुत गरेका छन् । उनीहरूले एकले अर्काका तर्कहरूलाई ध्यानपूर्वक सुनेर खण्डन गरेका छन् भने दर्शक विद्यार्थीहरूले पनि वक्ताहरूको हाउभाउ, मुखमुद्रा अनुरूपका तर्कहरू ध्यानपूर्वक सुनी आनन्द प्राप्त गरेका छन् । सुनाइ सीपका लागि छोटा अभिव्यक्ति उपयुक्त मानिन्छ । त्यसैले यस वादविवादमा छोटा छोटा वाक्यहरूको प्रयोग गरिएका छन् । धन र विद्यासँग सम्बन्धी उदाहरणहरू प्रस्तुत गर्नुपर्ने र धन तथा विद्याले नै संसारमा परिवर्तन संभव भएकाले उदाहरण प्रस्तुत गर्दा कहीँकहीँ अलि कठीन शब्दहरूको पनि प्रयोग गरिएको छ । समग्रमा यो वादविवाद सुनाइ सीपका आधारमा उपयुक्त नै देखिन्छ ।

## ४.३.१.३ सुनाइ सीपका आधारमा 'गङ्गारामको न्याय' र 'उत्तम हाम्रो भाइ हो' एकाङ्कीको तुलनात्मक अध्ययन

### ४.३.१.३.१ 'गंगारामको न्याय' एकाङ्कीको अध्ययन

यो एकाङ्की निजी विद्यालयको कक्षा ६ को 'नयाँ नेपाली शृङ्खला' किताबभित्र समाविष्ट छ । नेपाली भाषापाठ्यक्रमले कक्षा-६का लागि एकाङ्की समावेश गरेको छैन तर

पाठ्यक्रमले निर्धारण गरेकोभन्दा माथि उठेर निजी विद्यालयको पाठ्यपुस्तकमा दुईटा एकाङ्की समावेश गरिएको छ । एकाङ्की दृश्य विधा भएकाले दर्शकहरूले यसलाई हेरेर बढी मनोरञ्जन लिने गर्दछन् । भाषिक सीप आर्जनका दृष्टिले नाटक विधा पनि उपयुक्त नै मान्न सकिन्छ तर विद्यार्थीहरूको स्तर, तह र पाठ्यक्रमको निर्देशनको पालनामा ध्यान पुऱ्याउन सके अझ बेस हुन्छ ।

यस एकाङ्कीको सुरुवात सूत्रधारको प्रवेशसँगै गंगारामको परिचयबाट भएको छ । यस एकाङ्कीमा गंगाराम, हर्के र बिर्खेबीचको अभिनयात्मक संवादलाई प्रस्तुत गरिएको छ । यस प्रकारको संवादले विद्यार्थीहरूको सुनाइ सीपलाई सक्रिय गराएर अभिनय गर्न समेत प्रोत्साहन मिल्दछ । कक्षाकोठामा यस प्रकारको संवाद गर्दा सहभागी विद्यार्थीहरूले अर्काले बोलेका कुरा सुनेर प्रतिउत्तर गर्नुपर्ने र अन्य दर्शक विद्यार्थीहरूले ध्यानपूर्वक सुन्ने हुनाले सुनाइ सीपको विकास हुने देखिन्छ । नेपाली भाषा पाठ्यक्रमले नि.मा. तहमा नाटक तथा एकाङ्की विधा नै समावेश नगरेको भएपनि यस एकाङ्कीमा गाउँले परिवेशका साथ उचित शब्दचयनको प्रयोगले गर्दा सुनाइ सीपका आधारमा यो एकाङ्की उचित देखिन्छ ।

### ४.३.१.३.२ 'उत्तम हाम्रो भाइ हो' एकाङ्कीको अध्ययन

यो एकाङ्की निजी विद्यालयको कक्षा-६ को 'नयाँ नेपाली शृङ्खला' किताबभित्र समाविष्ट छ । नेपाली भाषा पाठ्यक्रमले नि.मा. तहमा नाटक र एकाङ्की विधालाई समावेश नगरेपनि निजी विद्यालयको पाठ्यपुस्तकमा यस्ता विधाहरूको समावेश हुनु चुनौतिपूर्ण कार्यको रूपमा लिन सकिन्छ । नाटक तथा एकाङ्की दृश्य विधा अन्तर्गत पर्ने हुनाले दर्शकहरूले हेरेर मनोरञ्जन लिनुपर्ने हुन्छ तर यो एकाङ्की अपाङ्ग वर्षका उपलक्ष्यमा रेडियो नेपालबाट समेत प्रसारण भैसकेकोले यसले सुनाइ सीपको समेत विकास गर्न खोजेको पाइन्छ । यो एकाङ्की कौशल्याले आफ्नो ओछ्यानमा बसेर रामायण पाठ गरेको दृश्यबाट सुरु भएको छ । त्यसपछि घनश्याम, चञ्चला, कौशल्याका साथै अन्य पात्रहरूबीचको संवादले मुख्य ठाउँ ओगटेकोछ । नाटक तथा एकाङ्की रेडियोबाट प्रसारण हुँदा सुनेर मनोरञ्जन लिन सकिन्छ । यसले एकपछि अर्को पात्रको संवादमा महत्त्व राख्ने हुनाले ध्यानपूर्वक सुन्ने र मनोरञ्जन लिने कुराको विकास हुन्छ तर यस एकाङ्कीमा कहींकहीं रामायणमा प्रयुक्त भाषाको प्रयोग भएको पाइन्छ भने विभिन्न उखान टुक्काको समेत प्रयोग भएको पाइन्छ । यस एकाङ्कीमा विभिन्न आगन्तुक शब्दहरूको प्रयोग भएको पाइन्छ भने

साङ्केतिक भाषाको समेत प्रयोग पाइन्छ । त्यसैले यस एकाङ्कीमा प्रयोग भएको भाषाशैली, शब्दचयन तथा वाक्य गठन समेत कक्षा ६ का बालबालिकाहरूले बुझ्न नसक्ने र अपाच्य सिद्ध भएका छन् । यसर्थ सुनाइ सीपका आधारमा यो एकाङ्की उचित देखिँदैन ।

### ४.३.२ बोलाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक अध्ययन

भाषाशिक्षणका सन्दर्भमा सुनाइ सीपको शिक्षण पछि आउने भाषिक सीप बोलाइ हो । बोलाइको अर्थ बोल्ने काम वा भाव भन्ने हुन्छ । भाषामा व्यक्तिले सुनेर जुन कुरा अभिव्यक्त गर्दछ त्यो नै बोलाइ हो । बोलाइ भाषाको मौखिक रूप हो । भाषाको मौखिक सीप विकासका लागि बोलाइ अपरिहार्य हुन्छ त्यसैले व्यक्तिले अरूले भनेको कुरा सुनिसकेपछि त्यसको अर्थ ग्रहण गरी आफ्नो राय अभिव्यक्त गर्न बोलाइको आवश्यकता पर्दछ । बालबालिकाले आफूले जाने बुझेका कुरा सजिलैसँग व्यक्त गर्न सकून भन्ने उद्देश्यले नेपाली भाषा पाठ्यक्रममा विभिन्न रूपक विधाका पाठहरू राखिएका छन् । निम्न माध्यमिक तह नेपाली भाषा पाठ्यक्रम (२०५८) मा रूपक विधाका पाठहरूबाट बोलाइ सीपका लागि निम्न उद्देश्यहरू राखेको पाइन्छ :-

क) रूपक पाठका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

ख) अरूले वर्णन गरेका कुराहरू सुनी आफ्ना शब्दमा व्यक्त गर्न,

ग) रूपक विधाका पाठमा प्रयुक्त विषयवस्तुको सिलसिला मिलाई मौखिक वर्णन गर्न,

घ) रूपक विधा पाठका घटनाहरूको वर्णन गर्न,

ङ) विवादात्मक र संवादात्मक अभिव्यक्तिका मुख्य मुख्य कुरा बताउन,

च) कुराकानी र प्रश्नोत्तरमा भाग लिन,

छ) संवाद, वादविवाद र छलफल सुनी तिनमा भाग लिन,

ज) आफूले भन्न चाहेका कुराहरूलाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले अभिव्यक्त गर्न,

झ) पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न ।

### ४.३.२.१ बोलाइ सीपका आधामा "आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ" संवादको तुलनात्मक अध्ययन

बोलाइ सीप विकासका लागि 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' भन्ने संवाद सरकारी विद्यालयको कक्षा ६ को मेरो नेपाली किताबमा समाविष्ट छ । यस संवादमा अलका, आस्था र सुरजका बीचमा संवाद गराइएको छ । यस संवादको लक्ष्य पाठमा प्रयुक्त शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्दै प्रश्नोत्तरमा भाग लिइ आफूले भन्न चाहेका कुरा मौखिक अभिव्यक्ति गर्नु हो । यसर्थ यस संवादमा प्रयुक्त शब्दहरू कक्षा ६ का बालबालिकाहरूलाई उच्चारण कार्यकलाप गराउँदा सहजताकासाथ उच्चारण गर्न सक्दछन् । स-साना सरल वाक्यहरूको प्रयोग गरिएको यस संवादमा कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूले सस्वरवाचन गर्न सक्षम देखिन्छन् । त्यसैले बोलाइ सीप आर्जनका दृष्टिले प्रस्तुत संवाद उपयुक्त नै देखिन्छ ।

### ४.३.२.२ बोलाइ सीपका आधारमा 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ', 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस', 'धनभन्दा विद्या ठूलो' वादविवादको तुलनात्मक अध्ययन

#### ४.३.२.२.१ 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवादको अध्ययन

वादविवादमा बोलाइ सीप विकासका लागि महत्त्वपूर्ण पाठ मानिन्छ । वादविवाद गराउँदा कक्षाको स्तर, विद्यार्थीहरूको उमेर, क्षमता आदिलाई ख्याल गर्नु पर्दछ । नेपाली भाषा पाठ्यक्रममा कक्षा ४-५ देखि नै वादविवाद पाठ राखिएको पाइन्छ । त्यसैले सरकारी विद्यालयको कक्षा ६ को हाम्रो नेपाली किताबमा पनि 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' भन्ने शीर्षकको वादविवाद राखिएको छ । यो वादविवाद औपचारिक रूपमा सञ्चालन भएको र विद्यार्थीहरू आफैँ प्रत्यक्ष रूपमा भाग लिन  पाएका हुनाले वक्ताहरूलाई मौखिक सीप आर्जनमा ठूलो मौका मिलेको छ । वादविवादका वक्ताहरूले विपक्षका तर्कहरू ध्यानपूर्वक सुनी शिष्ट भाषाको प्रयोग गरी स्पष्ट उच्चारण तथा सिलसिलावद्ध प्रस्तुति

आदिमा ध्यान पुऱ्याउनु पर्ने हुनाले यो वादविवादले पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पूरा गर्न सक्षम देखिन्छ ।

### ४.३.२.२.२ 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादको अध्ययन

यो वादविवाद पनि औपचारिक रूपमा विद्यालयको कक्षाकोठाभित्र आयोजना गरिएको छ । यो वादविवाद कक्षा ६ को निजी विद्यालयको 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तकभित्र समाविष्ट छ । औपचारिक रूपमा आयोजना गरिएको हुनाले यस वादविवादमा चारजना वक्ताहरूले आ-आफ्ना विचार तथा तर्कहरू राखेका छन् भने दर्शक विद्यार्थीहरूले हेरेर र सुनेर वादविवादको मज्जा लिइरहेका छन् । यस वादविवादले विद्यार्थीहरूको बोलाइ सीपको विकासमा ठूलो टेवा पुऱ्याएको छ । औपाचारिक कार्यक्रम भएको हुनाले यसका वक्ताहरूले शिष्ट र सभ्य भाषाको प्रयोग गर्दै स्प्ष्ट उच्चारणमा समेत ध्यान पुऱ्याएको देखिन्छ । तल्ला तहका विद्यार्थीका लागि संवादात्मक ढङ्गको वादविवाद उचित भएपनि कक्षा ६ का विद्यार्थीहरूलाई औपचारिक कार्यक्रमको आयोजना गर्दा पनि बोलाइ सीपमा अझ विकास हुने देखिन्छ । यस वादविवादमा प्रयोग भएका शब्दहरू कक्षा ६ का विद्यार्थीहरूको स्तरका तुलनामा अलि जटिल देखिन्छन् भने तत्सम शब्दहरूले झन् अन्योल थपेको छ । त्यसैले बोलाइ सीप विकासका लागि वादविवाद विधा उचित भए पनि कक्षा ६ का लागि यो वादविवाद अलि जटिल भएको देखिन्छ ।

### ४.३.२.२.३ 'धनभन्दा विद्या ठूलो' वादविवादको अध्ययन

यो वादविवाद निजी विद्यालयको कक्षा ६को 'नयाँ नेपाली शृङ्खाला' पाठ्यपुस्तकमा समाविष्ट छ । यो वादविवाद पनि औपचारिक रूपमा विद्यालयको सभाकक्षमा आयोजना गरिएको छ । यस वादविवादमा चारजना वक्ताहरूले कार्यक्रममा सहभागिता जनाएका छन् । वादविवाद कार्यक्रममा सहभागिता जनाउनु बोलाइ सीप विकास हुनु हो । त्यसैले यस वादविवादले विद्यार्थीहरूको बोलाइ सीपको विकास गरेको छ । विपक्षका तर्कहरू सुनी आफ्ना विचारहरूलाई तर्कपूर्ण तरिकाले अभिव्यक्त गर्नुपर्ने हुनाले यस वादविवादले विद्यार्थीहरूको बोलाइ सीपलाई स्तरीय बनाएको छ । छोटा छरिता वाक्यहरूको प्रयोग गरिएको यो वादविवादमा समसामयिक र जानेबुझेकै शीर्षक राखिएको छ । तर धन र

विद्याले नै आजको विश्वमा परिवर्तन सम्भव भएको र परिवर्तित समय अनुकूल उदाहणहरू प्रस्तुत गरिएकोले कताकता विद्यार्थीहरूलाई अलि अफठ्यारो परेको आभास हुन्छ । समग्रमा यो वादविवाद बोलाइ सीप आर्जनका दृष्टिले उचित नै देखिन्छ ।

### ४.३.२.३ बोलाइ सीपका आधारमा 'गंगारामको न्याय' र 'उत्तम हाम्रो भाइ हो' एकाङ्कीको तुलनात्मक अध्ययन

#### ४.३.२.३.१ 'गंगारामको न्याय' एकाङ्कीको अध्ययन

एकाङ्की श्रव्यदृश्य विधा हो । नेपाली भाषा पाठ्यक्रमले कक्षा-६का लागि एकाङ्की वा नाटक विधाको समावेश गरेको छैन । तर निजी विद्यालयमा पठनपाठन गरिने 'नयाँ नेपाली शृङ्खला' कक्षा-६ मा यो एकाङ्की समावेश गरिएको छ । यो एकाङ्की छोटो छ । एकाङ्कीमा पात्रहरूले एक आपसमा अभिनयात्मक संवाद गर्ने हुनाले विद्यार्थीहरूको बोलाइ सीपका साथै अभिनयात्मक सीप समेत विकास हुने देखिन्छ । एकाङ्की हेर्नका लागि लेखिने हुनाले पात्रले बोलेको भाषिक शैलीबाट विद्यार्थीहरूले पनि शुद्धोच्चारण, उचित शब्द प्रयोग, स्तरयुक्त प्रस्तुतिमा ध्यान पुऱ्याउन सक्छन् । यो एकाङ्कीमा छोटा छोटा वाक्यका साथ रोचक प्रसङ्ग प्रस्तुत गरिएको हुनाले विद्यार्थीको बोलाइ सीप विकासका लागि पहिले सस्वरवाचन गराइ त्यसपछि विद्यार्थीहरूका रुचिका आधारमा एकाङ्की मञ्चन गराउनु उचित देखिन्छ ।

#### ४.३.२.३.२ 'उत्तम हाम्रो भाइ हो' एकाङ्कीको अध्ययन

यो एकाङ्की पनि निजी विद्यालयमा पठनपाठन गरिने कक्षा-६ को 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तकभित्र समाविष्ट छ । यस एकाङ्कीमा कौशल्या, चञ्चला, घनश्याम, उत्तम जस्ता पात्रहरूको प्रयोग गरेर एकाङ्कीको उद्देश्य पूरा गर्न खोजिएको छ । यो एकाङ्की अलि लामो देखिन्छ किनभने तेस्रो दृश्यसम्म भएको हुनाले कक्षा ६ का विद्यार्थीहरूको स्तर र क्षमता अनुसारको भएको देखिदैन । यस एकाङ्कीमा रामायणमा प्रयुक्त भाषाको समेत प्रयोग भएको पाइन्छ जुन निम्न माध्यमिक तहका विद्यार्थीहरूले शुद्ध उच्चारण गर्न कठीन हुन्छ । त्यस्तै गरी यस एकाङ्कीमा आगन्तुक शब्दहरूका साथै विभिन्न उखानटुक्काहरूको प्रयोग समेत भएको हुनाले बोलाइ सीप आर्जनका दृष्टिले कक्षा -६ का विद्यार्थीहरूको स्तर अनुकूल देखिदैन ।

### ४.३.३ पढाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक अध्ययन

सुनाइ र बोलाइ पछिको अर्को महत्त्वपूर्ण भाषिक सीप पढाइ हो । यी तीनवटै भाषिक सीपहरू उच्चारणसँग सम्बन्धित छन् । मानव उच्चारण अवयवद्वारा उच्चारित भाषिक ध्वनि पढाइ सीपको बलियो आधार हो । शुद्ध र स्तरीय उच्चारण भएमा मात्र विचारको अभिव्यक्ति सहज र प्रभावकारी हुने भएकाले शुद्ध उच्चारण र स्पष्ट बोली पढाइ सीपका लागि नभइ नहुने तत्त्व मानिन्छन् । पढाइ सीपलाई कक्षाको स्तरअनुसार सस्वर पढाइ र मौन पढाइ गरी विभाजन गर्ने गरिन्छ । साना कक्षाका लागि सस्वर पठन उपयुक्त मानिन्छ भने ठूला कक्षाका लागि मौन पठनलाई विशेष प्राथमिकता दिनु पर्दछ ।

निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम (२०५८) ले रूपक विधाको पढाइ सीप हासिल गर्न देहाय बमोजिमका उद्देश्यहरू किटान गरेको छ :

क) रूपक विधाका विभिन्न पाठहरू गति यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,

ख) रूपक विधाका पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बुझेर बताउन,

ग) रूपक विधाका पाठहरू भावअनुसार लय, सुर र आघात मिलाई सस्वरवाचन गर्न,

घ) पठनबोधका दृष्टिले मौनवाचन गर्न,

ङ) रूपक विधाका पाठहरू मौनवाचन गरी त्यसका मुख्य मुख्य कुराहरू बताउन,

च) पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न,

छ) रूपक विधाका पाठहरू पढी शब्दभण्डार वृद्धि गर्न ।

#### ४.३.३.१ पढाइ सीपका आधारमा 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' संवादको तुलनात्मक अध्ययन

यो संवाद सरकारी विद्यालयको कक्षा -६ को 'हाम्रो नेपाली किताब' पाठ्यपुस्तकभित्र समाविष्ट पाठ हो । यस संवादमा अलका, सुरज र आस्था मुख्य भूमिकामा देखिएका छन् । यो पाठ पठनबोधका लागि उपयोगी मान्न सकिन्छ किनभने यो पाठको आकार पनि मझौला छ र यस पाठमा सरल वाक्यहरूको प्रयोग गरिएको छ । पढाइ सीप विकास गर्नका

लागि उक्त संवाद गति, यति मिलाई शुद्धसँग विद्यार्थीहरूलाई पालैपालो पढ्न लगाउनु पर्दछ । यस संवादमा प्रयुक्त जति वक्ताहरू छन् त्यति नै सङ्ख्यामा विद्यार्थीहरूलाई पालो मिलाई पाठको भावअनुसार लय, सुर र आघात मिलाएर सस्वरवाचन गराउनु पर्दछ । यसरी सस्वरवाचनबाट विद्यार्थीहरूको सुनाइ, बोलाइ र पढाइ सीपको विकास क्रमशः वृद्धि गर्न सकिन्छ । त्यसैगरी विद्यार्थीहरूलाई मौनवाचन गराई त्यसका मुख्य मुख्य कुरा बताउन लगाउन सकिन्छ जसले गर्दा विद्यार्थीहरूमा शब्दभण्डारको समेत विकास गर्न सकिन्छ । यसकारणले प्रस्तुत संवाद पढाइ सीप आर्जनका दृष्टिले उपयोगी मान्न सकिन्छ ।

## ४.३.३.२ पढाइ सीपका आधारमा 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ', 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस', 'धनभन्दा विद्या ठूलो' वादविवादको तुलनात्मक अध्ययन

### ४.३.३.२.१ 'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवादको अध्ययन

'सहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ' सरकारी विद्यालयको कक्षा-६को नेपाली भाषा पाठ्यपुस्तकभित्र समाविष्ट वादविवाद हो । यसमा वादविवादका लागि औपचारिक व्यवस्थापन मिलाइएको छ । वादविवाद पाठको शिक्षण कथ्य भाषामा जोड दिनका लागि उपयोगी मानिन्छ । त्यसैगरी मौखिक सीप विकासका लागि रूपक विधाका पाठहरू गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न र त्यस पाठमा भएका मुख्य मुख्य कुरा बताउन पनि उपयोगी मानिन्छ । यस पाठबाट पढाइ सीपको विकास गर्न बालबालिकाहरूलाई पहिले सस्वरवाचन गर्न लगाउनु उपयुक्त हुन्छ र त्यसपछि वादविवादमा सभापति, उद्घोषक तथा वक्ताहरू विद्यार्थीबाटै छनौट गरी सञ्चालन गर्न लगाउनु उपयुक्त हुन्छ । पढाइ सीप विकासका लागि सस्वरवाचनले मात्र पुग्दैन, मौनवाचनको पनि आवश्यकता पर्दछ । त्यसैले विद्यार्थीहरूलाई पालैपालो यस्ता किसिमका वादविवादहरूमा भाग लिन लगाउँदा पढाइ सीप विकासमा ठूलो टेवा पुग्ने हुनाले यो वादविवाद पढाइ सीप आर्जनका दृष्टिले उपयुक्त मानिन्छ ।

### ४.३.३.२.२ 'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' वादविवादको अध्ययन

यो निजी विद्यालयको कक्षा-६को नयाँ नेपाली शृङ्खला पाठ्यपुस्तक भित्र समाविष्ट छ । यो वादविवाद विद्यालयको कक्षाकोठाभित्र औपचारिक रूपमा आयोजना गरिएको छ ।

नेपाली भाषा शिक्षणको पहिलो उद्देश्य भाषिक सीप सिकाउनु हो । त्यसैले यस पाठबाट विद्यार्थीहरूलाई पढाइ सीप विकासका लागि सस्वर तथा मौन पठन गराउन सकिन्छ । यस वादविवादमा पनि विद्यार्थीहरूलाई गति, यति मिलाई शुद्धसँग उच्चारण गर्न लगाई सस्वर वाचन गर्न र पाठमा भएका मुख्य मुख्य कुराहरू भन्न लगाउन पनि उचित देखिन्छ । यस वादविवादमा स-साना सरल वाक्यहरूको प्रयोगले गर्दा विद्यार्थीरुको पढाइ सीप विकासका लागि ठूलो टेवा मिलेको छ तर कतै कतै आगन्तुक तथा तत्सम शब्दहरूको प्रयोगले पाठलाई अलि जटिल बनाउन खोजेको देखिन्छ ।

### ४.३.३.२.३ धनभन्दा विद्या ठूलो वादविवादको अध्ययन

यो पाठ पनि वादविवाद हो । निजी विद्यालयमा पठनपाठन गराइने कक्षा -६को 'नयाँ नेपाली शृङ्खला' मा यो पाठ समाविष्ट गरिएको छ । यो वादविवाद विद्यालयको सभाकक्षमा आयोजना गरिएको हुनाले शिष्टता र सभ्यतालाई ध्यान दिएको पाइन्छ । विद्यालयका चारजना विद्यार्थीहरूले यस कार्यक्रममा भाग लिएका छन् भने अन्य विद्यार्थीहरूले ध्यानपूर्वक वादविवाद सुनेका छन् । वादविवादमा भागलिने वक्ताहरूको प्रत्यक्ष रूपमा पढाइ सीपको विकास हुने देखिन्छ भने वादविवाद सुन्ने विद्यार्थीहरूले पनि गति, यति मिलाएर पढ्ने तथा शुद्धसँग उच्चारण गरेर पढ्ने बानीको विकास हुने देखिन्छ । यस वादविवादलाई पनि कक्षाकोठामा विद्यर्थीहरूलाई पालैपालो गति यति मिलाएर शुद्धसँग सस्वरवाचन गर्न लागाउँन सकिन्छ र मौन वाचन गर्न लगाई यसका मुख्य मुख्य बुँदा समेत बताउन लगाउन सकिन्छ । यो वादविवादमा केही तर्कहरू प्रस्तुत गर्दा कहिँकहिँ अलि अप्ठ्यारा शब्दहरूको प्रयोग भएको पाइन्छ । जसले गर्दा पढाइ सीप आर्जनमा केही विचलन ल्याएको छ । तर पनि कक्षा-६का विद्यार्थीहरूको पढाइ सीप विकास गर्न यस वादविवादले प्रत्यक्ष योगदान पुऱ्याएको कुरामा कुनै दुईमत छैन ।

## ४.३.३.३ पढाइ सीपका आधारमा 'गंगारामको न्याय' र 'उत्तम हाम्रो भाइ हो' एकाङ्कीको तुलनात्मक अध्ययन

### ४.३.३.३.१ 'गंगारामको न्याय' एकाङ्कीको अध्ययन

निजी विद्यालयको कक्षा-६को नयाँ नेपाली शृङ्खला पाठ्यपुस्तकमा यो एकाङ्की समावेश गरिएको छ । यस एकाङ्कीमा समाजमा बसेर फट्याइँ गर्नु हुँदैन र न्याय गर्नेहरूले

पनि सबैको चित्त बुझ्दो समान न्याय गर्नु पर्दछ भन्ने कुरा प्रस्तुत गरिएको छ । यस एकाङ्कीबाट विद्यार्थीहरूको पढाइ सीपको विकास गराउन सकिन्छ । एकाङ्कीमा प्रयोग गरिएका पात्रहरू हर्के, बिर्खे र गंगारामको भूमिकामा पालैपालो सस्वरवाचन गराएर विद्यार्थीहरूलाई नाटकीयता, हाउभाउ र गति यति मिलाई पढ्न लगाउन सकिन्छ भने एकाङ्कीलाई मौन पठन गराएर पाठको आशय बताउन समेत उचित हुन्छ । पाठमा प्रयोग भएका शब्दार्थ शिक्षण गरी शब्दभण्डारमा वृद्धि गराई सानै कक्षादेखि विद्यार्थीहरूलाई एकाङ्कीप्रति अभिरुचि जगाउँदै साहित्यप्रति अनुरागी बनाउन सकिन्छ । त्यसैले समग्रमा भन्नुपर्दा यो एकाङ्की भाषिक सीप आर्जनका दृष्टिले उपयुक्त देखिन्छ । सरल शब्द, मिठसपूर्ण वाक्यले एकाङ्कीको गरिमा बढाएको छ तर नेपाली भाषा पाठ्यक्रमले चाहिँ कक्षा-६मा एकाङ्की भने समावेश गरेको छैन ।

## ४.३.३.३.२ 'उत्तम हाम्रो भाइ हो' भन्ने एकाङ्कीको अध्ययन

नेपाली भाषा पाठ्यक्रमले निम्न माध्यमिक तहमा एकाङ्की विधालाई समावेश नगरेको भए पनि निजी विद्यालयमा पठनपाठन गरिने कक्षा -६ को नयाँ नेपाली शृङ्खलामा समावेश गरिएको छ । यस एकाङ्कीमा अपाङ्गता भएकाहरूले पनि उचित अवसर पाए राम्रो प्रगति गर्न सक्ने कुरा तीन अङ्कमा विभाजन गरी प्रस्तुत गरिएको छ । एकाङ्की विधा अभिनयात्मकताका साथै दृश्यात्मक विधा भएको हुनाले सर्वप्रथम यो विधाको शिक्षण गर्दा विद्यार्थीहरूलाई हाउभाउ, गति यति मिलाई सस्वरवाचन गराउनु पर्दछ । त्यसै गरी एकाङ्कीका पात्रहरूको भूमिकाका आधारमा विद्यार्थीहरूलाई पनि स-स्वर वाचनकासाथ अभिनय गराउन सकिन्छ । एकाङ्कीको शिक्षण गराउँदा पाठमा प्रयोग भएका शब्दार्थ शिक्षण गरी शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गरेर शब्दभण्डारको समेत वृद्धि गर्न सकिन्छ ।

एकाङ्कीमा प्रयोग गरिने भाषाशैली स्तर अनुकूल सरल हुनुपर्दछ । यस एकाङ्कीमा प्रयोग भएको भाषामा रामायणमा प्रयुक्त भाषाको गन्ध पाइन्छ जुन कक्षा -६का विद्यार्थीहरूलाई वाचन गर्न कठीन हुन्छ । त्यसैगरी विभिन्न उखानटुक्का र आगन्तुक शब्दहरूको प्रयोगले यो एकाङ्की कक्षा-६को स्तर अनुकूल देखिँदैन । पढाइ सीप विकासका लागि एकाङ्की उचित देखिएपनि एकाङ्कीमा प्रयुक्त भाषाशैलीको कारणले यो एकाङ्की कक्षा-६को स्तर भन्दा अलि माथि देखिन्छ ।

### ४.३.४ लेखाइ सीपका आधारमा विवेच्य पाठहरूको तुलनात्मक अध्ययन

भाषिक सीप मध्येको सबैभन्दा अन्तिम र महत्त्वपूर्ण सीप लेखाइ हो । व्यक्तिले आफूले देखेका, सुनेका, अनुभव गरेका तथा मनभित्रका विचार, चिन्तन तथा भावलाई लेख्य चिन्हको माध्यमबाट भाषिक कार्यकलाप सम्पन्न गर्नुलार्य नै लेखाइ भनिन्छ । भाषाको कथ्य रूपलाई सीपपूर्वक लेख्य रूपमा परिवर्तन गर्नु लेखाइ हो । भाषाका अन्य तीन सीप भन्दा लेखाइ सीप बढी प्रभावकारी मानिन्छ किनकि व्यक्तिका विचार, चिन्तन, दर्शन, सोचाइ र अनुभवलाई चीरस्थायी राख्न र मानवका व्यक्तिगत तथा सामाजिक व्यवहार, अड्डा-अदालत, कार्यालय आदि ठाउँमा काम सम्पन्न गर्न लेखाइलाई नै माध्यमका रूपमा अपनाइन्छ । लेख्य सीप सम्पन्न गर्न व्यक्तिका मष्तिस्क र शारीरिक अङ्ग-प्रत्याङ्ग क्रियाशील हुनुपर्दछ । बालबालिकाहरूको लेखाइ सीप विकास गर्नका लागि अनुलेखन, श्रुतिलेखन, अनुभवलेखन, अनुच्छेदलेखन, सारांशलेखन, चिठीलेखन, संवादलेखन, प्रश्नोत्तरलेखन, निबन्धलेखन जस्ता क्रियाकलाप अपनाउन सकिन्छ ।

निम्नमाध्यमिक तह नेपाली भाषा पाठ्यक्रम (२०५८) ले कक्षा-६को रूपक विधाको लेखाइ सीपका निम्न उद्देश्यहरू किटान गरिएको पाइन्छ :

क) पठित शब्दहरूको सन्दर्भपूर्ण प्रयोग गर्न,

ख) लिखित अभिव्यक्तिमा हिज्जे मिलाई शुद्ध वर्णविन्याससँग लेख्न,

ग) वचन, लिङ्ग, पुरुष, पदसंगति तथा आदरको सङ्गति मिलाई वाक्य रचना गर्न,

घ) तोकिएका लेख्य चिन्हहरूको उपयुक्त ढङ्गले शुद्ध प्रयोग गर्न,

ङ) रूपक विधाका पाठका शब्द, वाक्य र अनुच्छेदहरू सुनेर लेख्न,

च) रूपक विधाका पाठ वा पाठका निर्दिष्ट अंश सुनी सारांश लेख्न,

छ) रूपक विधाका संवाद र वादविवाद सिलसिला मलिाई लेख्न,

ज) रूपक विधाका पाठ वा पाठका निर्दिष्ट अंश पढी सारांश लेख्न ।

### ४.३.४.१ लेखाइ सीपका आधारमा 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' संवादको अध्ययन

यो संवाद 'हाम्रो नेपाली किताब' कक्षा ६ मा समाविष्ट छ । निम्नमाध्यमिक तहको कक्षा ६ मा संवाद राखिनुको उद्देश्य भाषाका अन्य सीप आर्जन गराउनुका साथै लेखाइ सीपको विकासमा जोड दिनु हो । रूपक विधाका पाठहरू पढाएर भाषाका सुनाइ, बोलाइ र पढाइ सीपको विकास पछि लेखाइ सीपको विकासका लागि संवाद पाठको कुनै अंश शिक्षकले भन्ने र विद्यार्थीहरूलाई लेख्न लगाउन सकिन्छ । यसरी कक्षामा श्रुतिलेखन गराउँदा विद्यार्थीले वर्णविन्यास मिलाएर लेख्न सके वा सकेनन् त्यसको परीक्षण गर्न शिक्षकले एकल वा सामुहिक ढङ्गले जाँच्नु पर्छ र आवश्यक सुझाव सल्लाह दिनु पर्छ । त्यसै गरी कक्षामा पढाएका निर्दिष्ट पाठका अंश सुनी सारांश लेख्न तथा पाठलाई पढेर सारांश लेख्न लगाउँदा पनि लेखाइ सीप विकास गर्न सकिन्छ । विद्यार्थीहरूको लेखाइ सीप जति बढी अभ्यास गरायो त्यति नै बढ्ने हुनाले श्रुतिलेखन, सारांशलेखन, संवादलेखन जस्ता कार्यकलाप गराएर लेखाइ सीप विकास गर्न सकिन्छ । यसरी यो संवाद विद्यार्थीहरूलाई विषयवस्तुको जानकारी गराई सारांशलेखन, संवादलेखन, श्रुतिलेखन जस्ता कार्यकलाप गर्न महत्त्वपूर्ण सामग्री भएकोले लेखाइ सीप आर्जनका दृष्टिले यो संवाद उचित देखिन्छ ।

### ४.३.४.२ लेखाइ सीपका आधारमा 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ', 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस' र 'धनभन्दा विद्या ठूलो' वादविवादको तुलनात्मक अध्ययन

### ४.३.४.२.१ 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवादको अध्ययन

यो वादविवाद सरकारी विद्यालयको कक्षा ६ को हाम्रो नेपाली किताबभित्र समाविष्ट छ । वादविवादले मूलतः भाषाको लेख्यरूपलाई भन्दा कथ्यरूपलाई जोड दिइएको पाइएपनि नेपाली भाषा पाठ्यक्रममा  वादविवाद पढाउनुको उद्देश्य त्यस पाठलाई भाषाका चारै सीप आर्जनमा जोड दिनु हो । त्यसैले यस्ता पाठको सस्वरवाचन, औपचारिक प्रतियोगिता जस्ता कार्यक्रम गरिसकेपछि ती पाठलाई मौनवाचन गराउनु पर्दछ । त्यसपछि विद्यार्थीहरूलाई पाठका केही अंश पढी सारांश लेखन, श्रुतिलेखन गर्न र वादविवादका पक्ष वा विपक्षबाट

भनिने भनाइ तयार पार्न लगाउँदा भाषाको लेखाइ सीपमा मद्दत पुग्दछ । यसका अतिरिक्त पाठमा भएका कठीन शब्द र तिनको सन्दर्भपूर्ण प्रयोग गर्न लगाउँदा विद्यार्थीहरूको शब्दभण्डारमा वृद्धि हुनाको साथै लेखाइ सीपको पनि विकास हुने कुरामा कुनै दुईमत छैन । त्यसैले यस वादविवादले पनि विद्यार्थीहरूको लेखाइ सीप विकास गर्न उचित भूमिका निर्वाह गरेको हुनाले यो वादविवाद लेखाइ सीप आर्जनका लागि उपयोगी मान्न सकिन्छ ।

### ४.३.४.२.२ 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस' वादविवादको अध्ययन

यो वादविवाद निजी विद्यालयमा पठनपाठन गराईरहेको कक्षा ६ को नयाँ नेपाली शृङ्खलामा समाविष्ट छ । यस वादविवादको शिक्षण गराउँदा विद्यार्थीहरूको चारै भाषिक सीप आर्जनलाई ध्यान पुऱ्याउनु पर्दछ । सुनाइ, बोलाइ, पढाइ सीप आर्जन गरिसकेपछि लेखाइ सीप आर्जनका लागि यस वादविवादको केही अंश पढी सारांश लेख्न लगाउन सकिन्छ भने श्रुतिलेखन, अनुलेखन समेत गराउन सकिन्छ । त्यसैगरी पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर्न लगाउँदा तथा अभ्यास गराउँदा पनि लेखाइ सीप आर्जन हुने देखिन्छ । यस वादविवादको अभ्यासमा भएका विषयमा विद्यार्थीहरूलाई सिर्जनात्मक अभ्यास गराएर पक्ष र विपक्षमा आफ्ना कुरा राख्ने अवसर प्रदान गर्नुपर्दछ, जसले गर्दा विद्यार्थीहरूको लेखाइ सीप विकासमा ठूलो टेवा पुग्दछ । यसकारणले यो वादविवाद पनि लेखाइ सीप आर्जनका दृष्टिकोणले उपयोगी देखिन्छ ।

### ४.३.४.२.३ 'धनभन्दा विद्या ठूलो' वादविवादको अध्ययन

यो वादविवाद निजी विद्यालयमा पठनपाठन गराईरहेको कक्षा ६ को 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तकमा समाविष्ट छ । यस वादविवादलाई शिक्षण गराउँदा यसका केही अंशहरू पढ्न लगाइ सारांश लेख्न लगाउन सकिन्छ । त्यसैगरी श्रुतिलेखन, अनुलेखन गराउँदा पनि लेखाइ सीप विकासमा ठूलो टेवा पुग्दछ । यस वादविवादमा प्रयुक्त कठिन शब्दहरूको शिक्षण गराई शुद्धसँग वाक्य रचना गर्न लगाउनु पर्दछ भने यस पाठको अभ्यासमा भएका विषयको पक्ष र विपक्षमा आफ्ना कुराहरू राख्न लगाई सिर्जनात्मक अभ्यास गराउनु पर्दछ । यसरी यस पाठलाई शिक्षण गराउँदा विद्यार्थीहरूको लेखाइ सीप विकासमा प्रत्यक्ष फाइदा पुग्दछ तर यस पाठमा प्रयुक्त तृप्त हुनु, धनको तृष्णा, भित्री आँखा खुल्नु, रचनात्मक शक्ति आदि जस्ता पदावलीहरूको प्रयोगले गर्दा बालबालिकाको स्तरलाई

त्यति ख्याल गरेको पाइँदैन, जसले गर्दा लेखाइ सीप आर्जन गर्न पनि कठिन भएको देखिन्छ ।

### ४.३.४.३ लेखाइ सीपका आधारमा 'गंगारामको न्याय' र 'उत्तम हाम्रो भाइ हो' एकाङ्कीको तुलनात्मक अध्ययन

#### ४.३.४.३.१ 'गंगारामको न्याय' एकाङ्कीको अध्ययन

यो एकाङ्की निजी विद्यालयमा पठनपाठन गराइने कक्षा ६ को 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तकमा समाविष्ट छ । तल्ला तहमा एकाङ्की पढाउँदा सुनाइ, बोलाइ र पढाइ सीप विकासका लागि उपयुक्त भएपनि लेखाइ सीपका लागि भने त्यति स्तरीय नहुन सक्छ । नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरू विशेषगरी विषयवस्तुको जानकारीका लागि मात्र पठनपाठन नगराइ विधागत सीप आर्जन र लेखाइ सीप आर्जनका लागि पनि प्राथमिकता दिएको हुन्छ । तसर्थ यस तहका विद्यार्थीहरूको स्तरलाई ध्यानमा राखी यस पाठबाट लेखन सीप विकासका लागि श्रुतिलेखन, सारांश लेखन, शब्दभण्डारमा वृद्धि गर्ने खालका कार्यकलापहरू सञ्चालन गर्न सकिन्छ । यसरी यस एकाङ्कीले सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई समेत ध्यान पुऱ्याउन खोजेपनि निम्नमाध्यमिक तहको स्तरलाई ख्याल गरी नेपाली भाषा पाठ्यक्रमले भने यस तहमा एकाङ्की विधा समावेश गरेको छैन ।

#### ४.३.४.३.२ 'उत्तम हाम्रो भाइ हो' एकाङ्कीको अध्ययन

यो एकाङ्की पनि निजी विद्यालयको कक्षा ६ को 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तक भित्र समाविष्ट छ । यस एकाङ्कीमा अपाङ्गता भएका व्यक्तिहरूले पनि उचित अवसर पाए प्रगति गर्न सक्छन् भन्ने कुरा देखाउन खोजिएको छ । यस एकाङ्कीले पनि विद्यार्थीहरूको सुनाइ, बोलाइ र पढाइ सीप विकासका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेकोछ । त्यसैगरी जुनसुकै विधाका पाठहरूको पनि भाषाका चार सीपहरूको विकास गर्नुपर्ने धर्म भएको हुनाले यस एकाङ्कीमा पनि विद्यार्थीहरूको स्तर अनुरूप केही कार्यकलापहरू गराउन सकिन्छ । यस एकाङ्कीमा लेखाइ सीप विकासका लागि अनुलेखन, श्रुतिलेखन, सारांशलेखन

जस्ता कार्यकलाप गर्न सकिन्छ । त्यसैगरी अभ्यासमा भएका विभिन्न कार्यकलापहरू गराएर पनि लेखाइ सीप विकास गर्न सकिन्छ ।

यसरी भाषिक सीप आर्जनका दृष्टिले सरकारी विद्यालयमा पठनपाठन गराइने 'हाम्रो नेपाली किताब' र निजी विद्यालयमा पठनपाठन गराइने 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तकभित्र समाविष्ट रूपक विधाका ६ वटा पाठहरूको तुलनात्मक विश्लेषण गरियो । जसअनुसार 'हाम्रो नेपाली किताब' मा समाविष्ट एउटा संवाद र एउटा वादविवाद तथा 'नयाँ नेपाली शृङ्खला' मा समाविष्ट २ वटा वादविवाद र २ वटा एकाङ्कीको अध्ययन विश्लेषण गरियो । अध्ययनका क्रममा 'हाम्रो नेपाली किताब' भित्र समाविष्ट 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' भन्ने संवादलाई भाषिक सीप आर्जनका दृष्टिलेविश्लेषण गर्दा निम्नमाध्यमिक तह कक्षा ६ को स्तरलाई ध्यानमा राखी स-साना सरल वाक्यहरूको प्रयोग गरिएको पाइन्छ । त्यसैगरी यस संवादमा प्रयुक्त शब्दहरू पनि सुनाइ, बोलाइ, पढाइ र लेखाइका दृष्टिले सहज र सरल देखिन्छन् । बालबालिकाहरूको भाषिक सीप विकास गर्न यस संवादबाट विभिन्न कार्यकलापहरू सञ्चालन गर्न उपयोगी हुन्छ । यसरी यस संवादलाई कक्षाकोठामा पात्रअनुसार अभिनय गर्न लगाउँदै सस्वर तथा मौनवाचन गराउन सकिने र संवादका सिर्जनात्मक अभ्यस समेत गराउन सकिने हुनाले यो संवाद कक्षा ६ को नेपाली भाषा पाठ्यपुस्तकमा राखिनु उपयुक्त देखिन्छ ।

त्यसैगरी 'हाम्रो नेपाली किताब' मा समाविष्ट 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ' र 'नयाँ नेपाली शृङ्खला' मा समाविष्ट 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस' तथा 'धनभन्दा विद्या ठूलो' वादविवादको तुलनात्मक अध्ययन गर्दा 'धनभन्दा विद्या ठूलो' वादविवादको तुलनामा 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ' र 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस' वादविवाद बढी उपयोगी देखिन्छ । 'हाम्रो नेपाली किताब' मा समाविष्ट 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ' र 'नयाँ नेपाली शृङ्खला' मा समाविष्ट 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस' वादविवाद उस्तैउस्तै देखिन्छन् । यी दुवै वादविवाद औपचारिक रूपमा विद्यालयको कक्षाकोठा भित्र सञ्चालन गरिएको छ र कार्यक्रमको नियम तथा शिष्टतालाई ख्याल गरिएको पाइन्छ । त्यसैगरी यी दुवै वादविवादमा प्रस्तुत गरिएका तर्कहरू मिल्दाजुल्दा र विद्यार्थीहरूको स्तर अनुकूल देखिन्छन् भने वादविवादमा प्रयुक्त शब्द तथा वाक्यगठन पनि सरल र बोधगम्य देखिन्छन् । तर 'नयाँ

नेपाली शृङ्खला' मा समाविष्ट 'धनभन्दा विद्या ठूलो' वादविवाद कक्षा ६ का विद्यार्थीहरूको स्तरभन्दा अलि अब्बल दर्जाको देखिन्छ । यस वादविवादमा औपचारिकतालाई ध्यान दिई शिष्टतालाई समेत ध्यान दिएको पाइन्छ तर पक्ष-विपक्षका तर्क प्रस्तुत गर्दा प्रयक्त भाषा अलि जटिल देखिन्छ । यस वादविवादमा प्रयुक्त केही पदावलीहरूलाई कक्षा ६ का विद्यार्थीहरूले उच्चारण गर्न, पढ्न र लेख्न समेत कठिन हुने देखिन्छ भने आगन्तुक शब्दहरूको प्रयोगले उच्चारणमा कठिनाई देखिन्छ । त्यसैले भाषिक सीप आर्जनका दृष्टिले 'धनभन्दा विद्या ठूलो' वादविवाद भन्दा 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ' तथा 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस' वादविवाद बढी उपयुक्त देखिन्छन् ।

नेपाली भाषा पाठ्यक्रमले निम्नमाध्यमिक तहमा नाटक तथा एकाङ्की विधालाई समावेश नगरेपनि निजी विद्यालयमा पठनपाठन गराइने 'नयाँ नेपाली शृङ्खला' पाठ्यपुस्तकमा २ वटा एकाङ्कीहरू समावेश गरिएको छ । यसरी पाठ्यक्रमको परिधिलाई तोडेर यस पाठ्यपुस्तकमा एकाङ्की विधाको समावेश गरेर विद्यार्थीहरूको अभिनयात्मक क्षमताको विकास गर्न खोज्नु एउटा राम्रो कदम मान्न सकिन्छ । यस पाठ्यपुस्तकमा समाविष्ट 'गंगारामको न्याय' र 'उत्तम हाम्रा भाइ हो' एकाङ्कीलाई भाषिक सीप आर्जनका दृष्टिले तुलनात्मक विश्लेषण गर्दा निम्नमाध्यमिक तहको कक्षा ६ मा 'उत्तम हाम्रा भाइ हो' एकाङ्की भन्दा 'गंगारामको न्याय' एकाङ्की उपयोगी देखिन्छ । यस एकाङ्कीमा प्रयोग भएको भाषाशैली विद्यार्थीहरूको स्तर अनुकूल देखिन्छ भने शब्दचयन र वाक्यगठन पनि सरल, सहज देखिन्छ । यो एकाङ्की एकै अङ्कमा अन्त्य भएको हुनाले लम्बाईका हिसाबले पनि स्तर अनुकूल देखिन्छ । सरल शब्द र मिठासपूर्ण वाक्यको प्रयोगले यस एकाङ्कीलाई झन् स्तरीय बनाएको छ । तर 'उत्तम हाम्रो भाइ हो' एकाङ्कीमा माथिल्लो तहमा मात्र उपयुक्त हुने भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । यस एकाङ्कीमा रामायणका केही श्लोकहरूको प्रयोग गरिएको छ भने विभिन्न उखान टुक्का र आगन्तुक शब्दहरूको समेत प्रयोग गरिएको छ । लम्बाईका दृष्टिले हेर्ने हो भने पनि यो एकाङ्की तीन अङ्कमा विभाजन गरिएको हुनाले विद्यार्थीको स्तर अनुकूल देखिदैन । त्यसैले यस एकाङ्कीबाट विद्यार्थीहरूको भाषिक सीप विकासका लागि विभिन्न कार्यकलापहरू सञ्चालन त गर्न सकिन्छ तर स्तर अनुकूल नभएकोले कुनै औचित्य रहँदैन । त्यसकारण भाषिक सीप आर्जनका दृष्टिले 'उत्तम हाम्रो भाइ हो' एकाङ्की भन्दा 'गंगारामको न्याय' एकाङ्की बढी उपयोगी हुने देखिन्छ ।

## ४.४ सरकारी र निजी विद्यालयमा रूपक विधाको शिक्षण गराउँदा अवलम्बन गरिने कार्यकलापहरूको अध्ययन

शोधकार्यमा राखिएका उद्देश्यहरू पूरा गर्ने क्रममा यस अध्यायमा वर्तमान अवस्थामा सञ्चालनमा रहेका विद्यालयहरूमा निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाको शिक्षण गराउने शिक्षकहरूले शिक्षणका क्रममा अपनाएका शिक्षण विधि, क्रियाकलाप, रूपक विधा शिक्षण गर्दाका समस्याहरू र रूपक विधा तथा अन्य विधाबीचको अन्तरको समेत कक्षा अवलोकन र प्रश्नावली निर्माण गरी प्रश्नावली फाराममा शिक्षकहरूले दिएको उत्तरहरूको अध्ययन विश्लेषण गरियो । तथ्याङ्क सङ्कलनका लागि ३ वटा सरकारी विद्यालय र ३ वटा निजी विद्यालय छनौट गरी उक्त विद्यालयमा निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तक पढाउने शिक्षकहरूले दिएको उत्तर र प्रत्यक्ष कक्षा अवलोकनलाई मुख्य प्राथमिकतामा राखियो ।

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि सामग्री सङ्कलन गर्न जम्मा ७ वटा प्रश्नहरू समावेश गरी सम्बन्धित शिक्षकहरूलाई सोधियो । सोधिएका प्रश्नहरू निम्नानुसार छन् -

१) रूपक विधा भन्नाले के बुझिन्छ?

२) रूपक विधा अन्तर्गत के के पर्दछन् ?

३) रूपक विधाको शिक्षण गर्दा के कस्ता क्रियाकलाप सञ्चालन गर्न सकिन्छ ?

४) तपाई रूपक विधाको शिक्षण कसरी गर्नुहुन्छ ?

५) रूपक विधाको शिक्षणमा विद्यार्थीहरूको कत्तिको सक्रियता रहन्छ ?

६) रूपक विधाको शिक्षण गर्दा के कस्ता समस्याहरू आइपर्छन् ?

७) रूपक विधाको शिक्षण गर्नु र अन्य विधाको शिक्षण गर्नुमा के अन्तर छ ?

अब उपर्युक्त प्रश्नावलीका आधारमा सम्बन्धित शिक्षकबाट आएका प्रतिक्रिया र कक्षा अवलोकनको विश्लेषण गरिन्छ ।

## ४.४.२ रूपक विधाको शिक्षणमा अवलम्बन गरिने क्रियाकलाप विश्लेषणका क्रममा आएका शिक्षक प्रतिक्रिया र कक्षा अवलोकनको विश्लेषण

नेपाली भाषा साहित्यका विभिन्न विधाहरू मध्ये रूपक विधा पनि एक महत्त्वपूर्ण विधा हो । यस विधाको शिक्षण गराउँदा के कस्ता कार्यकलाप सञ्चालन गर्न सकिन्छ भनेर विभिन्न ६ वटा सरकारी तथा निजी विद्यालयका निम्नमाध्यमिक तहको नेपाली भाषा पढाउने शिक्षकहरूलाइ प्रश्न सोधी उत्तर सङ्कलन गरियो । सबैभन्दा पहिले रूपक विधा भन्नाले के बुझिन्छ र यस विधा अन्तर्गत के के पर्दछन् भनी सम्बन्धित शिक्षकहरूसँग प्रश्न राख्दा सबै शिक्षकहरूबाट एउटै प्रकारको उत्तर पाइयो । शिक्षकबाट आएको प्रतिक्रिया अनुसार रूपक भन्नाले संस्कृत साहित्यबाट उत्पत्ति भई नेपाली साहित्यका अन्य विधा जस्तै स्थापित विधा हो । जुन अभिनयात्मक र दृश्यात्मक हुन्छ । रूपक विधाअन्तर्गत संवाद, वादविवाद, मनोवाद, वक्तृता, एकाङ्की, नाटक, प्रहसन आदि पर्दछन् ।

रूपक विधाको शिक्षणका क्रममा अपनाइने कार्यकलापको अध्ययन गर्दा निजी विद्यालयका शिक्षकहरूले रूपकका उपविधा अनुसार छलफल, शब्दार्थ शिक्षण, व्याख्यान, प्रश्नोत्तर, सस्वर पठन, संवाद, रचना पठनबोध, सम्भाषण, वादविवाद आदि जस्ता विधिहरूको प्रयोग गरेर विभिन्न कार्यकलापहरू सञ्चानल गर्न सकिने बताए र रूपक विधाका सबैभन्दा महत्त्वपूर्ण विधिहरूमा अभिनय, छलफल, प्रश्नोत्तर र शब्दार्थ शिक्षण नै हुन् भन्ने कुरामा सहमत देखिए तर प्रत्यक्ष कक्षा अवलोकन गर्दा निजी विद्यालयका शिक्षकहरूले रूपक विधाको शिक्षण गर्दा पहिले आफूले व्याख्या गरेर विद्यार्थीहरूलाई सस्वर पठन गर्न लगाएको पाइयो भने निजी विद्यालय कै एक शिक्षकले पाठमा भएका पात्रका आधारमा अभिनय गर्दै संवाद गराएर छलफल गरेको पाइयो । त्यसैगरी सरकारी विद्यालयका शिक्षकहरूले रूपक विधाको शिक्षण गर्दा नाटकीकरण, छलफल, कुराकानी, भूमिका अभिनय, सस्वर पठन, शब्दार्थ, व्याख्या, प्रश्नोत्तर, संवाद, पठनबोध, बहस, वादविवाद लेखन, मनोवाद रचना, भाषण, मौलिक प्रतिवेदन आदि जस्ता विधि तथा कार्यकलापहरू सञ्चालन गर्न सकिने बताए भने आफूले कक्षाकोठामा नाटकीकरण, छलफल, सस्वर पठन, प्रश्नोत्तर आदि विधिको प्रयोग गर्ने बताए तर प्रत्यक्ष कक्षा अवलोकन गर्दा २ जना शिक्षकले पहिले सस्वर वाचन गर्न लगाई छलफल प्रश्नोत्तर गर्दै अन्त्यमा पाठमा प्रयुक्त पात्रका आधारमा भूमिका

अभिनय गराएको पाइयो भने एकजना शिक्षकले पाठमा प्रयुक्त पात्रका आधारमा विद्यार्थीहरूलाई पालैपालो संवाद गर्न लगाई छलफल गरेको पाइयो ।

रूपक विधाको शिक्षण गर्दा विद्यार्थीहरू कत्तिको सक्रिय हुन्छन् भन्ने प्रश्नको उत्तरमा निजी विद्यालयका २ जना शिक्षकहरूले रूपक विधा मनोरञ्जनात्मक विधा भएकोले विद्यार्थीहरू पूर्णरूपमा सक्रिय हुन्छन् भन्ने प्रतिक्रिया दिए भने एकजना शिक्षकले विद्यार्थीहरू अभिनय गर्न लजाउने हुनाले उत्सुक देखिँदैनन् भन्ने प्रतिक्रिया दिए । त्यसैगरी सरकारी विद्यालयका तीनै जना शिक्षकहरूले रूपक विधाको शिक्षण गर्दा विद्यार्थीहरू पूर्णरूपमा सक्रिय हुने बताए तर रूपक विधाको शिक्षण गराउँदा गराउँदै प्रत्यक्ष कक्षा अवलोकन गर्दा निजी विद्यालयका विद्यार्थीहरू अभिनय गर्न कमै उत्सुक भएको देखिए र अभिनय गर्न खोज्ने विद्यार्थीहरू पनि असहज तरिकाले कक्षा कार्यकलापमा सहभागी भएको पाइयो । उता सरकारी विद्यालयका विद्यार्थीहरू भने अभिनय गर्न ज्यादै उत्सुक देखिए र अभिनयका क्रममा हाउभाउ मुखमुद्रा समेत मिलाएको पाइयो तर कक्षा कार्यकलाप गराउँदा सरकारी विद्यालयका विद्यार्थीहरू अनियन्त्रित भएर होहल्ला समेत गरेको पाइयो ।

रूपक विधाको शिक्षणका क्रममा देखिने समस्याहरूको अध्ययन गर्दा सरकारी तथा निजी विद्यालयका शिक्षकहरूको प्रतिक्रिया प्रायः एकै भएको पाइयो । रूपक विधा गेयात्मक र अभिनयात्मक विधा भएकाले यसको शिक्षण गर्दा समान सहभागिता, कक्षा व्यवस्थापन, सामग्रीको अभाव, मञ्चन स्थलको अभाव, समयको अभाव आदि जस्ता समस्याहरू आइपरेको पाइयो ।

रूपक विधाको शिक्षण गर्नु र अन्य विधाको शिक्षण गर्नुमा के अन्तर छ भनी निम्नमाध्यमिक तहका नेपाली भाषा पढाउने सरकारी तथा निजी विद्यालयका शिक्षकहरूलाई प्रश्न गर्दा धेरै फरक छ भन्ने उत्तर पाइयो । निजी विद्यालयका शिक्षकहरूले यो विधा अभिनयात्मक विधा भएकाले यसको शिक्षण गर्दा अभिनय तथा नाटकीकरण विधिको बढी प्रयोग हुन्छ तर अन्य विधाको शिक्षण गर्दा अभिनय, नाटकीकरण बाहेकका विधिहरूको मात्र प्रयोग गरिने कुरा बताए । सरकारी विद्यालयका शिक्षकहरूले पनि रूपक विधाको शिक्षण गर्नु र अन्य विधाको शिक्षण गर्नुमा अभिनय र नाटकीकरण कै कारण धेरै अन्तर हुने कुरा बताए । रूपक विधाको शिक्षण गर्दा विद्यार्थीहरूले अभिनय तथा नाटकीकरण गर्ने हुनाले विद्यार्थीहरू बढी सक्रिय हुने र अन्य विधाको शिक्षण गर्दा शिक्षक मात्र बढी सक्रिय हुने

कुरा बताए । तर प्रत्यक्ष कक्षा अवलोकन गर्दा सरकारी तथा निजी विद्यालयका प्रायः सबै शिक्षकहरूले रूपक विधाको शिक्षण गर्दा अभिनय र नाटकीकरणलाई कमै प्रयोग गरेको पाइयो र विद्यार्थीहरूलाई सस्वरवाचन तथा संवाद गराई छलफल गरेको पाइयो ।

यसरी निम्नमाध्यमिक तहको कक्षा ६ मा शिक्षण गराउने सरकारी तथा निजी विद्यालयका शिक्षकहरूले रूपक विधाको शिक्षण गर्दा अवलम्बन गर्ने कार्यकलापहरूको अध्ययन गर्दा रूपक विधा एक मनोरञ्जनात्मक, अभिनयात्मक र दृश्यात्मक विधा भएकाले यसको शिक्षण गर्दा भूमिका अभिनय र नाटकीकरण विधिलाई बढी महत्त्व दिई अन्य प्रश्नोत्तर, छलफल, शब्दार्थ शिक्षण, सस्वरवाचन, मौनवाचन जस्ता विधिहरूको समेत प्रयोग गरेर कक्षा कार्यकलाप गरी रूपक शिक्षण प्रभावकारी हुने देखिन्छ । रूपक विधाको शिक्षण गर्दा विद्यार्थीहरू पनि सक्रिय भई आफैं कक्षा कार्यकलापमा सहभागी हुने र अभिनय तथा नाटकीकरण समेत गरी छलफल हुने भएकाले विद्यार्थीहरूको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्ने अवसर मिल्ने हुनाले यस प्रकारको सिकाइ अमिट रहने कुरामा कुनै दुई मत छैन ।

# अध्याय - पाँच

# उपसंहार तथा निष्कर्ष

एउटै कक्षाका एकै समयका दुई भाषा पाठ्यपुस्तक भित्र समाविष्ट रूपक विधाको स्तरीयता, पाठहरूको छनोट र स्तरण, भाषिक सीपको तुलनात्मक विश्लेषण तथा कार्यकलापको विश्लेषण यस शोधपत्रको प्रमुख विषय हो । तसर्थ यी दुई भाषा पाठ्यपुस्तकका विवेच्य पाठहरूको निष्कर्ष निम्नानुसार उल्लेख गरिउको छ -

## ५.१ 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङ्खला' भित्र समाविष्ट रूपक विधाका विवेच्य पाठहरूको तुलनात्मक अध्ययनको निष्कर्ष

१. नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित निम्नमाध्यमिक तह कक्षा-६ को नेपाली भाषा पाठ्यपुस्तक भित्र समाविष्ट रूपक विधाका पाठहरू पाठ्यक्रमले निर्धारण गरेअनुसार छनोट र स्तरण गरिएको हो ।

२. निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम (२०५८) मा विधाको क्षेत्र र क्रम अनुसार कक्षा -६ का लागि एउटा संवाद र एउटा वादविवाद समावेश गर्नु पर्ने उल्लेख गरिएको छ । सो निर्देशनको अधिनमा रही 'हाम्रो नेपाली किताब' मा पनि 'आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ' संवाद र 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ' वादविवाद समावेश गरिएको पाइन्छ ।

१) 'हाम्रो नेपाली किताब' कक्षा -६ मा दुईवटा रूपक विधाका पाठहरू पाठ्यक्रमको निर्देशनका आधारमा राखिएको छ । तर 'नयाँ नेपाली शृङखला' कक्षा-६ मा चारवटा रूपक विधाका पाठहरू राखिएका छन् ।

२) निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम (२०५८) ले कक्षा-६ का लागि एउटा संवाद र एउटा वादविवाद समावेश गर्नुपर्ने उल्लेख गरेको छ । यसै अनुरूप 'हाम्रो नेपाली किताब' मा एउटा संवाद र एउटा वादविवाद राखिएको छ । तर 'नयाँ नेपाली शृङखला' मा दुईवटा वादविवाद र दुईवटा एकाङ्की समावेश गरिएको छ । यसरी हेर्दा 'नयाँ नेपाली शृङखला' पाठ्यपुस्तकले नेपाली भाषा पाठ्यक्रमलाई नै लत्याएर अघि बढेको देखिन्छ ।

३) निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम (२०५८) ले कक्षा-६ मा जम्मा २१-२४ पाठहरूको वितरण गरेकोमा 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङखला' दुवैमा २२/२२ वटा पाठ संख्या समावेश गरिएको छ ।

४) यी दुई भाषा पाठ्यपुस्तक भित्र समाविष्ट रूपक विधाका पाठ्यसामग्रीहरू कक्षा-६ का बालबालिकाहरूको स्तर, रुचि, भाषिक क्षमता आदिका आधारमा तुलना गर्दा 'हाम्रो नेपाली किताब' भित्र समाविष्ट रूपक विधाका पाठहरू पाठ्यक्रम को निर्देशनमा रही स्तर सुहाउँदा आकार-प्रकारमा छनौट तथा स्तरण गरिएको छ तर 'नयाँ नेपाली शृङखला' भित्र समाविष्ट रूपक विधाका पाठहरू केही लामा, अप्ठ्यारा शब्द तथा पदावलीको प्रयोग, उखान टुक्का र आगन्तुक शब्दहरूको समेत प्रयोग गरिएकोले स्तर सुहाउँदो छनौट तथा स्तरणमा ध्यान नपुऱ्याएको पाइन्छ । साथै पाठ्यक्रमको निर्देशनलाई समेत वास्ता नगरेको पाइन्छ ।

५) भाषिक सीप आर्जनका दृष्टिले 'हाम्रो नेपाली किताब' र 'नयाँ नेपाली शृङखला' दुवैले सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई समान रूपले हेर्न खोजको भएपनि सुनाइ, बोलाइ र पढाइको तुलनामा लेखाइलाई अलि कम महत्त्व दिएको पाइन्छ ।

६) भाषा शिक्षणका सन्दर्भमा यी दुई भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक विधाका पाठहरू 'सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ', 'गाउँले जीवन भन्दा सहरिया जीवन बेस' र 'धनभन्दा विद्या ठूलो' वादविवादलाई औपचारिक रूपमा कार्यक्रम सञ्चालन गरी प्रयोग गर्न सकिन्छ र 'आफ्नै खुट्टामा उभिन सिक्नु पर्छ' संवादलाई पनि औपचारिक तथा अनौपचारिक रूपमा सञ्चालन गर्न सकिन्छ तर 'नयाँ नेपाली शृङखला' मा समाविष्ट 'गंगारामको न्याय' र 'उत्तम हाम्रो भाइ हो' एकाङ्कीलाई औपचारिक रूपमा सञ्चालन गरी प्रयोग गर्न नसक्ने अवस्था छ ।

७) रूपक विधाका पाठहरूको शिक्षणका क्रममा गराइने कार्यकलापको अध्ययन गर्दा सरकारी तथा निजी दुवै विद्यालयका शिक्षकहरूले विभिन्न विधिको प्रयोग गरेर कार्यकलाप गर्न सकिने बताए भने रूपक शिक्षणका लागि अभिनय, छलफल, नाटकीकरण, प्रश्नोत्तर, शब्दार्थ शिक्षण जस्ता विधिहरू महत्त्वपूर्ण हुने बताए ।

८) प्रत्यक्ष कक्षा अवलोकन गर्दा निजी विद्यालयको 'नयाँ नेपाली शृङ्खला' मा समाविष्ट रूपक विधाका पाठहरूको शिक्षण गर्ने ३ जना शिक्षकहरूमा दुईजना शिक्षकहरूले आफूले व्याख्या गरेर विद्यार्थीहरूलाई सस्वर पठन गर्न लगाएको पाइयो भने १ जना शिक्षकले पाठमा भएका पात्रका आधारमा अभिनय गरी संवाद गर्दै छलफल गरेको पाइयो । उता सरकारी विद्यालयको 'हाम्रो नेपाली किताब' मा समाविष्ट रूपक विधाका पाठहरू शिक्षण गर्ने ३ जना शिक्षकहरूमा २ जनाले पहिले सस्वरवाचन गर्न लगाई छलफल, प्रश्नोत्तर गर्दै अन्त्यमा भूमिका अभिनय समेत गराएको पाइयो भने १ जना शिक्षकले रूपक विधाका पाठहरू पालैपालो संवाद गर्न लगाई छलफल गरेको पाइयो ।

९) रूपक विधाको शिक्षण गर्दा निजी विद्यालयका विद्यार्थीहरू कमै सक्रिय हुने र सरकारी विद्यालयका विद्यार्थीहरू बढी सक्रिय हुने शिक्षक प्रतिक्रिया पाइयो । तर प्रत्यक्ष कक्षा अवलोकन गर्दा निजी विद्यालयका विद्यार्थीहरू सरकारी विद्यालयका भन्दा कमै अभिनय तथा नटकीकरणमा भाग लिएको पाइयो भने सरकारी विद्यालयका विद्यार्थीहरू चाहिँ सहभागी हुन चाहेपनि बढी अनियन्त्रित देखिए ।

१०) रूपक विधाको शिक्षण गर्दा सरकारी तथा निजी विद्यालयका शिक्षकहरूले समान सहभागीता, कक्षा व्यवस्थापन, पर्याप्त सामग्रीको अभाव, मञ्चन स्थलको अभाव, पर्याप्त समयको अभाव जस्ता समस्याहरू देखा परेको पाइयो ।

११) रूपक विधाको शिक्षण गर्नु र अन्य विधाको शिक्षण गर्नु अभिनय र नाटकीकरण अन्तर हुने कुरा दुवै विद्यालयका शिक्षकहरूको प्रतिक्रिया पाइयो ।

## ५.२ ' हाम्रो नेपाली किताब' कक्षा-६ को रूपक विधाका पाठहरूको सबल तथा दुर्बल पक्षहरू

१) नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरको पाठ संख्या, विधागत छनोट तथा स्तरण, कक्षाको स्तर र अङ्कभार समेतलाई ध्यान दिई पाठ्यपुस्तक तयार हुनु यसको सबल पक्ष मानिन्छ ।

२) नेपाली भाषा पाठ्यक्रममा निर्धारण गरिएका साधारण र विशिष्ट उद्देश्यलाई ध्यानमा राखी रूपक विधाका २ वटा पाठ संवाद र वादविवाद राखिनु सबल पक्ष मानिन्छ ।

३) पाठ्यसामग्री समय सापेक्ष, उपयोगी र व्यवहारमूलक हुनुका साथै शब्दभण्डारमा समेत जोड दिनु यसको सबल पक्ष मानिन्छ ।

४) रूपक विधाका पाठहरूमा सरल शब्द तथा वाक्यहरूको प्रयोग गरी स्तर अनुकूल भाषा शैलीको प्रयोग गरिनु सबल पक्ष मानिन्छ ।

५) निम्नमाध्यमिक तह माध्यमिक तहका लागि पूर्वाधारका रूपमा रहेको र विद्यार्थीको सिकाइको पूर्वक्षमता आवश्यकता, रुचि, मानसिकता, दक्षतालाई ख्याल गर्ने रूपक विधाकापाठहरू राखी अभिव्यक्ति क्षमताको विकासमा सचेतता अपनाइनु सबल पक्ष मानिन्छ ।

६) भाषिक सीप आर्जन गर्ने खालका पाठहरू समावेश गर्नु उपयुक्त देखिन्छ तर सुनाइ, बोलाइ, पढाइ र लेखाइ सबै सीपहरू समान रूपले प्रयोग हुन नसक्नु यसको दुर्वल पक्ष मानिन्छ ।

## ५.३ 'नयाँ नेपाली शृङ्खला' कक्षा- ६ को रूपक विधाका पाठहरूको सबल तथा दुर्वल पक्षहरू

१) नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरेको भाषाका विशिष्ट उद्देश्य प्राप्तिमा जोड दिनु यसको सबल पक्ष मानिन्छ ।

२) नेपाली भाषा पाठ्यक्रमले निर्धारण गरे अनुसारका रूपक विधाका पाठहरू समावेश गर्नु सबल पक्ष मानिन्छ तर पाठ्यक्रमको निर्देशनलाई ख्याल नगरी रूपक विधाको उपविधाका रूपमा एकाङ्की समेत समावेश गरी ४ वटा पाठ राखिनु यसको दुर्बल पक्ष मानिन्छ ।

३) रूपक विधाको उपविधाका रूपमा वादविवाद समावेश गरी विद्यार्थीहरूको भाषिक अभिव्यक्तिगत क्षमतालाई उजागर गर्नु सबल पक्ष मान्न सकिन्छ तर विद्यार्थीको स्तर र क्षमतालाई ख्याल नगरी 'धनभन्दा विद्या ठूलो' जस्तो जटिल वादविवाद राखिनु दुर्बल पक्ष मानिन्छ ।

४) रूपक विधाको उपविधाका रूपमा रहेको वादविवाद र एकाङ्कीमा प्रयुक्त शब्द, वाक्य तथा भाषाशैली स्तर अनुकूल नहुनु दुर्बल पक्ष मान्न सकिन्छ ।

५) भाषाका चारवटै सीपलाई समानरूपमा प्रस्तुति गर्न नसक्नु यसको दुर्बल पक्ष मानिन्छ ।

## ५.४ शोधको शैक्षिक प्रयोजन

१) यस शोधले भावी अनुसन्धाताका लागि रूपक विधासँग सम्बन्धित भई शोध तथा अनुसन्धान गर्न आधार प्रदान गर्नेछ ।

२) निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिउका रूपक विधाका पाठहरू पाठ्यक्रमका उद्देश्य अनुरूप भए नभएको अध्ययन गरी सुधार गर्न प्रस्तुत शोधले सघाउ पुऱ्याउनेछ ।

३) रूपक विधा अन्तर्गतका नाटक, एकाङ्की, संवाद, वादविवाद, मनोवाद, वक्तृता जस्ता पाठहरूको विधागत संरचनाको अध्ययन गर्न केही हदसम्म सघाउ पुऱ्याउनेछ ।

४) निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट रूपक विधासँग सम्बन्धित पाठहरूका कमजोरी पहिचान गर्न सहयोग गर्नेछ ।

५) सरकारी र निजी विद्यालयका नेपाली भाषा पाठ्यपुस्तकका बारेमा चासो राख्ने पाठकका लागि यसले सैद्धान्तिक तथा व्यवहारिक ज्ञान प्रदान गर्न सहयोग गर्नेछ ।

६) सरकारी र निजी विद्यालयका शिक्षकहरूले रूपक विधाको शिक्षण गर्दा अपनाउने कार्यकलापहरूको तुलनात्मक अध्ययन समावेश गरिएकोले भाषा शिक्षकलाई के कस्ता शिक्षण सीप प्रदान गर्न उपयोगी हुन्छ सो सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्न सहयोग गर्नेछ ।

७) सरकारी र निजी विद्यालयमा रूपक शिक्षण सम्बन्धी समस्याहरूको पहिचान गरी समाधानका आवश्यक उपायहरू अवलम्बन गर्न सघाउ पुऱ्याउनेछ ।

८) रूपक शिक्षणका विभिन्न विधिहरूको पहिचान गरी विद्यार्थी केन्द्रित विधिहरूको छनौट गर्न सघाउ पुऱ्याउनेछ ।

९) नेपाली भाषा शिक्षकहरूलाई रूपक विधाका बारेमा सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान हासिल गरी आफ्ना कमजोरी सुधार्न सघाउ पुऱ्याउनेछ ।

## ५.५ भावी अनुसन्धानका लागि रूपक विधाबाट लेख्न सकिने सम्भावित केही शीर्षकहरू

१) नि.मा.तहको नेपाली भाषा शिक्षणमा रूपक विधाको आवश्यकता र महत्व,

२) पुरानो 'हाम्रो नेपाली किताब' कक्षा -७ र नयाँ 'हाम्रो नेपाली किताब' कक्षा -७ मा समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन

३) 'हाम्रो नेपाली किताब' कक्षा -७ र 'नयाँ नेपाली शृङ्खला' कक्षा-७ का रूपक विधाको तुलनात्मक अध्ययन

४) माध्यमिक तह र निम्नमाध्यमिक तहका रूपक विधाका पाठहरूको पारस्पारिक सम्बन्धको विश्लेषण

५) 'हाम्रो नेपाली किताब' कक्षा -६ मा प्रयुक्त रूपक विधाका पाठबाट विद्यार्थीहरूले प्राप्त गर्ने शब्दभण्डारको अध्ययन तथा विश्लेषण

६) भाषिक सीप आर्जनका दृष्टिले 'हाम्रो नेपाली किताब' कक्षा -६ मा प्रयुक्त कथा र रूपक विधाको तुलनात्मक अध्ययन ।

## ५.६ सुझावहरू

१) निम्नमाध्यमिक तहमा रूपक विधाका संवाद र वादविवादका पाठहरू मात्र होइन वक्तृता, मनोवाद र एकाङ्कीसम्मका पाठहरू कक्षाको स्तर हेरी राखिनु पर्दछ ।

२) भाषिक सीप आर्जनमा भाषाका अन्य विधा कथा, कविता, निबन्ध, प्रबन्ध र जीवनीले भन्दा रूपकले अझ बढी प्रभाव पार्ने हुँदा सबै विधाका पाठहरू समान रूपमा विस्तरण गरिनु उपयुक्त हुन्छ ।

३) निजी विद्यालमा उपयोग गरिने भाषा पाठ्यपुस्तकहरू पाठ्यक्रमको निर्देशन अनुसार तयार पारी नेपाल सरकारको सम्बन्धित निकायबाट परीक्षण गरेर मात्र स्वीकृति दिनु उपयुक्त हुन्छ ।

४) निजी विद्यालयको नेपाली भाषामा बालबालिकाहरू पछि पर्नुको कारण स्तरीय पाठ्यपुस्तक नहुनु हो । त्यसैले निजी विद्यालयको पाठ्यपुस्तकमा स्तरीय पाठ्यसामग्रीको छनोट गरी प्रयोगमा ल्याउनु पर्ने देखिन्छ ।

५) रूपक विधाको शिक्षण गर्दा अभिनय र नाटकीकरणको माध्यमबाट विद्यार्थीहरूलाई आकर्षित गरी भाषिक सीप विकास गर्न भाषा शिक्षकहरू सचेत हुनु पर्दछ ।

६) रूपक विधाको शिक्षण गर्दा आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापन गरी विद्यार्थीहरूलाई सक्रिय बनाउनु पर्ने देखिन्छ ।

७) प्रत्येक विधाको शिक्षण कार्यकलाप छुट्टाछुट्टै हुने भएकाले रूपक शिक्षण गर्दा अपनाउनुपर्ने विशेष शिक्षण कार्यकलाप अपनाई शिक्षण गर्नुपर्ने देखिन्छ ।

८) रूपक शिक्षणबाट विद्यार्थीहरूको मौखिक अभिव्यक्ति क्षमताको विकास हुने भएकोले सबै भाषा शिक्षकहरूले अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।

९) रूपक विधाको शिक्षण गर्दा भाषाका चारै सीपहरूलाई ध्यान दिई शिक्षण गर्नुपर्ने देखिन्छ ।

# सन्दर्भसूची

## क) पुस्तकसूची


अधिकारी, हेमाङ्गराज (२०५७), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

(२०६३), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि र अन्य (२०५९), **नयाँ नेपाली शृङ्खला, कक्षा ६,** काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्य प्रकाश**, काठमाडौं : अभिव्यक्ति छापाखाना ।

थापा, मोहन हिमांशु (२०५०), **साहित्य परिचय**, काठमाडौं : डबली प्रेस ।

**निम्नमाध्यमिक तहको पाठ्यक्रम**, नेपाली (२०६४), सानोठिमी भक्तपुर : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

पोखेल, बालकृष्ण (२०४०), **बृहत् नेपाली शब्दकोश**, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

भट्टराई, गणेशप्रसाद र पुरूषोत्तम घिमिरे (२०६६), **हाम्रो नेपाली किताब, कक्षा ६,** सानोठिमी भक्तपुर : नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यकम विकास केन्द्र ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शोध विवरण**, काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

लामिछाने, यादवप्रकाश (२०६५), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

**ख) शोधसूची**

गौतम, दुर्गाप्रसाद (२०६५), **कक्षा-सातका 'हाम्रो नेपाली किताब'** र **'मेरो नेपाली माला' भित्र समाविष्ट रूपक विधाको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध पत्र, सुकुना बहुमुखी क्याम्पस, मोरङ्ग : नेपाली भाषा शिक्षा विभाग ।

आचार्य, सुस्मा (२०६३), **भाषिक सीप विकासका लागि नि.मा.वि. तहमा रूपक विधाका माध्यमबाट गराइने कार्यकलापको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

काफ्ले, बिन्दु (२०६५) **माध्यमिक विद्यालय तहमा रूपक विधाका माध्यमबाट गराइने कार्यकलापहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।